सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ फागुन २०८२, सोमबार (9 March 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रास्वपालाई प्रत्यक्षतर्फ ७६ प्रतिशत सिट

समानुपातिकतर्फ ६५ लाख गणना हुँदा ४९% प्राप्त



समानुपातिकमा रास्वपाकै अग्रता

आइतबार राति २ बजेसम्म ६९ लाख ६८ हजार २८५ गणना हुँदा रास्वपालाई ३३ लाख ९३ हजार ६०७ मत प्राप्त भएको छ। यो ४९ प्रतिशत मत हो। ११० सिटको ५० प्रतिशत भनेको ५५ सिट हो। काग्रेसले ११ लाख ४६ हजार १२८ र एमालेले ९ लाख ७१ हजार २३४ मत पाएका छन्। त्यस्तै, नेकपाले ४ लाख ९१ हजार ११४, राप्रपाले २ लाख ३९ हजार १४६ मत प्राप्त गरेका छन्।

प्रत्यक्षतर्फ १४ महिला निर्वाचित

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ उम्मेदवारी दिएका १४ महिला निर्वाचित भएका छन्। रास्वपाबाट १३ र काग्रेसबाट एक महिला निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ। रास्वपाबाट झापा १ मा निशा डाँगी, झापा २ मा इन्दिरा राना, मोरङ ५ मा आशा झा, मोरङ ६ मा रुविना आचार्य र सप्तरी १ मा पुष्पाकुमारी चौधरी निर्वाचित भएका छन्। त्यस्तै, सर्लाही १ मा नितिमा भण्डारी कार्की, महोत्तरी ४ मा गौरी कुमारी, धादिङ १ मा आशिका तामाङ, काठमाडौं १ मा रञ्जु दर्शना, ललितपुर ३ डा. तोसिमा कार्की, चितवन ३ मा सोविता गौतम, कास्की ३ मा विना गुरुङ र कैलाली १ मा कोमल ज्ञवाली निर्वाचित भएका छन्। काग्रेसबाट दैलेख १ मा बासना थापा निर्वाचित भएकी छिन्।

पाँच प्रतिशतभन्दा बढी मत बदर

बिहीबार भएको मतदानमा सरदर ५ प्रतिशत मत बदर भएको छ। निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले प्रत्यक्षतर्फ ५.२८ प्रतिशत मत बदर भएको बताए। उनका अनुसार सबैभन्दा बढी रौतहट ३ मा र सबैभन्दा कम मनाङमा बदर भएको छ। घिमिरेले समानुपातिकतर्फ औसत साढे ३ प्रतिशत मत बदर भएको देखिएको बताए। समानुपातिकतर्फ सबैभन्दा बढी दैलेखमा र कम मनाङमा बदर भएको छ।

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ १६४ सिटमा १२४ सिट हासिल गरेको छ। यो ७६ प्रतिशत हो।

प्रतिनिधिसभाका १६५ सिटमध्ये रास्वपाको उम्मेदवारी नै खारेज गरिएको धनुषा १ को मतपरिणाम सर्वोच्चमा मुद्दा परेकाले 'होल्ड' गरिएको छ। त्यस्तै, आइतबार रातिसम्म रास्वपाले 'लिड' गरेको गोरखा १ को नतिजा आउन बाँकी छ।

प्रत्यक्षतर्फ काग्रेसले १८, एमालेले नौ, नेकपाले सात, श्रम संस्कृतिले तीन, राप्रपाले एक र स्वतन्त्र उम्मेदवारले एक सिट जितेका छन्।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार समानुपातिकतर्फ १५० क्षेत्रमा मतगणना भइरहेको छ। १५ क्षेत्रको गणना सुरु हुने बाँकी छ। समानुपातिकतर्फ एक करोड नौ लाख ७७ हजार ७११ मत खसेकोमा राति १२ बजेसम्म ६५ लाख ७१ लाख मत गनिएको छ। २७ फागुन बिहानसम्म समानुपातिकतर्फको सबै मत गणना भइसक्ने घिमिरेले बताए।

» पृष्ठ २ मा क्रमशः

ओली, लेखक र खापुङलाई कारबाही गर्न जाँचबुझ आयोगको सिफारिस

जेन-जी आन्दोलनमा किशोर-किशोरीमाथि अन्धाधुन्ध गोली चलाएर ज्यान लिएको घटनामा नेतृत्वको हैसियतले भूमिका देखिएपछि तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री र आइजिपी कारबाहीको दायरामा



केपी ओली
तत्कालीन प्रधानमन्त्री



रमेश लेखक
तत्कालीन गृहमन्त्री



चन्द्रकुवेर खापुङ
तत्कालीन आइजिपी

● प्रतिवेदन बुझाएपछि जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले भने- २३ गतेको घटनामा गोली हान्ने, हान्न लगाउने र गोली हान्न नरोक्ने सबैलाई कारबाही गर्न सिफारिस गरेका छौं। घटना हुँदा तत्कालीन सरकारको जिम्मेवार तहमा जो-जो थिए, उनीहरू सबै परेका छन्। उनीहरू को-को छन् ? त्यसको सार्वजनिक सरकारले गर्ला। र, कारबाही पनि उसैले गर्ला। त्यस्तै, २४ भदौमा भएको घटनामा दोषी देखिएकाहरूलाई पनि कारबाही गर्न सिफारिस गरेका छौं।



टेकराज थामी/नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा भदौ २३-२४ मा भएका गोलीकाण्ड र आगजनीका घटनामाथि छानबिन गर्न गठित जाँचबुझ आयोगले भूमिका औंल्याउँदै तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक र प्रहरी प्रमुख चन्द्रकुवेर खापुङलगायतलाई कारबाही गर्न सिफारिस गरेको छ। आइतबार आयोगले प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाए पनि आयोग पदाधिकारीले भने कारबाहीका लागि सिफारिसको नाम खुलाएका छैनन्। साथै तत्कालीन

» पृष्ठ २ मा क्रमशः

■ ओलीले गुन्डु पुगेका नेताहरूसँग भन्ने गरेका छन्-

ममाथि धरपकड हुन सक्छ, सामना गर्न तयार रहनू

एमाले अध्यक्ष केपी ओलीले आफूमाथि सरकारले धरपकड गर्न सक्ने भन्दै सामनाका लागि तयार रहन निकटस्थ नेताहरूलाई भनेका छन्। चुनावी नतिजा पराजितउन्मुख देखिएपछि शनिबार आफूलाई भेट्न गुन्डु पुगेका केही केन्द्रीय सदस्य र नेताहरूलाई ओलीले यस्तो ब्रिफिङ गरेका हुन्। 'अब बन्ने रास्वपा सरकारले विभिन्न हतकन्डा अपनाउने, धरपकड गर्ने र हामीलाई जेल हाल्ने तयारी भइरहेको छ, सबै परिस्थितिको सामना गर्न तयार हुनुपर्छ,' ओलीलाई उद्धृत गर्दै एक नेताले भने।

■ प्रतिवेदनमाथि प्रधानमन्त्री कार्कीले थालिन् छलफल, अब बस्ने मन्त्रिपरिषद् बैठकमा पेस हुने



गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन बुझेलगत्तै प्रधानमन्त्री सुशीला कार्कीले कार्यान्वयनको विषयलाई लिएर परामर्श थालेकी छिन्। आगामी मन्त्रिपरिषद् बैठकमा प्रतिवेदन पेस भएसँगै लाहाछाप खोलिनेछ। त्यसपछि प्रतिवेदनमाथि थप अध्ययन हुनेछ। अध्ययनपछि प्रतिवेदनको गाम्भीर्यतासहितको निचोड निकालिनेछ। र, प्रतिवेदन सार्वजनिक गर्दा-नगर्दाको सुरक्षा खतरा विश्लेषण गरिनेछ। त्यसपछि मात्रै प्रतिवेदनको निचोड सार्वजनिक हुनेछ। 'प्रतिवेदन पेस भएको छ। त्यसलगत्तै प्रधानमन्त्रीज्यू आन्तरिक छलफलमा जुट्नुभएको छ,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले भने, 'प्रतिवेदन अब बस्ने मन्त्रिपरिषद् बैठकमा पेस हुनेछ। प्रतिवेदनको निचोड सार्वजनिक गर्ने प्रधानमन्त्रीज्यूको तयारी छ।' करिब एक हजार पृष्ठको विस्तृत प्रतिवेदन बनाउँदा घटनाक्रमसँग सम्बन्धित दुई सयभन्दा बढी व्यक्तिसँग बयान लिइएको छ। साथै घटनाका क्रममा खिचिएका ३५ हजारभन्दा बढी भिडियो, उपलब्ध सिसिटिभी फुटेज र कल डिटेल्समाथि पनि विस्तृत अनुसन्धान गरिएको छ।

'सर्मनाक' हारपछि ओलीको विकल्प खोज्ने दिशामा एमाले नेता

■ अध्यक्ष केपी ओलीको नेतृत्व फेर्नुपर्ने पक्षमा एमाले पदाधिकारी तहकै नेताहरूले उठाउन थाले आवाज, जिल्ला नेतृत्वले राजीनामा दिएर बढाउन थाले नैतिक दबाब

शुरोजंग पाण्डे/नयाँ पत्रिका

पार्टीले ०४८ यताकै सर्मनाक हार व्यहोरेपछि एमाले पदाधिकारी तहकै नेताहरू अध्यक्ष केपी ओलीको नेतृत्व फेर्नुपर्ने पक्षमा खुल्न थालेका छन्। हारको मुख्य जिम्मेवारी अध्यक्ष ओलीले लिनुपर्ने निष्कर्षसहित चुनावी समीक्षा गर्नुपर्ने भन्दै नेताहरू क्रमशः पार्टी नेतृत्व पुनर्गठनको पक्षमा खुल्न थालेका हुन्।

०७९ मा ७९ सिट जितेको एमाले यो निर्वाचनमा प्रत्यक्षतर्फ सात सिटमा

» पृष्ठ २ मा क्रमशः



अब पनि सच्चिएनौं भने सबै सत्यानाशको बाटोतिर गइन्छ



● **सुरेन्द्र पाण्डे**, पूर्वउपाध्यक्ष

जेन-जी आन्दोलनपछिको बैठकमा तपाईं (ओली)को अनुहार लिएर चुनावमा जान सकिन्न भन्ने कुरा उठेकै हो। उहाँले मलाई बोक्नैपर्दैन, आफैं हिँड्छु, दौडिन्छु, भनेको होइन ? तर, चुनावी प्रचारमा न उहाँ अरू क्षेत्रमा जान सक्नुभो, न अरू उम्मेदवारहरूले नै उहाँलाई प्रचारका लागि बोलाउने अवस्था बन्यो। के उहाँको फोटोसमेत नराखी चुनावको प्रचार गर्नुपर्ने अवस्था आएको होइन ? त्यसैले आजको प्रश्नको सही उत्तर र समस्या समाधानको सही निष्कर्ष खोज्ने हो भने उहाँले आन्दोलन जोगाउन अध्यक्ष पद छोड्न तयार हुनुपर्छ। अहिलेको चुनावी परिणामले करिब सर्वनाश त भइसक्यो, अब पनि सच्चिएनौं भने हामी सबै सत्यानाशको बाटोतिर जानेछौं।



भक्तपुरमा भत्कियो ०४८ देखिको नेमकिपाको किल्ला

पछिल्लो समय भक्तपुरमा खुम्चिएको नेमकिपा यसपटक संसद्बाहिर

रास्वपाको लहरले मोरङमा तोडियो कोइरालाको विरासत

जनप्रतिनिधिबाट राजीनामा दिएर संघीय सांसद बन्न दौडेका कोशीका आठमध्ये साम्पाङ मात्र सफल

विस्तृत पृष्ठ ३

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

पूर्वबाट उदायो हर्क साम्पाङको श्रम संस्कृति

चार महिनाअघि खुलेको दलले कोशीमा प्रत्यक्षतर्फ तीन सिट जित्यो, समानुपातिकमा थ्रेसहोल्ड कटाएर राष्ट्रिय दल बन्ने सम्भावनातर्फ

श्रम अभियानबाट उदाएका हर्क अब संसद्को आवाज

०७९ को चुनावमा स्वतन्त्र उम्मेदवारी दिएर धरानका मेयर बनेका हर्क साम्पाङले गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि श्रम संस्कृति पार्टी खोलेका थिए। मेयर हुनुअघि उनी सामाजिक अभियन्ता थिए। स्वतन्त्र उम्मेदवारी दिँदा राई एक्लै सडकमा भाषण गर्दै हिँड्थे। त्यसवेला उनले धरानको खानेपानीलाई चुनावी मुद्दा बनाएका थिए।



मेयर निर्वाचित भइसकेपछि पनि उनको नेतृत्वमा देशका विभिन्न ठाउँमा श्रमदान अभियान सञ्चालन भयो। खासगरी कोशी प्रदेशमा श्रमदान अभियान व्यापक बनाए। विभिन्न समूह बनाएर श्रमदानमा होमिएका राईले जेन-जी आन्दोलनलगत्तै प्रतिनिधिसभा निर्वाचनको टुंगो लागेपछि दल दर्ता गरे। दल दर्तापछि देशभर अभियान चलाएर तीन सिट जित्न पनि सफल भए। राईले ०७६ मा धरान उपमहानगरमा भएको उपनिर्वाचनमा पनि मेयरमा प्रतिस्पर्धा गरेका थिए। तर, त्यसवेला उनले ४२२ मत मात्रै प्राप्त गरेका थिए। त्यसपछि ०७९ मा भएको स्थानीय तह निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर मेयर जितेका थिए।



सुनसरी १ बाट जितेपछि समर्थकलाई सम्बोधन गर्दै हर्क साम्पाङ



ध्रुवराज राई
(भोजपुर)



आरेन राई
(खोटाङ)

श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ तीन ठाउँमा जित निकालेको छ। आइतबार राति २ बजेको परिणामअनुसार समानुपातिकतर्फ ६९ लाख ६८ हजार २८५ गणना हुँदा २ लाख ४ हजार ७१५ मत पाएको छ।

● **सागर सिवाकोटी**, युवा विश्लेषक

कोशी नामांकनसम्म चलेको पूर्वको पहिचानको आन्दोलन र आन्दोलन पक्षधरहरूले हर्क साम्पाङमा नेतृत्वको फेस देखेको कारण उनको स्वीकार्यता यो तहमा पुगेको हो। यदि उनको बोलीमा केही नियन्त्रण भएको भए स्वीकार्यताको दायरा अझै फराकिलो हुन सक्थ्यो। पहिचानवादीले हर्कलाई लिडिङ फेसको रूपमा हेरे, जसको फाइदा अहिलेको संसदीय चुनावमा श्रम संस्कृति पार्टीलाई भयो।

झापामा **चिरञ्जीवी घिमिरे**

रास्वपामा उर्लिएको जनउभारले देशभर पुराना दलका 'किल्ला' भत्काउँदा चार महिनाअघि मात्रै जन्मिएको हर्क साम्पाङको श्रम संस्कृति पार्टी भने पूर्वबाट उदाएको छ। धरान उपमहानगरपालिकाका निवर्तमान मेयर साम्पाङ नेतृत्वको दलले कोशी प्रदेशका २८ मध्ये तीन सिटमा जित निकालेको हो।

कोशीमा रास्वपाले १६ सिट जित्दा काग्रेस, एमाले र श्रम संस्कृतिले तीन-तीन सिट आफ्नो पक्षमा पारेका छन्। साम्पाङ आफैं सुनसरी १ बाट निर्वाचित भएका

» पृष्ठ २ मा क्रमशः

कान्छा माननीय जसले ०४८ देखिको कम्युनिस्ट 'किल्ला' भत्काए



● मकवानपुर २ बाट निर्वाचित २५ वर्षीय प्रशान्त उप्रेतीले एमाले सचेतक भइसकेका महेश बर्तौलालाई ११ हजार २०४ मतान्तरले हराए।

● शिक्षाशास्त्र संकायअन्तर्गत नेतृत्व तथा व्यवस्थापन विषयमा स्नातकोत्तर अध्ययनरत प्रशान्तले भने, 'यो मेरो होइन, जनताको जित हो।'

हेटौंडामा **पोष्टराज अधिकारी**

जेन-जी विद्रोहको जगमा भएको प्रतिनिधिसभा चुनावमा ठुलो युवापंक्ति सांसद निर्वाचित भएका छन्। निर्वाचितमध्ये केही जेन-जी छन्। मकवानपुर २ बाट निर्वाचित २५ वर्षीय प्रशान्त उप्रेती, कैलाली २ बाट निर्वाचित २६ वर्षीय केपी खनाल, नवलपरासी पूर्व २ बाट निर्वाचित २६ वर्षीय मनीष खनाल र रुपन्देही २ बाट निर्वाचित २८ वर्षीय सुलभ खरेल जेन-जी उमेर समूहका हुन्।

२५ वर्षीय उप्रेतीले निर्वाचन जितेर माननीय मात्रै बनेनन्, ०४८ देखिको कम्युनिस्ट 'किल्ला' नै भत्काए। उनले एमालेका महेश बर्तौलालाई ११ हजार २०४ मतान्तरले हराए। उप्रेतीले ३० हजार ५० मत पाउँदा बर्तौला १८ हजार

» पृष्ठ २ मा क्रमशः

पाँच पूर्वसुरक्षाकर्मीले जिते चुनाव

सात पूर्वसुरक्षाकर्मी उम्मेदवार थिए, पूर्वआइजिपी खनालको भने हारमा ह्याट्रिक

नयाँ पत्रिका

भखरै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा विभिन्न राजनीतिक दलबाट सात पूर्वसुरक्षाकर्मी चुनावी मैदानमा उत्रिएका थिए। शनिबार बेलुकासम्मको मतपरिणामअनुसार उनीहरूमध्ये दुईजनाले जित हासिल गरेका छन् भने एकजनाले हार व्यहोर्नुपरेको छ। बाँकी चार सुरक्षाकर्मीको मतपरिणाम भने आउन बाँकी छ।

प्राप्त मतपरिणामअनुसार हालसम्म गोविन्द पन्थी र राजु पाण्डेले जित हासिल गरेका छन्। त्यस्तै, सर्वेन्द्र खनालले भने हार व्यहोर्नुपरेको छ। पन्थी राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)बाट गुल्मी २ बाट उम्मेदवार बनेका थिए। उनीसँग चुनावी मैदानमा एमालेबाट गोकर्ण विष्ट र कांग्रेसबाट भुवन श्रेष्ठलगायतका उम्मेदवार चुनावी मैदानमा उत्रिएका थिए। उनीहरूमध्ये पन्थीले १६ हजार ९६७ मतसहित विजयी भएका छन्। उनको निकटतम प्रतिद्वन्द्वी एमाले उपाध्यक्ष गोकर्ण विष्ट १६ हजार ४०६ मत ल्याएका थिए। पन्थी नेपाल प्रहरीको अवकाशप्राप्त डिएसपी हुन्।

रास्वपाकै तर्फबाट चुनावी मैदानमा उत्रिएका राजु पाण्डेले पनि १८ हजार ७५७ मतसहित विजयी भएका छन्। उनका निकटतम प्रतिद्वन्द्वी कुलमान घिसिङले ११ हजार १७१ मत ल्याउन सके। काठमाडौं महानगरपालिकाको नगर प्रहरी प्रमुख पाण्डेले उम्मेदवारी दर्ता गर्नुअघि मात्रै पदबाट राजीनामा दिएका थिए। काठमाडौं-३ बाट चुनावी मैदानमा उत्रिएका उनी प्रस्तावित प्रधानमन्त्रीको दावेदार बालेन्द्र शाह 'बालेन' निटक मानिन्छन्।

एता नेपाल प्रहरीका पूर्व आईजीपी सर्वेन्द्र खनालले भने चुनावमा हार ब्यहोरेका छन्। उनी बारा-४ बाट चुनावी मैदानमा उत्रिएका थिए। उक्त क्षेत्रबाट रास्वपाकै रहबर अन्सारीले ४१ हजार २०० मतसहित बिजयी हाँसिल गरेका छन्। दोस्रोमा एमाले उम्मदेवार कृष्णकुमार श्रेष्ठ ११ हजार ६३९ मत ल्याएका छन्। यसअघि काठमाडौं-६ र उपनिर्वाचनमा तनहुँ-१ बाट उम्मेदवार बनेका उनले दुबै निर्वाचनमा हार व्यहोरेका थिए। संयोग कस्तो भने तीन वटै निर्वाचनमा हराउने रास्वपाका उम्मेदवार रहेका छन्। काठमाडौं-६ उनले शशिर खनाल र तनहुँ-१ मा डा. स्वर्णिम वाग्लेसँग हारेका थिए। दुवै निर्वाचनमा एमालेबाट चुनावी मैदानमा उत्रिएका उनले यस पटक भने आफ्नै नेतृत्वको समुन्नत पार्टी नेपाल खोलेका थिए।

नवलपरासी पश्चिम-१ बाट चुनावी मैदनमा उत्रिएका निवर्तमान सांसद ध्रुबबहादुर प्रधानले चार हजार ६९१ मतसहित चौथोस्थानमा हाँसिल गरेका छन्। नेपाल प्रहरीका पूर्व आईजीपी प्रधान राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)का उम्मेदवार हुन्। उक्त क्षेत्रमा रास्वपा उम्मेदवार नरेन्द्र गुप्ताले ४५ हजार २४१ मत ल्याएर बिजयी भएका छन्। दोसोमा काग्रेस उम्मेदवार भीमबहादुर थापा क्षेत्री(१५,९४५) र तेस्रोमा जनता समाजवादी पार्टी नेपालका देवेन्द्र यादव(७,२१२) छन्।

नेपाल प्रहरीका पूर्वएआइजी विश्वराज पोखरेल रास्वपाबाटै ओखलढुंगाबाट निर्वाचनमा उठेका थिए। उनी शनिवार बेलुकासम्म १३ हजार ९५३ मतसहित बिजयी भएका छन्। उक्त क्षेत्रमा काँग्रेस उम्मदेवार कुमार लुइँटेलले १३ हजार ९४८ मत ल्याएका छन्। दुईबिच जीतको अन्तर मात्रै पाँच मतको छ। सिनियर हुँदाहुँदै १६ महिना जुनियर एआईजी धिरजप्रताप सिंहलाई आईजीपी बनाएरपछि पोखरेलले पदबाट राजीनामा दिएका थिए।

कपिलवस्तु-२ बाट चुनावी मैदानमा उत्रिएका नेपाल प्रहरीका पूर्व एसएसपी विक्रमसिंह थापा २७ हजार ६३५ मतसहति जीत हाँसिल गरेका छन्। उनी पनि रास्वपाबाट उम्मेदवार बनेका हुन्। उनको निटकतम प्रतिद्वन्दी काँग्रेस उम्मेदवार सुरेन्द्रराज आचार्यले २१ हजार ५२७ मत ल्याएका छन्। ०७९ को निर्वाचनका काँग्रेसबाट लुम्बिनि प्रदेश सभा उम्मेदवार बनेका उनी पछि रास्वपा प्रवेश गरेका थिए।

झापा-४ बाट उम्मेवार बनेका शम्भु सुस्केरा भनिने शम्भुप्रसाद ढकालले ४३ हजार ६३१ मत ल्याएर जीत हाँसिल गरेका छन्। रास्वपाबाट चुनावी मैदानमा उत्रिएका उनका निटकमत प्रतिद्धन्दी एमाले नेता एलपी साँवा हुन्। उनले ११ हजार ९८६ मत ल्याएका छन्। ढकाल नेपाल प्रहरीका पूर्व सई हुन्। उनी रास्वपाका झापा सचिव हुन्। उन ०७९ को निर्वाचनमा पनि सोही क्षेत्रबाट उम्मेदवार बनेका थिए। उनले त्यसबेला १४ हजार ६९ मत ल्याएका थिए। त्यस बेला साँवाले २९ हजार ३१५ मत ल्याएर विजयी भएका थिए।

रास्वपालाई...

पृष्ठ १ बाट क्रमशः

समानुपातिकतर्फ थ्रेसहोल्ड कटाउन सदर मतको तीन प्रतिशत मत ल्याउनुपर्छ। यसमा सरदर साढे तीन प्रतिशत मत बदर भएको छ। मतगणना सम्पन्न भएपछि थ्रेसहोल्ड पार गरेका दलहरूले प्राप्त गरेको मतका आधारमा आयोगले सम्बन्धित दलको तर्फबाट निर्वाचित हुने सांसदको संख्या निर्धारण गर्ने घिमिरेले बताए।

'निर्धारित संख्यामा समानुपातिक क्लस्टरअनुसारको प्रतिनिधित्व हुने गरी निर्वाचित हुने सांसदको नाम सिफारिस गर्न आयोगले राजनीतिक दलहरूलाई पत्राचार गर्नेछ,' उनले भने, 'दलहरूले बन्दसूचीभित्रबाट नाम सिफारिस गरेपछि सो नामावली समावेशी क्लस्टरबमोजिम मिले-नमिलेको रुजु गरी समानुपातिकतर्फका निर्वाचित सांसदको नाम यकिन गरी प्रमाणपत्र उपलब्ध गराउने कार्य गर्नेछ।' ५ चैतभित्र यी सबै काम सम्पन्न गरिसक्ने लक्ष्यसहित आयोगले काम गरिरहेको सूचना अधिकारी घिमिरेले बताए।

रास्वपाका ११ उम्मेदवारले कटाए ५० हजार मत

प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपाका ११ उम्मेदवारले ५० हजारभन्दा धेरै मत पाएका छन्। प्रधानमन्त्रीको उम्मेदवार रहेका रास्वपा वरिष्ठ नेता बालेन शाहसहित ११ जनाले ५० हजार मत कटाएका हुन्। बालेनले झापा ५ बाट ६८ हजार ३४८ मत प्राप्त गरे। संसदीय चुनावको इतिहासमा उनले सर्वाधिक मतको रेकर्डसमेत बनाएका छन्। दोस्रो धेरै मत झापाबाटै पूर्वउपसभामुख इन्दिरा रानामगरले पाइन्। उनले ६० हजार ११० मत पाइन्। तेस्रो धेरै मत चितवन ३ बाट सोविता गौतमले पाएकी छिन्। उनले ५९ हजार २७७ मत पाइन्। त्यस्तै, रूपन्देही ३ मा डा. लेखजंग थापाले ५८ हजार ८१४, चितवन १ मा हरि ढकालले ५८ हजार ८०८, रूपन्देही २ मा सुलभ खरेलले ५६ हजार ५५५ मत प्राप्त गरी सानदार जित हासिल गरेका छन्।

सातौं धेरै मत मोरङ ५ बाट निर्वाचित रुविना आचार्यले प्राप्त गरिन्। उनले ५५ हजार ५१५ प्राप्त गरेकी हुन्। रूपन्देही १ मा सुनील लम्सालले ५४ हजार ८४५, चितवन २ मा रवि लामिछानेले ५४ हजार ४०२, काभ्रे २ मा बदन भण्डारीले ५३ हजार ३४४ र नवलपुर १ मा राजन गौतमले ५० हजार ९४५ मत प्राप्त गरेका छन्। रास्वपाबाहेक अन्य दलका उम्मेदवारले ५० हजार मत कटाउन नसकेको आयोगको तथ्यांकले देखाएको छ।

धेरै मतान्तरमा जितेका नेता र क्षेत्र

रास्वपाका उम्मेदवारले प्रतिस्पर्धीलाई भारी मतान्तरले हराएका छन्। रुपन्देही ३ बाट रास्वपाका लेखजंग थापाले कांग्रेसका सुशील गुरुङलाई ५० हजार ३७९ मतले हराएका छन्। झापा ५ मा प्रधानमन्त्रीका उम्मेदवार बालेनले पूर्वप्रधानमन्त्री केपी ओलीलाई ४९ हजार ६१४ मतले पराजित गरेका छन्। ६८ हजार ३४८ मत पाएका बालेनले ओलीलाई १८ हजार ७३४ मतमा रोके।

झापा २ मा पूर्वसभामुख इन्दिरा रानामगरले ४८ हजार ७४२ मतान्तरले जितेकी छिन्। ६० हजार ११० मत पाएकी उनले पूर्वसभामुख देवराज घिमिरेलाई ११ हजार ३६८ मतमै रोकेकी छिन्।

त्यस्तै, मोरङ ६ मा रुविना आचार्य ४२ हजार ६६३ मतान्तरले विजयी भएकी छन्। ५५ हजार ५१३ मत ल्याएकी उनले कांग्रेसका शेखर कोइरालालाई १२ हजार ८५० मतमै रोकेकी छन्।

सुनसरी २ मा लालविक्रम थापा ४१ हजार २७७ मतान्तरले विजयी भएका छन्। सर्लाही १ मा नितिमा भण्डारी कार्की ३६ हजार ३१० मतान्तर र काभ्रे २ मा बदनकुमार भण्डारी ३५ हजार ४७६ मतान्तरले विजयी भएका छन्। झापा १ निशा डाँगी ३५ हजार मतान्तरले जितेकी छिन्। ललितपुर ३ मा तोसिमा कार्की ३४ हजार ५१ मतान्तरले जितेकी छिन्। सर्लाही २ मा रविन महतोले ३३ हजार ९८९ मतान्तर, सर्लाही ३ मा नरेन्द्र साह कलवार ३३ हजार ५५२ मतान्तरले विजयी भए। धनुषा चारमा राजकिशोर महतो ३२ हजार ४६१ मतान्तरले जितेका छन्। ललितपुर २ मा जगदीश खरेलले ३२ हजार ७१ मतान्तरले जितेका छन्। सिराहा १ मा बब्लु गुप्ताले ३१ हजार ५३८ मतान्तरले जितेका छन्। झापा ४ मा शम्भुप्रसाद ढकाल ३१ हजार ६४५ मतान्तरले विजयी भएका छन्। धनुषा २ मा विजयी रामविनोद यादवको ३१ हजार ४३९ मतान्तर छ। भक्तपुर २ मा राजीव खत्रीको ३१ हजार ३३८ मतान्तर छ। बारा ३ मा अरविन्द साह ३० हजार ६४५ मतान्तर, सप्तरी १ मा पुष्पाकुमारी चौधरीले ३० हजार ३४८ मतान्तरले जितेकी छिन्।

बारा ४ मा रहवर अन्सारी २९ हजार ५६१ मतान्तर र सिराहा ४ मा तपेश्वर यादव २८ हजार २३८ मतान्तरले जितेका छन्। मोरङ ४ मा सन्तोष राजवंशीले २८ हजार १५, धनुषा ३ मा मनीष झा २७ हजार ३३६ मतान्तरले जितेका छन्। सिराहा २ मा रामशंकर यादवले २६ हजार ७४७ मतान्तरले जितेका छन्। सुनसरी ३ मा अशोक चौधरी २६ हजार ९२० मतान्तर, महोत्तरी ३ मा उज्ज्वलकुमार झा २६ हजार ४८२ मतान्तर, सुनसरी चारमा दीपककुमार साह २६ हजार १८४ मतले विजयी भएका छन्। त्यस्तै, बारा १ मा गणेश धिमाल २५ हजार ७७५ मतान्तरले विजयी भएका छन्। काठमाडौं २ मा सुनील केसी २५ हजार ३६४ मतान्तर, मोरङ २ कृष्णकुमार कार्की २५ हजार ३ सय मतान्तरले विजयी भएका छन्।

सप्तरी ४ मा सीताराम साह २३ हजार ३०९ मतान्तरले जितेका छन्। सिराहा ३ मा शम्भुकुमार यादव २२ हजार ९३ मतान्तर, महोत्तरी १ मा दीपककुमार साह २२ हजार ५२४ मतान्तर, महोत्तरी १ मा प्रमोदकुमार महतो २२ हजार १२ मतान्तर र महोत्तरी ४ मा गौरी कुमारीले २१ हजार ३९० मतान्तरले जितेकी छिन्।

झापा ३ मा प्रकाश पाठकले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई २१ हजार ३८० मतान्तरले हराएका छन्। बारा २ मा चन्दनकुमार सिंह २१ हजार ३९४ मतान्तर र मोरङ ५ मा आशा झा २१ हजार १९ मतान्तरले विजयी भएकी छिन्। रौतहट ४ मा गणेश पौडेल २१ हजार ११ मतान्तरले विजयी भएका छन्।

ओली, लेखक...

पृष्ठ १ बाट क्रमशः

राजनीतिक तथा सुरक्षा नेतृत्वलाई कस्तो कारवाहीका लागि सिफारिस भएको छ भन्नेबारे पनि आयोग पदाधिकारीले खुलाएका छैनन्।

६ महिनाको अध्ययनपछि बुझाइएको प्रतिवेदनको संवेदनशीलता हेरेर पूर्ण वा आंशिक सार्वजनिक गर्ने भन्नेसहित यसलाई कार्यान्वयनमा लैजानेबारे निर्णय मन्त्रिपरिषद् बैठकले गर्नेछ। निर्वाचनपूर्व प्रतिवेदन बुझाउँदा आउन सक्ने सम्भावित जोखिमसमेत हेरेर आयोगले 'होल्ड'मा राखेको थियो। करिब एक हजार पृष्ठको विस्तृत प्रतिवेदनले घटनाका जिम्मेवार व्यक्तिहरू पहिचान गर्दै कानुनी कारबाहीको बाटो खोले पनि अब मुख्य प्रश्न यसको कार्यान्वयन कहिले र कसरी हुन्छ भन्नेमा केन्द्रित भएको छ।

सरकारले आन्दोलनमा भएको मानवीय क्षति र त्यसपछि भएको आगजनीसम्बन्धी छानबिन गर्न विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको संयोजकत्वमा गत ९ असोजमा जाँचबुझ आयोग गठन गरेको थियो। थपिएको म्यादको अन्तिम दिन आइतबार आयोग पदाधिकारीले प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएका हुन्।

सिंहदरबारस्थित मन्त्रिपरिषद् कार्यालयमा प्रतिवेदन बुझाएपछि आयोग संयोजक कार्कीले २३ र २४ भदौमा भएको घटनाको वस्तुपरक छानबिन गरेको र सोही प्रतिवेदन सरकारसमक्ष पेस गरिएको बताए। 'भदौ २३ र २४ मा भएको घटना छानबिन गर्ने म्यान्डेडअनुसार छानबिन गर्‍यौं। २३ भदौको घटनामा जसले किशोरहरूलाई सहिद बनाए, उनीहरूलाई कारबाही सिफारिस भएको छ,' कार्कीले भने, 'त्यस्तै, २४ भदौमा भएको घटनामा दोषी देखिएकाहरूलाई पनि कारबाही गर्न सिफारिस गरेका छौं।'

आयोग संयोजक कार्कीका अनुसार २३ भदौको घटनामा गोली हान्ने, हान्न लगाउने र गोली हान्न नरोक्ने सबैलाई कारबाही गर्न सिफारिस गरिएको छ। तत्कालीन सरकारमा रहेका जिम्मेवार व्यक्तिलाई पनि कारबाही सिफारिस गरिएको उनले बताए। '२३ गतेको घटनामा गोली हान्ने, हान्न लगाउने र गोली हान्न नरोक्ने सबैलाई कारबाही गर्न सिफारिस गरेका छौं। घटना हुँदा तत्कालीन सरकारको जिम्मेवार तहमा जो-जो थिए, उनीहरू सबै परेका छन्,' कार्कीले भने, 'उनीहरू को-को छन् ? प्रतिवेदनअनुसार त्यसको सार्वजनिक सरकारले गर्ला। र, कारबाही पनि उसैले गर्ला।'

भदौ २३ को घटना हुँदा मुलुकको प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखक थिए। त्यस्तै, गृहसचिव गोकर्णमणि दुवाडी थिए भने काठमाडौं जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी छविराज रिजाल थिए। नेपाल प्रहरीको संगठन प्रमुख आइजिपी चन्द्रकुवेर खापुङ थिए।

यस्तै जिल्ला प्रहरी परिसर काठमाडौंमा प्रमुख एसएसपी विश्व अधिकारी थिए। उनको ट्वाइसीमा एसपी अपिलराज बोहरा थिए। घटनाको दिन काठमाडौं उपत्यका प्रहरी कार्यालय भने प्रमुखविहीन थियो। निमित्त प्रमुखको भूमिकामा डिआइजी ओम राना थिए। त्यस्तै, २३ भदौका दिन नयाँ बानेश्वरस्थित संसद् भवन सुरक्षामा एसएसपी सोमेन्द्रसिंह राठौर फिल्डमा खटिएका थिए। उनीमातहत डिएसपी एलिजा गिरी पनि फिल्डमा थिइन्।

नेपाल प्रहरीको पूर्वएआइजिपीसमेत रहेका आयोगका प्रवक्ता विज्ञानराज शर्माले २३ भदौको घटनामा हुनुमा 'रेक्युरिटी ल्याप्सेस' रहेको बताए। उनले भने, 'घटना हुनुमा सेक्युरिटी ल्याप्सेस देखिएको छ। संसद् भवनपरिसरमा सुरुबाटै कमी-कमजोरी भएका छन्। ब्यारिकेडदेखि नै रेक्युरिटी ल्याप्सेस देखिएको छ। घटनामा दोषी देखिएकाहरूलाई कारबाहीको सिफारिस गरिएको छ। उनीहरूको संख्या कति छ ? को-को कारबाहीमा परेका छन्। उनीहरूको नाम म भन्दिनँ।'



प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाउँदै छानबिन आयोगका पदाधिकारी

सरकारले २३ र २४ भदौमा भएका घटनाको छानबिनका लागि विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको संयोजकत्वमा गत ५ असोजमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेको थियो। ९ असोजदेखि कार्यारम्भ गरेको आयोगको प्रारम्भिक अवधि तीन महिना तोकिएको थियो।

आयोगले यस अवधिमा तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडी, नेपाल प्रहरीका तत्कालीन आइजी चन्द्रकुवेर खापुङलगायत उच्चपदस्थ व्यक्तिहरूको भूमिका पहिचान गर्ने, २३ भदौको आन्दोलन र गोली प्रहारसम्बन्धी घटना छानबिन गर्ने तथा २४ भदौको आगजनी घटनाको स्थलगत अध्ययन गर्ने काम गरेको थियो। आयोगले २३ गते भएको गोली प्रहार र २४ गते भएको आगजनीलाई फरक-फरक ढंगले केलाएको छ।

विगतजस्तै कार्की आयोगको प्रतिवेदन कार्यान्वयन सजिलो भने छैन। सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीले अब बन्ने सरकारले आफ्नो र अर्कोका मान्छे नचिनेसम्म प्रतिवेदन कार्यान्वयन गर्न गाह्रो नहुने बताए। जनताले दुईतिहाइ बहुमत दिएको हुँदा प्रतिवेदन कार्यान्वयन गर्न अब बन्ने सकारलाई कुनै अवरोध नहुने बताए। '२३ र २४ भदौको आन्दोलनमा ७६ जनाले ज्यान गुमाए। सोही राजनीतिक धरातलबाट अबको सरकार बन्ने हो। यस्तो अवस्थामा सरकारले आफ्नो र अर्काको मान्छे छुट्याउनुहुँदैन। जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनमा पनि यही मापदण्ड लागू हुनुपर्छ,' उनले नयाँ पत्रिकासँग भने, 'यदि कार्यान्वयनका क्रममा आफ्नो-पराया छुट्याइयो भने अब बन्ने सरकार र विगतका सरकारबिच कुनै फरक रहनेछैन। आउने सरकारसँग दुईतिहाइ बहुमत प्राप्त हुँदै छ, त्यसले प्रतिवेदन कार्यान्वयन गर्छ भन्ने अपेक्षा गर्न सकिन्छ।

भावी सरकारको नेतृत्व गर्ने जनादेश पाएको रास्वपाले चुनावी वाचापत्रमै आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने उल्लेख गरेको छ। रास्वपाको वाचापत्रमा छ, '२०८२ को भदौ २३ र २४ गते जेन-जी आन्दोलनमा भएको बल प्रयोगलगायतका घटनाको छानबिन गर्न गठित न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेख हुने सुझाव र सिफारिसलाई कार्यान्वयन गर्नेछौं।' २४ भदौको घटनामा रास्वपाका नेता-कार्यकर्ताको भूमिकामाथि तत्कालीन सत्तारुढ दल कांग्रेस-एमालेले प्रश्न उठाउँदै आएका छन्।

एमालेले आयोगको प्रतिवेदन निष्पक्ष देखिए समर्थन गर्ने र पक्षपातपूर्ण भए प्रतिक्रिया गर्ने जनाएको छ। एमाले प्रचार विभाग प्रमुख मीनबहादुर शाहीले प्रतिवेदन अध्ययनन गरिनसकेको हुँदा धारणा बन्न बाँकी रहेको बताए। 'प्रतिवेदन अध्ययन गर्न पाएका छैनौं। आशा छ- निष्पक्ष नै छ। त्यसमा हाम्रो कुनै अवरोध हुँदैन,' उनले भने, 'तर, पक्षपातपूर्ण भए प्रतिक्रिया हुन्छ। यद्यपि, यस विषयमा पार्टीले आधिकारिक धारणा बनाइसकेको छैन। प्रतिवेदन अध्ययनपछि समग्र धारणा बन्ला।'

पूर्वप्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखकको बयान लिन बाँकी रहेपछि सरकारले आयोगको म्याद पहिलोपटक एक महिना थप गरेको थियो। त्यसअनुसार आयोगले ९ माघसम्म प्रतिवेदन बुझाउनुपर्ने थियो। तर, सो अवधिमा पनि प्रतिवेदन तयार हुन नसकेपछि दोस्रोपटक २० दिन म्याद थप गरिएको थियो, जसको अवधि २९ माघमा सकिँदै थियो। तर, त्यस अवधिभित्र पनि प्रतिवेदन पेस गर्न नसकिने देखिएपछि सरकारले तेस्रोपटक २५ दिन म्याद थप गरेको थियो।

हजार पृष्ठको प्रतिवेदनमा के छ ?

आयोगका अनुसार प्रतिवेदन अनुसूचीसहित करिब एक हजार पृष्ठको छ। उक्त प्रतिवेदनलाई छुट्टाछुट्टै १० वटा खण्डमा लिपिबद्ध गरिएको छ। घटनाक्रमसँग सम्बन्धित दुई सयभन्दा बढी व्यक्तिसँग बयान लिइएको छ। साथै घटनाका क्रममा खिचिएका ३५ हजारभन्दा बढी भिडियो, उपलब्ध सिसिटिभी फुटेज र कल डिटेल्समाथि पनि आयोगले विस्तृत अनुसन्धान गरेको आयोग स्रोतले जनाएको छ।

विशेषगरी आन्दोलनका दिन र त्यसअघि नयाँ बानेश्वर, सिंहदरबार, बालुवाटार तथा राष्ट्रपतिनिवासआसपास सक्रिय भएका मोबाइल फोन, तीमार्फत गरिएका फोन तथा सन्देश, सामाजिक सञ्जालको गतिविधि, आदान-प्रदान गरिएका भ्वाइस म्यासेज र लिखित सन्देशको समेत सूक्ष्म प्राविधिक विश्लेषण गरिएको छ। त्यसबाहेक सबैभन्दा बढी क्षति भएका भक्तपुर, ललितपुर, पोखरा, विराटनगरलगायत १५ सहरमा पनि सोही प्रकृतिको प्राविधिक अध्ययन गरिएको आयोगले जनाएको छ।

'त्यस्तै, आगजनी भएका स्थानबाट संकलन गरिएका खरानी, माटो, ध्वाँसो र अँगारजस्ता भौतिक पदार्थको पनि अध्ययन गरिएको छ, ता कि आगजनीमा कुनै रासायनिक पदार्थ प्रयोग भए-नभएको स्पष्ट हुन सकोस्। यसका लागि विज्ञ टोलीले ती सबै नमुनामाथि वैज्ञानिक परीक्षण गरेको छ र दोषी ठहरिएकामाथि सोही आधारमा कारबाही सिफारिस गरिएको छ,' आयोग स्रोतको भनाइ छ।

आयोगसँग सम्बन्धित उच्च स्रोतका अनुसार यस क्रममा उपलब्ध ३५ हजारभन्दा बढी भिडियोको अध्ययन गरिएको छ। त्यसबाहेक उपलब्ध सिसिटिभी फुटेजको पनि विस्तृत विश्लेषण गरिएको छ। ती सामग्रीमार्फत विभिन्न स्थानमा आन्दोलनमा सहभागी समूहहरूको आवागमन र गतिविधि सूक्ष्म अध्ययन गरिएको छ। नयाँ बानेश्वरस्थित संघीय संसद् भवन, सिंहदरबार, अदालत, प्रहरी संरचना, निजी भवन, नेताहरूका निजी घर, पार्टी कार्यालय, राष्ट्रपतिनिवास, भाटभटेनी सुपरमार्केट, होटेललगायतका भौतिक संरचनामा आगजनी गर्दा सक्रिय रहेका समूहहरूको पहिचान गरिएको छ। विभिन्न स्थानमा आगजनीमा संलग्न समूहहरूबिचको आपसी सम्बन्ध, उनीहरूबिच भएका टेलिफोन संवाद तथा सामाजिक सञ्जालमार्फत भएका सम्पर्क र आदान-प्रदान गरिएका सन्देशहरूको पनि सूक्ष्म अध्ययन गरिएको छ। त्यसका आधारमा दोषी देखिएकाहरूलाई कारबाहीका लागि सिफारिस गरिएको स्रोतको दाबी छ।

आयोगसम्बद्ध स्रोतका अनुसार प्रतिवेदनले धेरै पक्ष सतहमा ल्याएको छ। 'आन्दोलनका दिन एक्टिभेट मोबाइल, अदान-प्रदान भएका सन्देश र त्यसको सबै सिडिआर उतारिएको छ। त्यसबाहेक आगजनी भएका भौतिक संरचनाको खरानी परीक्षणसमेत भएका छन्,' स्रोतले भन्यो, 'फरक-फरक ठाउँमा आन्दोलन गर्न सडकमा उत्रिएकाहरूको मोबिलिटी अध्ययन गरिएको छ। यतिसम्म कि संसद् भवन र बालुवाटार जलाउने समूह एउटै हो-होइन र उनीहरूबिच सम्बन्ध छ-छैन जस्ता विषय अध्ययन भएका छन्। त्यही आधारमा दोषी देखिएका कारबाही सिफारिस गरिएको छ।' त्यसबाहेक आन्दोलन हुनुको कारण, त्यसले निम्त्याएको क्षति र भविष्यमा अपनाउनुपर्ने उपाय पनि प्रतिवेदनमा उल्लेख छ।

दोषीमाथि कसरी हुन्छ कारबाही ?

मन्त्रिपरिषद्बाट कार्यान्वयनमा लैजाने निर्णय भएसँगै प्रतिवेदन सम्बन्धित निकायमा कारबाहीका लागि पठाइने प्रधानमन्त्री कार्यालयले जनाएको छ। त्यसपछि घटनामा सम्बन्धित प्रहरी कार्यालयले अर्को चरणको अनुसन्धान गर्नेछ। र, दोषीविरुद्ध सोही कार्यालयले नै मुद्दा अभियोजन गर्नेछ। 'प्रतिवेदन पेस भएको छ। मुद्दा अभियोजन भने प्रहरीले नै गर्नेछ। यसका लागि प्रतिवेदन सम्बन्धित प्रहरी कार्यालयमा पठाइनेछ। उनीहरूले घटनामाथि थप अनुसन्धान गर्नेछन्। दोषी देखिएका विरुद्ध मुद्दा अभियोजन गर्नेछन्,' प्रधानमन्त्री कार्यालयसम्बद्ध एक उच्च अधिकारीले भने। आयोगका अनुसार विशेषगरी कारबाही सिफारिस तीन तवरले गरिएका छन्। २३ भदौको घटनामा प्रत्यक्ष संलग्न हुनेलाई फौजदारी कसुरअन्तर्गत र अन्य भूमिकामा रहेका कर्मचारीहरूलाई प्रशासनिक तहको कारबाही सिफारिस गरिएको छ। त्यस्तै, २४ गतेको घटनामा संलग्न हुनेलाई कसुर हेरेर आकर्षित कानुनअनुसार कारबाही गर्न सिफारिस भएको छ।

'सर्मनाक'...

पृष्ठ १ बाट क्रमशः

खुम्चिएको छ। आइतबार रातिसम्मको प्राप्त मत अनुपातले प्रत्यक्ष र समानुपातिकसहित एमालेले २५ सिटआसपास मात्रै जित्ने अवस्था देखिन्छ। रुपन्देही २ बाट पराजित उपाध्यक्ष विष्णु पौडेलले हारको गम्भीर समीक्षा आवश्यक रहेको भन्दै जनअपेक्षाअनुरूप पार्टीको नीति र नेतृत्व पुनर्गठनमा लाग्ने घोषणा गरेका छन्। लामो समयदेखि ओलीनिकट रहेका पौडेलको यो घोषणासँगै अरू नेताहरूले पनि पार्टी पुनर्गठनको आवाज उठाउन थालेका छन्।

'विगतमा हाम्रातर्फबाट भएका गल्ती कमजोरीहरूको गम्भीर समीक्षा गर्न, जनअपेक्षाअनुसार आफैँलाई रूपान्तरण गर्न र नेकपा एमालेको नीति, नेतृत्व, संगठन र कार्यशैलीलाई जनअपेक्षाअनुरूप पुनर्गठन गर्न अग्रसरता लिने र अविचलित भएर जनता र राष्ट्रको सेवामा समर्पित भइरहने प्रतिबद्धता व्यक्त गर्दछु,' पौडेलले हारपछि वक्तव्य निकालेर भनेका छन्।

एमाले नेताहरूले पार्टीको नीति र नेतृत्वबारे गम्भीर समीक्षा नभए पार्टीको अस्तित्व नै समाप्त हुन सक्ने चेतावनीसमेत दिन थालेका छन्। अध्यक्ष ओलीलाई पदत्याग गरेर पार्टी पुनर्गठनमा दबाब दिने उद्देश्यले जिल्ला र त्यसभन्दा तल्लो तहका कतिपय नेता-कार्यकर्ताले जिम्मेवारीबाट राजीनामासमेत दिन थालेका छन्।

पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले एमालेलाई जोगाउन अध्यक्ष ओलीले पद त्यागेर पार्टी पुनर्गठनको बाटो नरोज्ने हो भने करिब सर्वनाशको अवस्थाबाट पार्टी र आन्दोलन सत्यानाशमा पुग्ने गम्भीर चेतावनी दिए। 'जेन-जी आन्दोलनपछिको बैठकमा तपाईं (ओली)को अनुहार लिएर चुनावमा जान सकिन्न भन्ने कुरा उठेकै हो। उहाँले मलाई बोक्नैपर्दैन, आफैँ हिँड्छु, दौडिन्छु, भनेको होइन ? तर, चुनावी प्रचारमा न उहाँ अरू क्षेत्रमा जान सक्नुभो, न अरू उम्मेदवारहरूले नै उहाँलाई प्रचारका लागि बोलाउने अवस्था बन्यो। के उहाँको फोटोसमेत नराखी चुनावको प्रचार गर्नुपर्ने अवस्था आएको होइन ?' पाण्डेले पछिल्लो चुनावी परिणामपछि पार्टीले लिनुपर्ने दिशाबारे टिप्पणी गरे, 'त्यसैले आजको प्रश्नको सही उत्तर र समस्या समाधानको सही निष्कर्ष खोज्ने हो भने उहाँले आन्दोलन जोगाउन अध्यक्ष पद छोड्न तयार हुनुपर्छ। अहिलेको चुनावी परिणामले करिब सर्वनाश त भइसक्यो, अब पनि सच्चिएनौं भने हामी सबै सत्यनाशको बाटोतिर जानेछौं।'

अहिलेको हारको मुख्य कारण आन्तरिक भएकाले मुख्य जिम्मेवारी पनि नेतृत्वले नै लिनुपर्ने पाण्डेको तर्क छ। 'अहिलेको अत्यन्त निराशाजनक परिणाम कसका कारणले आयो भन्ने कुरा त स्वतः सिद्ध छ। राणाशासन जुम्लाका जनताको विरोधका कारण होइन, शासन चलाउने राणा र उनकै भाइ-भारदारका कारण ढलेको हो। त्यसकारण आन्तरिक कारण प्रधान भएकाले अहिलेको परिणामको मुख्य जिम्मेवारी पार्टी नेतृत्वले लिनुपर्छ,' उनले भने, 'सबैलाई बराबर दोष दिने हो भने त पार्टी नेतृत्व लिन किन प्रतिस्पर्धा गर्नुपर्‍यो ? सबै तलको जुनसुकै पदमा बस्दा पनि भइहाल्थ्यो। नेतृत्व लिन सक्षम छु भनेर लिने, तर मूल्यांकनचाहिँ अरूबाटै सुरु गरौं भन्न नमिल्ने भएकाले अहिलेको निराशाजनक चुनावी हारको समीक्षा मूल नेतृत्वबाटै सुरु गर्नुपर्छ।'

एमाले केन्द्रीय प्रचार संयोजक मीनबहादुर शाहीले आकलन नै नगरेको परिणाम आएकाले उपयुक्त समयमा पार्टीले घनीभूत समीक्षा गर्ने बताए। 'अहिलेको आमनिर्वाचनमा जनताबाट प्राप्त जनादेशलाई हामी स्विकार्छौं र सम्मान गर्छौं। यो निर्वाचनको परिणाम सबै आइसकेको त छैन, तर हामीले आकलन नै नगरेको परिणाम आउन सक्ने देखिएकाले हामीले धेरै कुराहरूमा समीक्षा र पुनरावलोकन गर्नुपर्ने, सुधार गर्नुपर्ने देखिन्छ। ती सबै पक्षका बारेमा हामी उपयुक्त समयमा पार्टीको औपचारिक फोरम र संयन्त्रहरूमा घनीभूत छलफल र समीक्षा गरेर अगाडि बढ्नेछौं,' उनले भने।

पूर्वउपमहासचिव प्रदीप ज्ञवालीले अहिलेको चुनावी परिणामबाट गम्भीर धक्का भएकाले नेतृत्वको जिम्मेवारीको पनि समीक्षासहित आवश्यकता देखिए विकल्प खोज्ने बाटोमा समेत जान सकिने प्रस्ट्याएका छन्। 'एउटा घटनाले एउटा राजनीतिक आन्दोलन र एउटा राजनीतिक पार्टीको समग्र भविष्य निर्धारित हुन्छ भन्ने म ठान्दिनँ। तर, पनि यो निकै गम्भीर धक्का हो। त्यसमा कुनै सन्देह छैन। जहाँ-जहाँ नीति परिवर्तन गर्न जरुरी छ, त्यहाँ नीति परिवर्तन गर्छौं, जहाँ-जहाँ शैली परिवर्तन गर्नुपर्नेछ, त्यहाँ शैली परिवर्तन गर्छौं। यदि यसमा व्यक्ति विशेषको, नेतृत्वमा रहेका मुख्यमुख्य (हामीहरूको) भूमिकाको समीक्षाको माग हुन्छ भने हामी त्यो गर्छौं र विकल्पको माग गर्छ भने त्यसमा पनि छलफल गर्छौं,' बिबिसी नेपाली सेवासँग ज्ञवालीले भनेका छन्। ज्ञवालीले जस्तै उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङले पनि परिणामबारे पार्टीभित्र गम्भीर समीक्षा हुने बताएका थिए।

पराजयपछि पद त्याग्दै जिल्ला नेता, ओलीलाई नैतिक दबाब

अनपेक्षित पराजयपछि जिल्ला नेतृत्व तहका एमाले नेताले राजीनामा घोषणा गर्ने क्रम सुरु भएको छ। जिल्ला तहका नेताको राजीनामाले केन्द्रीय अध्यक्ष केपी ओलीलाई थप नैतिक दबाब परेको छ।

एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले जनमतको कदर र पार्टीको खराब नतिजाको नैतिक जिम्मेवारी लिँदै पदबाट राजीनामा दिएका छन्। उनको राजीनामा स्वीकृत गर्दै जिल्ला कमिटीले आइतबारै उपाध्यक्ष हृदम लामालाई कार्यवाहक अध्यक्ष तोकेको छ। पोखरेलले तलदेखि माथिसम्म सबैले आत्मसमीक्षा गरी आ-आफ्नो जिम्मेवारी ग्रहण गर्नुपर्ने वेला आएको भन्दै वक्तव्यमार्फत पार्टी अध्यक्षदेखि महासचिवसम्मको ध्यानाकर्षण गराएका छन्।

'पार्टीलाई सही दिशामा अघि बढाउन पार्टी अध्यक्षदेखि महासचिवलगायत सबैले आफ्नो जिम्मेवारी स्वीकार गर्दै आत्मसमीक्षा गर्नुपर्छ र आवश्यक परे राजीनामा दिएर पार्टी पुनर्गठनका लागि बाटो प्रशस्त गर्नुपर्दछ,' उनको भनाइ छ।

कान्छा माननीय...

पृष्ठ १ बाट क्रमशः

८४६ मतमै समेटिए। प्रतिनिधिसभा तथा संविधानसभा निर्वाचनमा यस क्षेत्रबाट प्रायः वामपन्थी उम्मेदवार नै विजयी हुँदै आएका थिए। यसपटक २१ उम्मेदवार प्रतिस्पर्धामा थिए।

१० जेठ ०५७ मा जन्मिएका उप्रेती काठमाडौं विश्वविद्यालयमा शिक्षाशास्त्र संकायमा नेतृत्व तथा व्यवस्थापन विषय अध्ययन गर्दै छन्। नेपाल एकेडेमी अफ टुरिजम एन्ड होटेल म्यानेजमेन्टबाट ब्याचलर अफ ट्राभल एन्ड टुरिजम म्यानेजमेन्ट (बिटिटिएम) उत्तीर्ण गरेका छन्। उप्रेतीले २०१८ मा ग्लोबल कलेज अफ म्यानेजमेन्ट, काठमाडौंबाट व्यवस्थापन विषयमा कक्षा १२ पूरा गरेका थिए भने माध्यमिक तहको अध्ययन मकवानपुरस्थित युनाइटेड सेकेन्डरी इंग्लिस बोर्डिङ स्कुलबाट २०१६ मा पूरा गरेका थिए।

राजनीतिक रूपमा उनले बालेन काठमाडौं महानगरको मेयर छँदा उनको सचिवालयमा काम गरेका थिए। बालेन वरिष्ठ नेता बनेर रास्वपामा प्रवेश गरेसँगै उप्रेतीले मकवानपुर २ बाट टिकट पाएका थिए। रास्वपाबाट प्रशान्तले उम्मेदवारी पाएपछि बुबा रामचन्द्र उप्रेतीले ३५ वर्षदेखिको एमालेसँगको आबद्धता त्यागेका थिए।

निर्वाचन परिणाम सार्वजनिक भएपछि उप्रेतीले आफ्नो जितलाई जनताको जितका रूपमा व्याख्या गरेका छन्। 'यो मेरो होइन, जनताको जित हो। नागरिकहरूले परिवर्तन चाहनुभएको थियो र लोकतन्त्रमा आफ्नो सबैभन्दा ठुलो अधिकार प्रयोग गर्दै ब्यालेटमार्फत त्यसको उत्तर दिनुभएको छ,' उनले भने। उप्रेतीले रास्वपा नै आफ्नो पहिलो राजनीतिक दल भएको बताए। यसअघि राजनीतिक बहस र विचारमा सक्रिय भए पनि कुनै दलमा औपचारिक रूपमा आबद्ध नभएको उनले बताए।

पूर्वबाट...

पृष्ठ १ बाट क्रमशः

छन् भने भोजपुरमा ध्रुवराज राई र खोटाङमा आरेन राई विजयी भएका हुन्। तीन क्षेत्रमा मतगणना जारी छ। तर, मतको ट्रेन्ड हेर्दा यी क्षेत्रमा श्रम संस्कृति जितको दाबेदार प्रतिस्पर्धामा भने देखिँदैन।

आइतबार राति २ बजेको परिणामअनुसार समानुपातिकतर्फ ६९ लाख ६८ हजार २८५ गणना हुँदा २ लाख ४ हजार ७१५ मत पाएको श्रम संस्कृति थ्रेस होल्ड कटाएर राष्ट्रिय दल बन्ने सम्भावना पनि बलियो छ। तीन प्रतिशत थ्रेस होल्ड कटाउँदा उसले समानुपातिकमा कम्तीमा तीन सिट पाउँछ। श्रम संस्कृतिले रास्वपाको सुनामीअगाडि जित निकाल्दा ०७९ को चुनावमै मधेशबाट उदाएको सिके राउत नेतृत्वको जनमत र पश्चिम तराईको शक्ति बनेको रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति भने नील भएका छन्। रेशमपत्नी रन्जिताले नागरिक उन्मुक्तिलाई नेकपासँग विलय गराए पनि रेशमले नयाँ दल नागरिक उन्मुक्ति नेपाल खोलेका थिए। तर, पश्चिम तराईका जिल्लामा रास्वपाले क्लिन स्विप गर्दा केही जोर चलेन।


यो अवस्थामा श्रम संस्कृति उदाउनुलाई पूर्वमा पहिचानवादी आन्दोलनको प्रभाव रहेको देखिएको झापाका युवा विश्लेषक सागर सिवाकोटीले बताए। बालेनको पक्षमा आएको आँधीहुरीले मधेशमा पकड बनाएका मधेशवादी दलसहित अन्य साना पार्टी बढारिँदा पनि श्रम संस्कृति भने विकल्प खोजिरहेका पहिचानवादीको मतसहितले उदय भएको उनको विश्लेषण छ। 'कोशी नामांकनसम्म चलेको पूर्वको पहिचानको आन्दोलन र आन्दोलन पक्षधरहरूले हर्क साम्पाङमा नेतृत्वको फेस देखेको कारण उनको स्वीकार्यता यो तहमा पुगेको हो। यदि उनको बोलीमा केही नियन्त्रण भएको भए स्वीकार्यताको दायरा अझै फराकिलो हुन सक्थ्यो। पहिचानवादीले हर्कलाई लिडिङ फेसको रूपमा हेरे। त्यसकारण यतिको मत आयो,' उनी भन्छन्, 'पूर्वमा पहिचानवादी आन्दोलनमा लागेकाले स्विकारे गर्दा नेटवर्क विस्तार गर्दै पार्टीलाई यो अवस्थामा ल्याउन सहज भयो।'

पार्टी खोलेको चार महिनामै तीन सिट जित्नु सकारात्मक भएको श्रम संस्कृति पार्टीका सहमहासचिव समीर तामाङले बताए। पार्टीले कोशी प्रदेशभित्र पकड जमाएको र अब संसद्मा प्रतिपक्षीको भूमिका निर्वाह गर्दै देशभर पार्टी निर्माणमा लाग्ने उनले बताए। 'रास्वपाको ह्विम आएको वेलामा यतिको उदय हुनु हाम्रा लागि सकारात्मक पक्ष हो। श्रम संस्कृति पार्टी भुइँ फाटेर निस्किएको छ। मुख्य गरी कोशी प्रदेशमा प्रभाव देखिएको छ। छोटो समयमा यतिको प्रभावले हामी सन्तुष्ट छौं। हामीले पार्टी संगठन बनाउन नपाई चुनावमा जानुपर्‍यो। केन्द्रीय समितिले पनि पूर्णता पाएको छैन। कोशी प्रदेशमा चाहिँ श्रमदान अभियान पहिलाबाट नै सञ्चालन भएकाले पकड राम्रो रह्यो,' उनले भने, 'हामीलाई जनताले संसद्मा पहरेदारको रूपमा पठाएका छन्। राम्रा काममा सरकारलाई समर्थन र नराम्रा काममा खबरदारी गर्दै अघि बढ्छौं। धर्म र वर्गभन्दा माथि उठेर पार्टी निर्माण गरेर काम गर्छौं। श्रमदान अभियान अब दार्चुलामा तुइन हटाएर सुरु गर्छौं।'

भक्तपुरमा भत्कियो ०४८ देखिको नेमकिपाको किल्ला

पछिल्लो समय भक्तपुरमा खुम्चिएको नेमकिपा यसपटक संसद्बाहिर





प्रेम गौतम/नयाँ पत्रिका

भक्तपुरमा सधैं सत्तापक्ष र देशमा सधैं प्रतिपक्षको भूमिकामा रहँदै आएको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) संसद् बाहिर भएको छ। ०४८ मा दैलेख, जुम्ला र भक्तपुरका दुई क्षेत्र गरी चार ठाउँमा निर्वाचन जितेको नेमकिपा पछिल्लो समय भक्तपुरमा खुम्चिएको थियो। यो निर्वाचनमा नेमकिपाले भक्तपुर १ को किल्ला पनि जोगाउन सकेन।

नेमकिपाको किल्लामा रास्वपाका रुकेश रञ्जित विजयी भए। रञ्जितले ३३ हजार ४३६ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी नेमकिपाका प्रेम सुवाललेे २८ हजार १४७ मत मात्र ल्याए।

नेमकिपा किसान आन्दोलनबाट उठेको पार्टी हो। ०२१ मा भूमिसुधार लागू भएपछि किसानलाई मोहियानी हक दिलाउन गरेको संघर्षको जगमा नेमकिपाले संगठन विस्तार गरेको थियो। किसानलाई मोहियानी हक दिलाउन नेमकिपाका नेता तथा कार्यकर्ता किसानका खेतमा गई बाली काट्ने, भित्र्याउने र किसानलाई जोताहा हक दिलाउने अभियानबाट जनता प्रभावित भएका थिए। नेमकिपाको संघर्षबाट भक्तपुरमा झन्डै ५० प्रतिशत किसानले मोहियानी हक पाएको नेताहरू दाबी गर्छन्। ०२५/२६ मा भक्तपुरमा नेमकिपाले चलाएको भ्रष्टाचारविरोधी गतिविधिले संगठन मजबुत भएको थियो। त्यसका साथै सांस्कृतिक सम्पदाको संरक्षण गर्दै शिक्षा, स्वास्थ्य, सरसफाइ र सडकको स्तरोन्नतिले नेमकिपालाई बलियो बनाएको थियो।

०५८ पछि ख्वप: इन्जिनियरिङ कलेज स्थापना भएपछि सुलभ शुल्कमा इन्जिनियर उत्पादन गर्दै आएको छ। सामुदायिक विद्यालय निःशुल्क र गुणस्तरीय बनाउनुका साथै नर्सिङ कलेज स्थापना भएपछि घरघरमा गएर सुगर, प्रेसर, गर्भवती र सुत्केरीको जाँच गर्दै आएको छ। शिशु स्याहार केन्द्रसहित जनस्वास्थ्यको क्षेत्रमा पनि नेमकिपाले काम गरेको छ। नेमकिपामाथि भक्तपुर नगरपालिकामा मात्रै विकास गरेको आरोप लाग्दै आएका थियो। बाहिरी क्षेत्रमा नेमकिपाले ध्यान नदिएको र जनतालाई विभेद गरेको आरोप थियो।

● **प्रेम सुवाल**, नेमकिपा



निर्वाचनको परिणाम नै राजनीतिक सफलता होइन, त्यसो भएको भए धेरै मत पाएर सत्तामा पुगेका दलहरू किन असफल भए। नेमकिपा निर्वाचनमा प्राप्त मतले राजनीतिक दलको संगठनात्मक स्थिति र सैद्धान्तिक एवं राजनीतिक स्थितिको नापो मान्दैन। आन्दोलनका धेरै रूपमध्ये निर्वाचन पनि एउटा संघर्ष हो भन्नेमा प्रस्ट छौं। हाम्रो संघर्ष जारी छ।

नेमकिपाका नेता प्रेम सुवाल चुनाव जित्नु मात्रै राजनीतिक सफलता नभएको बताउँछन्। 'निर्वाचनको परिणाम नै राजनीतिक सफलता होइन, त्यसो भएको भए धेरै मत पाएर सत्तामा पुगेका दलहरू किन असफल भए,' सुवाललेे भने, 'नेमकिपाले निर्वाचनमा प्राप्त मतले राजनीतिक दलको संगठनात्मक स्थिति र सैद्धान्तिक एवं राजनीतिक स्थितिको नापो मान्दैन। आन्दोलनका धेरै रूपमध्ये निर्वाचन पनि एउटा संघर्ष हो भन्नेमा प्रस्ट छौं। हाम्रो संघर्ष जारी छ।'

सैद्धान्तिक र राजनीतिक रूपले गुणात्मक एवं सन्तोषजनक ढंगमा अगाडि बढिरहेको नेमकिपाको दाबी छ। 'नेमकिपा परिमाणमा होइन गुणमा ध्यान दिन्छ। नेमकिपा निर्वाचनलाई उपयोगको दृष्टिले हेर्छ र चुनावलाई व्यापक जनताको राजनीतिक चेतना नाप्ने ब्यारोमिटरका रूपमा हेर्छ। निर्वाचन नै कुनै दलको सबलता र मत सर्वेक्षण होइन बरु राजनीतिक गतिविधि नै दलको सबलता मापन हो। कर्तव्यबोध नै दलको सफलताको संकेत हो। नेकपा सैद्धान्तिक र राजनीतिक रूपले गुणात्मक एवं सन्तोषजनक ढंगमा द्रुतत्तर रूपमा अगाडि बढ्दै छ,' सुवाललेे भने।

नेमकिपाको संसदीय इतिहास

संसदीय इतिहासमा नेमकिपाले पाँचजनासम्म सांसद विस्तार गरेको छ। नेमकिपाको ०४८ मा एक, ०५१ मा चार, ०५६ मा एक, ०६४ मा पाँच, ०७० मा चार, ०७४ मा एक र ०७९ मा एक सांसद थिए। जनतासँग निरन्तर जोडिने बाटो नै जितको कारण रहेको नेमकिपाले जोड दिँदै आएको थियो। शिक्षा, स्वास्थ्यलगायत विकासको प्रारम्भिक खुट्किलामा समान पहुँच स्थापित गर्नु नै सफलता भएको नेमकिपाले बताउने गरेको छ।

भक्तपुर १ बाट नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छे 'रोहित'ले लगातार पाँचपटक निर्वाचन जितेका थिए। ०४८, ०५१, ०५६, ०६४ र ०७० मा बिजुक्छे निर्वाचित भएका थिए। त्यसपछि बिजुक्छेले प्रेम सुवाललाई उत्तराधिकारीका रूपमा अघि सारे। सुवाललेे पनि निरन्तर निर्वाचन जित्दै आए। तर, यसपटक रास्वपासँग सुवाल पराजित भए।

०४८ मा भक्तपुर १ बाट बिजुक्छे निर्वाचित भएका थिए। उनी २० हजार १६३ मतसहित निर्वाचित हुँदा निकट प्रतिस्पर्धी काङ्ग्रेसका राजेशमान जोन्छेले १३ हजार ७३२ मत ल्याएका थिए। ०५१ को मध्यावधि निर्वाचनमा एमाले पहिलो पार्टी बन्दा भक्तपुर १ मा त्यसको प्रभाव परेन। उक्त निर्वाचनमा नेमकिपाका बिजुक्छे १६ हजार ७७० मतसहित सांसद निर्वाचित हुँदा प्रतिस्पर्धी राप्रपाका सुरेन्द्रप्रताप शाहले नौ हजार ४३८ मत ल्याएका थिए।

०५६ को आमनिर्वाचनमा बिजुक्छे १६ हजार ५३३ मतसहित सांसद निर्वाचित हुँदा प्रतिस्पर्धी काङ्ग्रेसका गणेशमान चक्रधरले १० हजार ३० मत ल्याएका थिए। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादी पहिलो दल बन्यो। तर, भक्तपुर १ मा नेमकिपा नै निर्वाचित भयो। बिजुक्छे १९ हजार ९७२ मतसहित निर्वाचित भए। माओवादीका देवेन्द्र श्रेष्ठ ११ हजार ५४८ मतसहित दोस्रो र काङ्ग्रेसका महेश श्रेष्ठ आठ हजार २८१ मतसहित तेस्रो भएका थिए।

०७० को दोस्रो संविधानसभा निर्वाचनमा नेमकिपाका बिजुक्छे २० हजार ४४६ मतसहित निर्वाचित हुँदा काङ्ग्रेसका कृष्णलाल भँडेल १२ हजार ८२६ मतसहित दोस्रो भएका थिए। ०७४ को संघीय निर्वाचनमा बिजुक्छेको उत्तराधिकारीका रूपमा प्रेम सुवाल उम्मेदवार बने। निर्वाचनमा सुवाल ३३ हजार ७६ मतसहित निर्वाचित हुँदा काङ्ग्रेसका बाबुराजा जोशी १७ हजार ८१८ मतसहित दोस्रो भए। ०७९ को निर्वाचनमा सुवाल ४२ हजार ७६१ मतसहित विजयी हुँदा निकटतम प्रतिस्पर्धी नवराज गेलाललेे ११ हजार ९६८ मत मात्रै ल्याएका थिए।

रास्वपाको लहरले मोरङमा तोडियो कोइरालाको विरासत

विराटनगरमा **गणेश लम्साल**



यज्ञमणि न्यौपाने



कृष्ण कार्की



गणेश कार्की



सन्तोष राजवंशी



आशा झा



रुविना आचार्य

मतदाताको देशव्यापी समर्थन पाएको रास्वपाले मोरङका ६ वटै निर्वाचन क्षेत्रमा विजयी हासिल गरेको छ। रास्वपाको 'क्लिन स्विप'ले मोरङ ६ मा कांग्रेसका प्रभावशाली नेता शेखर कोइरालको विरासत पनि तोडिएको छ। अन्य निर्वाचन क्षेत्रमा पनि पहिले जित हासिल गर्दै आएका कांग्रेस, एमाले र नेकपाका उम्मेदरवा सबै फराकिलो मतान्तरले पराजित भएका छन्।

०७९ को निर्वाचनमा मोरङमा १, ३ र ६ मा कांग्रेस, २ मा एमाले, ४ मा नेकपा (तत्कालीन माओवादी) र ५ मा स्वतन्त्र उम्मेदवार विजयी भएका थिए। ०७९ मा मोरङ ६ मा कांग्रेसका कोइराला, ५ मा स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल, ४ मा माओवादीका अमनलाल मोदी, ३ मा कांग्रेसका सुनील शर्मा, २ मा एमालेका ऋषि पोखरेल र १ मा कांग्रेसका डिकबहादुर लिम्बू विजयी भएका थिए।

संविधानसभाको ०६५ को उपनिर्वाचनदेखि नै मोरङ ६ मा निरन्तर जित हासिल गर्दै आएका कांग्रेस नेता कोइराला यसपटक रास्वापकी रुविना आचार्यबाट ४२ हजार ६६३ मतको फराकिलो मतान्तरले पराजित भए। रुविनाले ५५ हजार ५१३ र कोइरालाले १२ हजार ८५० मत प्राप्त गरे। कोइरालाले ०७० र ०७९ मा पनि जित हासिल गरेका थिए। मोरङ ४ मा रास्वपाका सन्तोष राजवंशीले ४० हजार ८३३ मतसहित कांग्रेसका महामन्त्री गुरुराज घिमिरेलाई पराजित गरे। घिमिरेले १२ हजार ८१८ मत मात्र प्राप्त गरे। ०७४ र ०७९ मा विजयी भएका नेकपाका अमनलाल मोदीले १० हजार ७६२ मतमै चित्त बुझाउनुपऱ्यो।

सार्वजनिक अन्तिम मतपरिणामअनुसार मोरङ ५ मा रास्वपाकी आशा झा ३० हजार ४३४ मत पाएर विजयी भइन्। प्रतिद्वन्द्वी काङ्ग्रेसका फुलकुमार लालवानीले नौ हजार ४१५ मत प्राप्त गरे। जसपाका राजकुमार यादवले आठ हजार ७४७ र नेकपाका शिवकुमार मण्डलले आठ हजार ७१४, एमालेका मनोज अग्रवालले ६ हजार १४५ मत पाए। ०७९ को निर्वाचनमा मोरङ ५ मा एमालेका बागी स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल विजयी भएका थिए। यसपटक ऊर्जाशील पार्टी खोलेर प्रतिस्पर्धा गरेका योगेन्द्रले चार हजार १९९ मत मात्र प्राप्त गरे।

मोरङ २ मा पनि रास्वपाका कृष्णकुमार कार्की विजयी भए। प्रतिद्वन्द्वी एमालेका दिलीपकुमार अग्रवाललाई पराजित गर्दै रास्वपाका कार्की फराकिलो मतान्तरले विजयी भए। कार्कीले ४० हजार ९२४ मत प्राप्त गरे भने प्रतिद्वन्द्वी एमालेका अग्रवाललेे १५ हजार ६२४ मत पाए। काङ्ग्रेसका मीनेन्द्र रिजाललेे १२ हजार ७६४ र श्रम संस्कृति पार्टीका अबुहो रैरहले एक हजार ८२२, नेकपाका चन्द्रवीर राईले एक हजार ३६६ मत पाए। यो क्षेत्रमा ०७० मा काङ्ग्रेसका मीनेन्द्र रिजाल र ०७९ मा एमालेका ऋषि पोखरेल विजयी भएका थिए।

मोरङ १ मा रास्वपाकै यज्ञमणि न्यौपाने विजयी भएका छन्। प्रतिद्वन्द्वी श्रम संस्कृति पार्टीकी शान्ति पाख्रिन लामालाई पराजित गर्दै रास्वपाका न्यौपाने विजयी भएका हुन्। न्यौपानेले २७ हजार ३६७ मत पाए। श्रम संस्कृतिकी पाख्रिनले १७ हजार ५२२ मत पाइन्। काङ्ग्रेसका खडग फागोले ११ हजार १८६, एमालेका घनश्याम खतिवडा नौ हजार ८२३ र नेकपाका कुलप्रसाद साम्बाले दुई हजार २२४ मत प्राप्त गरे। यो क्षेत्रमा ०७९ मा काङ्ग्रेसका डिकबहादुर लिम्बू र ०७४ मा एमालेका घनश्याम खतिवडा विजयी भएका थिए।

मोरङ ३ मा रास्वपाका गणेश कार्की विजयी भए। प्रतिद्वन्द्वी काङ्ग्रेसका सुनील शर्मालाई १२ हजारभन्दा बढी मतले पराजित गर्दै कार्की विजयी भएका हुन्। कार्कीले ३६ हजार ९२४ मत प्राप्त गरे। काङ्ग्रेसका शर्माले २४ हजार ३५४ मत पाए। श्रम संस्कृति पार्टीका अमिर मगरले १६ हजार ५०९ र एमालेका इरनकुमार राईले सात हजार ५५२ र नेकपाका देउमान साम्बाहाम्फे एक हजार २५९ मत प्राप्त गरे। सात लाख ८३ हजार ५० जना मतदाता रहेको मोरङमा पाँच लाख ५५ हजार १४ जनाले मतदान गरेका थिए।

कर्णालीमा रास्वपा कमजोर

सुर्खेतमा **रमेश रावल**

देशभर रास्वपा बलियो देखिँदा कर्णालीमा भने कमजोर देखिएको छ। कर्णालीका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमध्ये एउटा निर्वाचन क्षेत्रमा रास्वपा विजयी भएको छ। अन्य निर्वाचन क्षेत्रमा पुराना दल नै बलियो देखिएका छन्। सार्वजनिक मतपरिणामअनुसार ११ निर्वाचन क्षेत्रमध्ये काङ्ग्रेस पाँच र नेपाली कम्युनिस्ट पार्टी चार क्षेत्रमा विजयी भएका छन्। एमाले, रास्वपा र राप्रपा एक-एक निर्वाचन क्षेत्रमा विजयी भएका छन्।

मतपरिणामअनुसार मुगु, हुम्ला, दैलेख १, जाजरकोट र सुर्खेत १ मा काङ्ग्रेसले जित हात पारेको छ। नेकपाले रुकुम पश्चिम, सल्यान, कालीकोट र डोल्पामा जितेको छ। रास्वपा सुर्खेत २, राप्रपा जुम्ला र एमाले दैलेख २ मा विजयी भएका छन्। प्रत्यक्षमा रास्वपा एउटा क्षेत्रमा विजयी भए पनि समानुपातिक मतमा अगाडि देखिएको छ।

कर्णालीका दुर्गम र ग्रामीण क्षेत्रमा संगठन विस्तार गर्न पर्याप्त समय नपाएको रास्वपा प्रदेश सभापति मदन खड्काले बताए। 'आगामी दिनमा पार्टी संगठन बलियो बनाउने र अर्को निर्वाचनमा रास्वपामय कर्णाली बनाउने योजना छ,' उनले भने, 'यसपटक समानुपातिकमा हामी कर्णालीबाट पहिलो दल नै बन्छौं।'

निर्वाचनको समयमा पुराना दलका उम्मेदवारले स्थानीय मुद्दा, विकासका योजना र व्यक्तिगत सम्पर्कलाई प्राथमिकता दिँदा मतदातामा पनि पुराना दलप्रति विश्वास कायम रहेको मध्यपश्चिम विश्वविद्यालयका पूर्वडिन पीताम्बर ढकालले बताए। 'रास्वपाले राष्ट्रियस्तरमा चर्चा पाए कर्णालीजस्ता दुर्गम प्रदेशमा संगठन निर्माण, स्थानीय नेतृत्व विकास र जनतासँग निरन्तर सम्पर्क विस्तार गर्नुपर्ने चुनौती रह्यो,' उनले भने, 'देशभर जुन जनमत निर्माण हुँदै थियो। त्यो कुरा कर्णालीले बुझ्न नसकेको पनि हुन सक्छ।'

■ काठमाडौंमा वायु प्रदूषण उच्च



देशैभर वायु प्रदूषण उच्च रहँदा आइतबार काठमाडौं उपत्यकामा आकाश धुम्म देखिएको छ। वायुको गुणस्तर मापनका आधारमा यस्तो सूची सार्वजनिक गर्ने आइक्युएयरका अनुसारका विश्वकै प्रदूषित सहरको सूचीको दोस्रो स्थानमा काठमाडौं रहेको छ। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

जनप्रतिनिधिबाट राजीनामा दिएर संघीय सांसद बन्न दौडेका कोशीका आठमध्ये साम्पाङ मात्र सफल

उदयपुरमा **विदुर कटुवाल**



स्थानीय तह वा प्रदेशको जिम्मेवारी छाडेर संघीय संसद् पुग्ने लक्ष्यसहित प्रतिनिधिसभा निर्वाचनमा होमिएका कोशी प्रदेशका अधिकांश जनप्रतिनिधिले हार व्यहोर्नुपरेको छ। पदमै रहँदा लोकप्रियता देखाएका धेरै नेता संघीय निर्वाचनमा भने अपेक्षित समर्थन जुटाउन असफल हुँदा पराजित भए।

स्थानीय तहका वडाध्यक्ष, प्रमुख तथा उपप्रमुखसहित एक प्रदेश सभा सदस्यसहित आठजना पद त्यागेर संघीय सांसद बन्न निर्वाचनमा होमिएका थिए। जसमा धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई (हर्क साम्पाङ) बाहेक सबै पराजित भएका छन्। दुईजना उम्मेदवारले अत्यन्तै कम मत ल्याउँदै जमानतसमेत जोगाउन सकेनन् भने केहीले प्रतिस्पर्धात्मक मत पाए पनि अन्ततः विजय हात पार्न सकेनन्।

धरान उपमहानगरपालिकाको प्रमुख पदबाट राजीनामा दिएर श्रम संस्कृति पार्टी खोलेर सुनसरी १ बाट उम्मेदवारी दिएका साम्पाङले जित निकालेका छन्। निर्वाचनको अन्तिम मतपरिणामअनुसार उनले ३५ हजार ७४१ मत प्राप्त गर्दै विजय हासिल गरेका छन्। धरान नगरपालिका- १७ का वडाध्यक्ष पद त्यागेर नेपाली कम्युनिस्ट पार्टीबाट उम्मेदवारी दिएका सूर्यबहादुर भट्टराई ६ हजार १८५ मत मात्र प्राप्त गर्दै चौथो स्थानमा सीमित भए। उनी पनि हर्कसँगै भिडेका थिए।

मोरङको रंगेली नगरपालिकाको प्रमुख पद छाडेर एमालेबाट प्रतिनिधिसभा चुनाव लडेका दिलीपकुमार अग्रवाललेे भने प्रतिस्पर्धात्मक मत पाए पनि जित निकाल्न सकेनन्। मोरङ २ बाट एमालेका उम्मेदवार बनेका उनले १५ हजार ६२४ मत प्राप्त गर्दै दोस्रो स्थान हासिल गरेर चित्त बुझाएका छन्। उक्त क्षेत्रमा रास्वपाका उम्मेदवार कृष्णकुमार कार्की ४० हजार ९२४ मत ल्याउँदै विजयी भए।

इलामको सूर्योदय नगरपालिकाका प्रमुख पद त्यागेर प्रतिनिधिसभा चुनावमा होमिएका रणबहादुर राई पनि सफल हुन सकेनन्। इलाम १ बाट नेकपाका उम्मेदवार बनेका उनी हालसम्मको मतगणनाअनुसार पाँचौं स्थानमा छन्। उनको जित अनिश्चित बनेको छ।

सोलुखुम्बुको थुलुङ दुधकोशी गाउँपालिकाका अध्यक्ष पद त्यागेर चुनाव लडेका असीम राई पनि पराजित भएका छन्। सोलुखुम्बुमा काङ्ग्रेसका प्रकाशसिंह कार्कीले १३ हजार १६६ मत ल्याउँदै जित हासिल गरेका छन्। असीम राई नौ हजार ४१४ मत प्राप्त गर्दै दोस्रो स्थानमा सीमित भएका छन्। उनी नेकपाबाट लडेका थिए। ओखलढुंगाको लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापा पनि प्रतिनिधिसभा निर्वाचनमा सफल हुन सकिनन्। एमालेबाट उम्मेदवारी दिएकी उनले चौथो स्थान मात्र हासिल गरिन्।

■ मेयरबाट राजीनामा, संसदीय राजनीतिमा पराजित



रेनु दाहाल



रामलाल डगौरा



खिमलाल थापा

भरतपुर महानगरपालिकाको मेयरबाट राजीनामा दिएर चितवन ३ मा प्रतिनिधिसभा उम्मेदवार बनेकी नेकपाकी रेनु दाहाल पराजित भइन्। उनी रास्वपा उम्मेदवार सोविता गौतमसँग पराजित भएकी हुन्। टीकापुर नगरपालिकाको मेयरबाट राजीनामा दिएका नेकपाका रामलाल डगौरा थारू पनि कैलाली १ मा पराजित भए। एमालेबाट काभ्रे २ मा उम्मेदवार बनेका अशोककुमार ब्याञ्जु श्रेष्ठ पनि पराजित भए। उनले धुलिखेल नगरपालिकाको मेयरबाट राजीनामा दिएका थिए। यस्तै, स्याङ्जाको कालीगण्डकी गाउँपालिका अध्यक्षबाट राजीनामा दिएर स्याङ्जा २ मा प्रतिनिधिसभा उम्मेदवार बनेका खिमबहादुर थापा पनि संघीय सांसद बन्न असफल रहे।

जमानत जफत भएका सिटौला र राई

उदयपुरको लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष पद छोडेर स्वतन्त्र उम्मेदवार बनेका मेजर राईले अत्यन्तै न्यून मत प्राप्त गरेका छन्। उदयपुर २ बाट उम्मेदवारी दिएका उनले जम्मा ९० मत पाएर जमानतसमेत जोगाउन सकेनन्। आफूनै गाउँबाट उनले २० भोट पाए। उदयपुर २ मा रास्वपाका उम्मेदवार सूर्यबहादुर तामाङले १४ हजार ८०२ मत ल्याउँदै विजय हासिल गरे। कोशी प्रदेश सभा सदस्य पद त्यागेर झापा ४ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका राष्ट्रिय प्रजातन्त्र पार्टीका भक्तिप्रसाद सिटौला दुई हजार ८० मत ल्याउँदै पाँचौं स्थानमा सीमित भए। उनको जमानतसमेत जोगिएन। उक्त क्षेत्रमा रास्वपाका उम्मेदवार शम्भुप्रसाद ढकालले ४३ हजार ६३१ मत ल्याउँदै सहज जित हात पारेका थिए।

संक्षेप

ओखलढुंगामा पाँच मतले रास्वपाका पोखरेल विजयी

ओखलढुंगा/ ओखलढुंगामा रास्वपाका विश्वराज पोखरेल निर्वाचित भएका छन्। कांग्रेस उम्मेदवार कुमार लुइँटेललाई पाँच मतले पछि पार्दै पोखरेल निर्वाचित भएका हुन्। पोखरेलले १३ हजार ९५३ र कांग्रेसका लुइँटेलले १३ हजार ९४८ मत प्राप्त गरे। नेकपाका अम्बिरबाबु गुरुङले ११ हजार २९६ र एमालेकी अस्मिता थापा १० हजार ७२० मत ल्याएर चौथो भइन्। श्रम संस्कृति पार्टीका उम्मेदवार डा. उद्धव राईले तीन हजार ८५८ मत ल्याए। १५ उम्मेदवारमध्ये पाँचजनाबाहेक अन्यले हजार मतसमेत कटाउन सकेका छैनन्। उज्यालो नेपाल पार्टीका उम्मेदवार किशोरी कार्कीको ९६५ मत आएको छ। एक लाख २२ हजार ७१५ मतदाता रहेको ओखलढुंगामा ५९ हजार ७९ मत खसेको थियो। तीन हजार ३५६ मत बदर भएको छ। यसअघि ०६४ मा तत्कालीन माओवादी र ०७० यता कांग्रेस-एमालेले पालैपालो जित्दै आएको ओखलढुंगामा यसपटक रास्वपाले जित निकालेको छ।

बागमती प्रदेशमा दुलाललेे जोगाए कम्युनिस्टको साख

काठमाडौं/ बागमती प्रदेशमा प्रत्यक्षतर्फ मतगणना सकिएको छ। प्रदेशका ३३ मध्ये ३१ क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भएका हुन्। एक क्षेत्रमा काङ्ग्रेस र एक क्षेत्रमा नेकपाका उम्मेदवार विजयी भए। सिन्धुपाल्चोक २ मा नेकपा र रसुवामा काङ्ग्रेसका उम्मेदवार विजयी भएका छन्। रास्वपाको लहर चलेका वेला सिन्धुपाल्चोक २ मा नेपाली कम्युनिस्ट पार्टीका युवराज दुलाल विजयी भएका छन्। २१ हजार ६९९ मतसहित उनी विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी काङ्ग्रेसका वंशलाल तामाङले १९ हजार १४६ मत पाए। दुलाल दुई हजार ५५३ मतान्तरसहित विजयी भएका हुन्। यो क्षेत्रमा एमालेका शेरबहादुर तामाङ १५ हजार ९२६ मतसहित तेस्रो भए भने रास्वपाका झलककुमार श्रेष्ठले १४ हजार १९ मत प्राप्त गरे। विजयी हुने दुलाल यसअघि प्रदेशमन्त्रीसमेत भएका थिए।

रामेछापमा रास्वपाका बुढाथोकी निर्वाचित

रामेछाप/ एउटा मात्रै निर्वाचन क्षेत्र रहेको रामेछापमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार कृष्णहरि बुढाथोकी विजयी भएका छन्। उनले २४ हजार ८०८ मत प्राप्त गरे। उनी सात हजार ११९ मतले एमालेका माधवप्रसाद ढुंगेललाई पछि पार्दै निर्वाचित भएका हुन्। ढुंगेलले १७ हजार ६०९ मत प्राप्त गरेका छन्। कांग्रेस उम्मेदवार रामचन्द्र खड्काले १६ हजार ३०७ मत प्राप्त गरे। नेकपाका उम्मेदवार श्यामकुमार श्रेष्ठले १३ हजार ३५४ मत प्राप्त गरेका छन्। ०७९ को निर्वाचनमा रामेछापबाट काङ्ग्रेसका पूर्णबहादुर तामाङ (कान्छाराम) ४७ हजार ९९ मत प्राप्त गरी निर्वाचित भएका थिए।

लागुऔषधसहित विभिन्न स्थानबाट आठजना पक्राउ

काठमाडौं/ देशका विभिन्न स्थानबाट प्रहरीले लागुऔषध तथा कानुनले निषेध गरेका चिकित्सकीय औषधिसहित आठजनालाई पक्राउ गरेको छ। केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार शनिबार गस्तीमा खटिएको प्रहरी टोलीले मोरङ, दाङ, कैलाली र कञ्चनपुर जिल्लाका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो। मोरङको पथरी शनिश्चरे नगरपालिका- ८, मंगलबारेबाट मानबहादुर दर्जीसहित तीनजना पक्राउ परेका छन्। त्यस्तै, दाङको घोराही उपमहानगरपालिका- १४ स्थित न्यु मनकामना गेस्टहाउसबाट ब्राउनसुगरजस्तो देखिने अवैध लागुऔषधसहित दुईजनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। यस्तै, कैलालीको धनगढी उपमहानगर पालिका- ३, चटकपुरबाट स्थानीय २३ वर्षीय अमन रानासहित दुईजना पक्राउ परेका छन्। कञ्चनपुरको कृष्णपुर नगरपालिका- २, स्याउले चोकबाट खैरो हेरोइनजस्तो देखिने लागुऔषधसहित २५ वर्षीय कुवेर शाहीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। पक्राउ परेका व्यक्तिहरू तथा बरामद गरिएको लागुऔषधबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

देश जोड्दै नयाँ जनमत

बालेन्द्र शाह प्रधानमन्त्री बन्नु देश जोड्ने दृष्टिले आधुनिक नेपालको इतिहासमा कालजयी महत्त्वको विषय हो



● धर्मेन्द्र झा

अग्रलेख



विगतको अस्थिर राजनीतिको बाछिटाबाट जोगिँदै नयाँ सरकारले स्थिर रूपमा पाँच वर्ष काम गर्न सक्षम हुनैपर्छ। यसो हुन सके देशमा नीतिगत स्थिरता, विकास आयोजनाको निरन्तरता, भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्ने सम्भावना बढ्नेछ।

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनको मतपरिणाम क्रमशः सार्वजनिक हुँदै छ। यो सामग्री तयार पारुन्जेल मतगणनापश्चात् प्रत्यक्षतर्फको करिबकरिब सबैजसो परिणाम सार्वजनिक भइसकेको छ। निर्वाचन परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बहुमतसहित संसद्मा पहिलो दलका रूपमा स्थापित हुने निश्चित छ। समानुपातिकतर्फको मतगणना पनि जारी छ र अहिलेकै अवस्था कायम रहे समानुपातिक मतसमेतका आधारमा रास्वपाले दुईतिहाइको बहुमत प्राप्त गर्नेछ। यो मतपरिणामका आधारमा नेपाली जनताले देशको राजनीतिक नेतृत्व रास्वपाका माध्यमबाट युवाको काँधमा सुम्पिएको मान्न सकिन्छ।

रास्वपाले संसद्मा एक्लैले दुईतिहाइको बहुमतप्राप्त गरेका खण्डमा एकातिर स्थिर राजनीतिक अवस्था विस्तार हुने सम्भावना बढ्छ भने अर्कातिर सरकारले आफूअनुकूल अवस्था निर्माण गरेर आफ्नो नीति तथा कार्यक्रम पूर्णतः लागू गर्न सक्छ। यो अवस्थाले देशलाई एक स्पष्ट खास दिशामा डोऱ्याउन मद्दत गर्ने अपेक्षा गर्न सकिन्छ। तर, यहाँ यसपटक यस विषयमा चर्चा नगरेर निर्वाचनको परिणामले नेपाली समाजमा पारेको प्रभावबारे चर्चा गर्ने प्रयत्न गरिएको छ।

हाल सार्वजनिक हुँदै गरेको चुनावी परिणामले एउटा युग परिवर्तन गर्न खोजेको आभाष भएको छ। वास्तवमा देशका सामु एक महत्त्वपूर्ण कार्यभार बाँकी थियो, जुन कार्यको प्रारम्भ यसपटकको निर्वाचनमार्फत भएको छ। यस अवस्थामा नेपाली समाज र राजनीतिबारे केही महत्त्वपूर्ण निष्कर्ष निकाल्न सकिने अवस्था सिर्जना गरेको छ। मतपरिणामको प्रवृत्तिको विश्लेषण गर्ने हो भने केही सकारात्मक प्रभावको पहिचान गर्न सकिने अवस्था हाम्रासामु प्रस्तुत भएको छ भन्नु अन्यथा हुनेछैन। यसपटकको निर्वाचनका माध्यमबाट नेपाली मतदाताले वर्गीय, क्षेत्रीय, जातीय, भौगोलिक, धार्मिक तथा साम्प्रदायिक दूरी कम गर्दै समाजलाई नयाँ ढंगले पुनर्संरचना गर्ने संकेत दिएका छन्। निर्वाचन परिणामको यो सर्वाधिक महत्त्वपूर्ण पक्ष हो। यस परिणामले समग्रमा राष्ट्रनिर्माणको प्रक्रियालाई थप बल पुऱ्याउन सक्ने सम्भावनाको विस्तार गरेको छ। विगतका निर्वाचनमा एउटा खास, वाद, जात, समुदाय, धर्म हाबी हुने गरेको गुनासोको पृष्ठभूमिमा यसपटकको निर्वाचनले नयाँ प्रवृत्तिको बीजारोपण गरेको छ, जो निकै सकारात्मक छ।

विगतका निर्वाचनमा केही क्षेत्र निश्चित दलको 'दलीय गढ'का रूपमा चिनिन्थे। ती स्थानमा परम्परागत रूपमा एउटै दलको प्रभाव कायम रहने गरेको थियो, तर यसपटकको निर्वाचन परिणामले ती गढ भत्किएको स्पष्ट देखाएको छ। भक्तपुर १ र डडेल्धुरा निर्वाचन क्षेत्रलाई यसको उदारहणका रूपमा प्रस्तुत गर्न सकिन्छ। २०४८ सालपछिको संसदीय निर्वाचनमा भक्तपुर १ बाट सर्वेँ नेपाल मजदूर किसान पार्टी र डडेल्धुराबाट सर्वेँ नेपाली कांग्रेसले जित्दै आएकामा यसपटकको निर्वाचनमा फरक परिणाम आएको छ। यस्तै झापा ५ अहिलेसम्म नेकपा एमालेको गढका रूपमा चर्चित रहँदै आएकामा यसपटक रास्वपाका बालेन्द्र शाह नेपालको संसदीय इतिहासमै सर्वाधिक मत (६८ हजारभन्दा बढी मत प्राप्त गरी करिब ५० हजारको मतान्तर)सँगै विजयी भएका छन्। उनी करिब-करिब प्रधानमन्त्री बन्ने निश्चित छ। कुनै संशय नहोला, बालेन्द्र प्रधानमन्त्री बन्ने कुरा नेपालको इतिहासको एक अभूतपूर्व घटना हो। समाज पुनर्संरचना र आमस्वीकृतिका दृष्टिले आधुनिक नेपालको इतिहासमा यसको कालजयी महत्त्व छ। निश्चय, देश जोड्ने दृष्टिले यस परिणामको विशिष्ट महत्त्व छ।

त्यसैगरी, यसपटकको मतपरिणामका आधारमा विगतमा केही निर्वाचन क्षेत्रमा जातीय आधारमा मतदान हुने प्रवृत्तिमा पनि परिवर्तन आएको आकलन गर्न सकिन्छ। धेरै ठाउँमा मतदाताले जातीय सीमालाई पार गर्दै फरक ढंगले मतदान गरेका छन्। यस परिणामले नेपाली समाजमा बिस्तारै सामाजिक एकता र साझा राष्ट्रिय सोच बलियो बन्दै गएको संकेत गरेको निष्कर्ष निकाल्न सकिन्छ। यस्तै, विगतको संसदीय निर्वाचनको तुलनामा यसपटक महिलाहरू बढी संख्यामा निर्वाचित हुन सकेको पाइएको छ, जो सन्तोषको विषय हो। महिलाका साथै समावेश हुनुपर्ने समूहका उम्मेदवारले पनि प्रत्यक्ष मतदानबाट विजयप्राप्त गर्न सक्नु यसपटकको निर्वाचनको महत्त्वपूर्ण उपलब्धि हो। निर्वाचन परिणामबाट हिमाल, पहाड र मधेशबिचको दूरी घट्दै गएको संकेतको अनुभूति भएको छ। विभिन्न भौगोलिक क्षेत्रका मतदाताले समान ढंगले परिवर्तनको पक्षमा मत दिएका छन्। यसले राष्ट्रिय एकता र साझा राजनीतिक भविष्य निर्माणतर्फ सकारात्मक संकेत गरेको छ। राष्ट्र निर्माणका दृष्टिले यो नयाँ प्रवृत्तिलाई निश्चय पनि सकारात्मक मान्नुपर्छ।

> यसपटकको निर्वाचनका माध्यमबाट नेपाली मतदाताले वर्गीय, क्षेत्रीय, जातीय, भौगोलिक, धार्मिक तथा साम्प्रदायिक दूरी कम गर्दै समाजलाई नयाँ ढंगले पुनर्संरचना गर्ने संकेत दिएका छन्

यस आधारमा के भन्न सकिन्छ भने निर्वाचन परिणामले नेपाली मतदाताले अब परम्परागत राजनीतिक प्रभावबाट बाहिर निस्केर नयाँ विकल्पतर्फ सोच्न थालेको स्पष्ट संकेत गरेको छ। यस निर्वाचनको अर्को महत्त्वपूर्ण सन्देश पनि छ- नेपाली मतदाताले यथास्थितिमा परिवर्तन चाहेका छन् र त्यसको स्पष्ट अभिव्यक्ति मतदानमार्फत गरेका छन्। लामो समयदेखि एउटै शैलीको राजनीति, पुराना परम्परावादी दलको वर्चस्व र निरन्तर अस्थिर सरकारप्रति मतदातामा असन्तुष्टि थियो र त्यस अवस्थाबाट मुक्तिको चाहनालाई पनि यसपटकको मतदानमार्फत नेपाली मतदाताले स्वर प्रदान गरेका छन् भन्दा गलत ठहर्दैन। हालसम्मको मतपरिणामको विश्लेषण गर्दा एउटा अर्को महत्त्वपूर्ण विषयतर्फ पनि सोच्न नेपाली राजनीतिलाई प्रेरित गरेको छ। त्यो के भने, विगतमा पहिचानवादी आन्दोलनका नाममा स्थापित केही दलहरू स्वयं अहिले पहिचानको संकटको अवस्थामा पुगेका छन्। ती दल जसले पहिचानका नाममा क्षेत्र वा समुदायको मुद्दालाई केन्द्रमा राखेर राजनीतिक शक्ति प्राप्त गरेका थिए, अहिले मतदाताको विश्वास जोगाउन संघर्ष गरिरहेका छन्। यसले नेपाली राजनीतिमा मुद्दाको स्वरूप र मतदाताको सोचमा आएको परिवर्तनलाई संकेत गर्छ।

हालको राजनीतिक परिस्थितिलाई हेर्दा नेपालको राजनीतिमा दुई प्रमुख धार देखिएको मान्न सकिन्छ। पहिलो धार स्थापित र परम्परागत राजनीतिक शक्तिको हो, जसले लामो समयदेखि शासन व्यवस्था सञ्चालन गर्दै आएका छन्। दोस्रो धार नयाँ र फरक राजनीतिक शक्तिका रूपमा उदाएको छ, जसले परम्परागत राजनीतिक शैलीभन्दा फरक सोच र अभ्यास प्रस्तुत गर्ने प्रयास गरिरहेको छ। यसपटक मतदान प्रतिशत करिब ५९ प्रतिशत मात्र रहेको छ, जुन अपेक्षाभन्दा कम हो। यसले के संकेत गर्छ भने सबै मतदाता नयाँ शक्तितर्फ पूर्णरूपमा आकर्षित भएनन्। राजनीतिक विश्लेषक सिके लालका अनुसार कम मत खसेको तथ्यांकले यही कुरा पुष्टि गर्छ। तर, उनले अर्को महत्त्वपूर्ण पक्ष पनि औंल्याएका छन्- खसेको मतभित्र भने पुराना दलप्रति गहिरो विकर्षण देखिएको छ। अर्थात् मतदाताले पुरानो राजनीतिक शैलीप्रति असन्तुष्टि व्यक्त गरेका छन्। यस तथ्यप्रति सचेत रही नेपालका राजनीतिक दलले भावी रणनीतिमा जुट्नु अपरिहार्य छ।

२३ र २४ भदौमा भएको जनआन्दोलन (जेन-जी आन्दोलन)ले नेपाली समाजमा परिवर्तनको चाहना उजागर गरेको थियो। अहिलेको निर्वाचन परिणामलाई त्यो आन्दोलनको अभिमतलाई नेपाली जनताले लोकतान्त्रिक प्रक्रियामार्फत अनुमोदन गरेको रूपमा पनि बुझ्न सकिन्छ। त्यस अर्थमा यो निर्वाचनलाई 'रिभोल्युसन बाई ब्यालेट' अर्थात् मतपत्रमार्फत भएको क्रान्ति भनेर पनि व्याख्या गर्न सकिन्छ।

यसपटकको निर्वाचन परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी करिब दुईतिहाइ बहुमततर्फ अग्रसर देखिएको छ। यो अवस्था नेपाली राजनीतिमा परिवर्तनको ठुलो संकेत हो। विजयी भएका सबै उम्मेदवारलाई बधाई ! देशको नयाँ जनमत प्राप्त गरी सत्ता सञ्चालनको स्वीकृति पाएकाहरूलाई विशेष बधाई ! मतदाताले उनीहरूलाई पाँच वर्षसम्म स्थिर सरकार सञ्चालन गर्दै जनतालाई परिणाममुखी सेवा प्रदान गर्न जनमत दिएका छन्। जनताका अपेक्षा छन् र ती अपेक्षालाई सम्बोधन गर्नु भावी सरकारको दायित्व हो, जिम्मेवारहरूले यो कुरा बुझ्नैपर्छ। विगतका जिम्मेवारले कुरा नबुझ्दा नै नयाँ जिम्मेवारहरूको उदय भएको कुरामा विमति हुन सक्दैन। संसद्को अस्पष्ट अंकगणितका कारण पनि हुन सक्छ, लामो समयदेखि नेपालको राजनीतिमा दलबिच गठबन्धनमा आधारित सरकार बन्ने र भत्किने क्रम जारी थियो। यस्तो अस्थिर राजनीतिका कारण नीतिगत स्थिरता कायम गर्न कठिन भएको थियो। दीर्घकालीन महत्त्वका विकास आयोजना पनि प्रभावकारी रूपमा अघि बढ्न सकिरहेका थिएनन्। यस निर्वाचनबाट आएको जनमतले त्यो अवस्था अन्त्य गर्ने आशा गर्न सकिन्छ।

विगतको अस्थिर राजनीतिको बाछिटाबाट जोगिँदै नयाँ सरकारले स्थिर रूपमा पाँच वर्ष काम गर्न सक्षम हुनैपर्छ। यसो हुनसके देशमा नीतिगत स्थिरता, विकास आयोजनाको निरन्तरता, भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्ने सम्भावना बढ्नेछ। सम्बद्ध सबैलाई हेक्का रहोस्, यो निर्वाचन केवल सरकार परिवर्तनको सामान्य प्रक्रिया मात्र होइन, नेपालको राजनीतिक भविष्यलाई नयाँ दिशा दिने अवसर पनि हो।

३ प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **बलराम केसी**लाई



जेन-जी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदनबारे के भन्नुहुन्छ ?

यो प्रतिवेदन अलि अगाडि नै आउने तयारी थियो भन्ने सुनिएको थियो। तर, निर्वाचन सम्मुखमा भएकाले प्रतिवेदन आउँदा शान्तिसुरक्षामा खलल पुग्छ कि भनेर प्रधानमन्त्री सुशीला कार्कीले नै निर्वाचनपछि आउने गरी मिति थप गरेको भन्ने सुन्नमा आएको थियो। समयमै प्रतिवेदन नआउँदा जनतालाई धोका भयो। प्रतिवेदनमा 'ब्ल्याक लिस्टेड' कोही निर्वाचनमा उठेको भए जनताले उसलाई उतिवेलै दण्डित गर्न पाउने थिए। तर, ढिलै भए पनि प्रतिवेदन आएको छ। वर्तमान 'केयर टेकर' सरकारले प्रतिवेदनअनुसार कारबाही गर्न मिल्दैन। नयाँ आउने सरकारले आफ्नो पहिलो काम नै प्रतिवेदन सार्वजनिक गरेर कारबाही सुरु गर्नुपर्छ, यसलाई त्यत्तिकै थन्क्याउन मिल्दैन। नयाँ सरकारले पनि त्यसरी थन्क्यायो भने यसअघिका सरकार र उसमा के फरक भयो र ? अझ उसले त यसअघि तयार भएका तर सार्वजनिक नभएका प्रतिवेदन छन् भने तिनलाई पनि सार्वजनिक गरिदिन सक्नुपर्छ।

यो प्रतिवेदन सार्वजनिक हुने र कार्यान्वयन हुनेमा कति आशावादी हुनुहुन्छ ?

म त कार्की सरकारबाटै सार्वजनिक हुनेमा आशावादी थिएँ। अब बन्ने नयाँ सरकारबाट त झनै आशावादी छु। यो सरकारलाई यसमा लिनुदिनु केही छैन। त्यसैले उसले यसलाई सार्वजनिक पनि गर्नुपर्छ र कार्यान्वयनमा पनि लानुपर्छ। यति गर्न सकेमा ७६ जनाको आत्माले शान्ति पाउनेछ र सन्तान गुमाउने आमाबाबुलाई यो सरकारले गुन तिरेको ठहर्छ।

नयाँ सरकारले प्रतिवेदनलाई कसरी कार्यान्वयनमा लान सक्छ ?

यो प्रतिवेदन कार्यान्वयनमा लान कुनै बाधा छैन। कुनै कानुनले रोक्दैन। खालि आँट मात्र भए पुग्छ। नयाँ सरकारले यो वा त्यो व्यक्ति हेरेर कारबाही गर्ने या नगर्ने भनेर निर्णय गर्ने होइन, उसको कर्तुत हेरेर कानुनसम्मत कारबाही प्रक्रिया अघि बढाउन सक्नुपर्छ।

प्रेरक प्रसंग

अन्नको सम्मान

एकपटक भारतको एउटा छात्रावासको भान्सामा सम्पूर्ण विद्यार्थीलाई खाना पस्किएपछि कैयौँ विद्यार्थीले प्लेटमा राखेको सब्जी देखेर नाक खुम्च्याए। उनीहरूमध्ये धेरैले थालमा पस्किएको बैगुनको तरकारीलाई घृणामिश्रित नजरले हेरे। उनीहरूले खाने सुरसार गरेनन्। भोक लागेको भए पनि उनीहरूमध्ये अधिकांश विद्यार्थी होहल्ला गर्न थाले। केहीले प्लेटको डढेको रोटीको किनारा चुँडेर पानीमा मिलाए र प्लेट पर सारिदिए। अनि कहिले भान्से त कहिले सम्बद्ध अधिकारीलाई गाली गर्न पनि थाले।

जतिखेर खाना खाने ठाउँमा यस्तो होहल्ला मच्चिरहेको थियो, तब त्यहीँ बाहिर भने एकजना मानिस खाना खाने सबै विद्यार्थीका जुत्ता यताउताबाट टिपेर लाइनमा मिलाएर राखिरहेका थिए। जब होहल्ला निकै बढ्यो तब ती मानिस भित्र पसे। उनी पनि कहिलेकाहीँ त्यहीँ खाना खान्थे। उनले टाढा फालिएको डढेको रोटीको टुक्रा, पानी तथा बैगुन भएको प्लेट टिपे र जेजस्तो खाना थियो त्यो मजाले खान थाले।

केटाहरू चुपचाप त्यो सब हेरिरहेका थिए। एक प्लेट खाना खाइसकेपछि उनले अर्को प्लेट खाना मगाए र केटाहरूतिर हेर्दै बोले, 'सायद तिमीहरूलाई थाहा छैन होला, तिमीहरू बस्ने वरिपरिका बस्तीमा यस्ता पनि मानिस बस्छन् जसले यस्तो खाना पनि खान त पैसो कुरा भयो, देख्नसमेत पाएका छैनन्। यदि तिमीहरूले यो सब खाना नफ्याँकेको भए कमसेकम उनीहरूले भोकै सुत्नुपर्ने त थिएन। तर, तिमीहरूले त खाना खानलायक नै छोडेनौ। अब यो कसलाई दिन सकिन्छ र ? यसैले मेरो विचारमा यो खाना मैले खाएँ भने मेरो भागको खाना कुनै अर्को भोको मानिसलाई दिन त सकिन्छ।' उनको कुरा सुनेपछि केटाहरू अवाक् बने र आफूहरूले ठुलो गल्ती गरेको महसुस गर्दै त्यस दिनदेखि कहिल्यै खाना नफाल्ने वाचा गरे। यसरी अन्नको अनादरलाई सबैभन्दा ठुलो अपराध मान्ने र अन्नको सम्मान गर्ने ती मानिस थिए जाकिर हुसेन। जो पछि गएर भारतका राष्ट्रपति बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सक्किने कि सच्चिने ?

२१ फागुनको निर्वाचन परिणामसँगै पुराना दलहरूसामु एउटा गम्भीर प्रश्न तेर्सिएको छ, अब सच्चिने कि सक्किने ? दलहरूले आफूलाई सर्वांगीण रूपमा सच्याएर जनताको मन जित्न सक्ने गरी आफूमा रूपान्तरण गरे भने पुराना दलहरूको औचित्य सकिएको छैन, बाँकी नै छ। तर, उनीहरू अझै पनि कुवाको पानीजस्तो जमेरै बसिरहे, जनताको गति र मति बुझ्न सकेनन् या चाहेनन् भने आगामी दिनमा अहिले बाँकी रहेको धुकधुकी पनि समाप्त भएर जानेछ। त्यसैले अब दलहरूले तिनको नेतृत्वदेखि नीति, कार्यशैलीमा समेत परिवर्तन ल्याउनुपर्छ साथै, आफ्नो दलभित्रका भ्रष्टाचारीहरूलाई कारबाही गर्न सघाउनुपर्छ। अन्यथा, पुराना ती दलहरू कुनै दिन लोप भएर जानेछन्, हेक्का रहोस्।

● **गोविन्द मैनाली**, ठैब, ललितपुर

शीर्ष नेताहरूले विश्राम लेऊ

रास्वपाबाहेक अधिकांश दलका शीर्ष नेताहरू २१ फागुनको निर्वाचनमा पराजित भए। यो जनताले उनीहरूलाई आगामी दिनमा संसद्मा देख्न नचाहेको संकेत हो। जब जनताले यसरी अस्वीकार गर्छन् भने तिनले आगामी दिनमा फेरि पनि घुमिफिरी राजनीतिमा आउने सपना देख्न छाडेर अब राजनीतिक विश्राम लिनु नै बुद्धिमानी ठहर्छ। उनीहरूले देशलाई दिन सक्ने र देशबाट लिनुपर्ने सबै लिइसके। त्यसैले अबका दिनमा सम्मानजनक विश्राम लिनु नै उत्तम हो।

● **सन्तोष सुब्बा**, गैरीधारा, काठमाडौं

जनतालाई सुशासन देऊ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पछिल्लो निर्वाचनबाट दुईतिहाइ मत पाउने लगभग पक्का भएको छ। जनताले एउटै दललाई यति ठुलो बहुमत दिएको यो पहिलोपटक हो। यति ठुलो बहुमत अब रास्वपाले देशका लागि गर्नुपर्ने हरेक काम विनाबाधा गर्न सक्छ। अब रास्वपाले यदि या तर भन्ने छुट पाउँदैन। उसले जनतालाई सुशासन दिन सक्नुपर्छ। भ्रष्टाचारमुक्त समाज आजको आवश्यकता हो। रास्वपाले यसतर्फ ध्यान पुऱ्याओस्।

● **सुम्निमा राई**, गट्ठाघर, भक्तपुर

बालेनलाई बधाई !

यतिखेर नेपाली राजनीतिमा बालेनको जति क्रेज सायद समकालीन विश्वमा कुनै नेताका छैन। जहाँ गयो त्यहीँ उनलाई हेर्न फोटो खिच्नकै लागि बालकालिकादेखि वृद्धवृद्धाको घुइँचो लाग्छ। एक ३५ वर्षीय युवाले आमनेपालीको मन यसरी जित्नु सामान्य मान्न सकिँदैन। धेरै नबोल्ने, हाँसेर सटिक तर छोटो उत्तर दिने उनको शैलीले जनमानस अचम्मा परेका छन्। झापा ५ बाट निर्वाचन लड्छु भन्दा कतिपयले उनको राजनीतिक करिअर सकियो भनेका थिए। अहिले उनले प्राप्त गरेको मत देखेर सबै चकित छन्। नेपालको इतिहासमा कम उमेरमा प्रधानमन्त्री बन्ने व्यक्ति बालेन शाह बन्दै छन्। त्यति मात्र होइन, रास्वपाले एकल दुईतिहाइको सरकार बनाउने लगभग पक्का भएको छ।

तीन वर्षअघि काठमाडौं महानगरको मेयर पदमा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचन जितेका बालेनले महानगरमा आफूले सक्नेजति काम गरेर जनताको मन जिते। तीन वर्ष मेयर चलाएका उनले सोचेजस्तो काम गर्न भने सकेनन्। राजनीतिक दलहरूको घेराबन्दीमा परेका उनका हरेक कदममा बाधा-अड्चन आयो। नेताले बोल्ने होइन, काम गरेर देखाउने हो भन्ने सन्देश बालेनले नेताहरूलाई दिएका छन्। उनी हरेक ठाउँमा चारदेखि पाँच मिनेट बोलेर जनताको मन जित्न सफल भएका छन्। एमालेका नेताले अनेक टिप्पणी गर्दा पनि एक शब्द नबोलेका बालेनले आज देशभर रास्वपालाई जिताएका छन्। उनलाई बधाई छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
mirepu@gmail.com

३६ वर्षमा राष्ट्रपति बनेका बोरिकको शासनकाल फर्केर हेर्दा

बोरिकले गल्ती भएको अवस्थामा मार्ग परिवर्तन गर्ने इच्छाशक्ति देखाए, जुन अघिल्लो पुस्ताका वामपन्थी नेताहरूमा प्रायः देखिँदैनथ्यो



देश/विदेश

● क्याथरिन ओसबोर्न

दक्षिण अमेरिकी देशहरूमा भएको पछिल्ला राष्ट्रपति चुनावहरूमा दक्षिणपन्थी शक्तिले एकपछि अर्को जित हासिल गरेको देखिन्छ। अझ यस भेगका केही दक्षिणपन्थी अनुहार तुलनात्मक रूपमा निकै युवा छन्, जसमा साल्भाडोरका राष्ट्रपति नयिब बुकेले र इक्वेडरका राष्ट्रपति डेनियल नोबोआ पनि समावेश छन्। तथापि, चिलीका निवर्तमान युवा राष्ट्रपति गेब्रियल बोरिक तीभन्दा फरक वामपन्थी धारमा उभिएर पनि सफल रहे। बोरिकले आफ्नो देशमा नवउदारवादको 'चिहान' खन्ने वाचासाथ चुनावी अभियान सुरु गरेका थिए। सोही सफल अभियानमार्फत सन् २०२२ मा ३६ वर्षको उमेरमा उनले पदभार ग्रहण गरे। र, बुधबार बोरिक नवनिर्वाचित दक्षिणपन्थी उत्तराधिकारीलाई सत्ता हस्तान्तरण गरेर बिदा हुँदै छन्।

सन् २०१९ मा उठेको विशाल सरकारविरोधी प्रदर्शनपछि बोरिक धेरैको नजरमा परेका थिए। त्यसपछि निरन्तर राजनीतिक कद बढाउँदै उनले आफूलाई राष्ट्रपतिका उम्मेदवार बन्ने हैसियत बनाए। राष्ट्रपति पदका लागि चुनावी अभियानका क्रममा बोरिकले सो पदमा रहँदा चिलीको तानाशाही युगमा बनेको संविधान पुनर्लेखन गर्ने महत्त्वाकांक्षी परियोजनालाई यथार्थमा बदल्ने वाचा गरेका थिए। सो वाचाअनुरूप दुईवटा संविधानसभा बने तैपनि नयाँ संविधान लेखिएन। पुरानो संविधान उल्ट्याउने प्रयास असफल भए पनि बोरिकको शासनकालले ल्याटिन अमेरिकी वामपन्थीका लागि नयाँ मानक तय गऱ्यो, जुन उनको कार्यकालपछि पनि प्रतिध्वनित भइरहन सक्छ। 'बोरिकले अधिनायकवादी वामपन्थी र प्रजातान्त्रिक वामपन्थीबिच भिन्नता रहेको सबैलाई बुझ्काए,' अर्जेन्टिनाका राजनीतिक वैज्ञानिक एन्ड्रेस मालामुडले भने। यस्तो भिन्नता जनाउन उनले बोरिकको शासनलाई भेनेजुएलाको शासनसँग तुलना गरे।

सन् १९८० र १९९० को दशकमा ल्याटिन अमेरिकामा वामपन्थीले मानव अधिकारलाई मूल नारा बनाएका थिए। तर, हालैका वर्षमा, धेरै वामपन्थीले क्युवा, निकारागुआ र भेनेजुयलाका वामपन्थी सरकारलगायत विश्वका अन्य भागमा वामपन्थीले लिएको अधिनायकवादी बाटोको आलोचना गर्न अस्वीकार गरेका थिए। यस सन्दर्भमा, युक्रेनमा रुसी आक्रमण र भेनेजुएलामा भइरहेका मानवअधिकार उल्लंघनको निन्दा गरेर बोरिकले आफूलाई अरूभन्दा फरक देखाए। एकपटक ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले बोरिकलाई यस्ता टिप्पणीका लागि आलोचना गर्दै उनलाई अन्तर्राष्ट्रिय कूटनीतिमा अनुभवहीन 'अल्लारे केटा' भनेका थिए। यसका बाबजुद भेनेजुएलामा बोरिकको अडानले क्षेत्रीय प्रगतिशीलमाझ उनी प्रशंसित पात्र बने।

भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोप्रति पुराना वामपन्थी नेताको नरमपनले अलमल्लमा परेका प्रगतिशीलहरूले बोरिकमार्फत फरक बल पाए। मदुरो यस भेगमा यति अलोकप्रिय थिए, एक मतसर्वेक्षणमा ६० प्रतिशत ल्याटिन अमेरिकीले मदुरोलाई जनवरीमा अमेरिकाले अपहरण गरेकामा खुसी व्यक्त गरेका थिए। (लुला पनि पछि मदुरोको आलोचना गर्न थालेका थिए।)

मानव अधिकारप्रतिको बलियो अडानका अतिरिक्त बोरिकले गल्ती भएमा मार्ग परिवर्तन गर्ने इच्छाशक्ति देखाए, जुन अघिल्लो पुस्ताका वामपन्थीमा देखिँदैनथ्यो। बोरिकले गरेका दुवै संवैधान पुनर्लेखन प्रयास राजनीतिक ध्रुवीकरणले असफल भयो। ती



असफलता पछि, उनले आफ्नो मन्त्रिपरिषद्मा थप मझधारका सदस्य समावेश गरे। त्यसपछि उनले देशमा सुरक्षा र सीमा नियन्त्रणसम्बन्धी थप आक्रामक नीति अपनाए, जुन उनले सुरुवाती चरणमा विरोध गर्थे। यी सुधारका कारण कार्यकालको अन्त्यसम्ममा चिलीमा हत्या र अनियमित बसाइँसराइ दुवै घट्दै गयो।

'चिलीको वामपन्थी समूह युवा छ। र, यो आफ्नै गल्तीबाट सिक्न इच्छुक छ,' चिलीका टिप्पणीकार प्याट्रिसियो फर्नान्डेजले भने, 'निश्चित रूपमा बोरिकको सरकारले असाधारण काम गरेको भन्ने दाबी गरेको होइन। तर, उथलपुथलको समयमा पनि यसले देशलाई स्थिर राख्न सक्षम भयो।'

विदेश नीतिमा, बोरिकले केही प्राथमिकतामा निरन्तरता दिए भने केही परिवर्तन अवलम्बन गर्ने। उनले आफ्ना पूर्ववर्तीभन्दा बढी नारीवाद र ऊर्जा संक्रमणमा जोड दिएको चिलीका विदेश मन्त्रालयका वरिष्ठ अधिकारी एन्ड्रेस भिलारले भने। बोरिक प्रशासनले देशको लिथियम क्षेत्रका लागि औद्योगिक नीति पनि सुरु गऱ्यो। साथै, उनको सरकार 'हाई सी सन्धि' अनुमोदन गर्ने दोस्रो देश बन्यो।

बोरिकको विरासत आंशिक रूपमा उनका उत्तराधिकारी जोसे एन्टोनियो कास्टको कार्यकालमा पनि निर्भर हुने अर्जेन्टिनी राजनीति वैज्ञानिक मालामुडले तर्क गरे। 'यदि कास्टको सरकारले धेरै राम्रो काम गऱ्यो भने मानिसले बोरिकलाई 'आलोकाँचो युवा' नेताका रूपमा सम्झिनेछन्। तर, कास्टको शासनकाल खराब रह्यो भने बोरिकको शासनकाललाई मिठो सम्झनासाथ स्मरण गरिनेछ,' मालामुडले भने।

केही मानिसले बोरिकलाई न्युयोर्क सहरका मेयर जोहरान ममदानीसँग तुलना गरे पनि मालामुडले उनलाई अर्कै अमेरिकी राजनीतिज्ञ पूर्वराष्ट्रपति जिमी कार्टरसँग तुलना गरे। 'कार्टर पुनः निर्वाचित हुन सकेनन्। तर, अहिले मानिसले उनलाई अमेरिकाको निकट इतिहासको उत्कृष्ट पूर्वराष्ट्रपति मान्छन्। निर्वाचनपछि कार्टर चुनाव अवलोकन कार्यमा सहभागी भए। धेरै युद्धको मध्यस्थता गरे। बोरिकले पनि यस्तै भूमिका खेल्न सक्छन्। अहिले युद्धको बादल मडारिरहेको समयमा यो भूमिका निकै उपयोगी पनि हुनेछ।'

(ओसबोर्न फरेन पोलिसीका लागि लेख्छिन्)

फरेन पोलिसीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विध्वंसात्मक हुनेछ इरानको विखण्डन

इजरायली गुप्तचर एजेन्सीले पृथकतावादलाई सघाउन सुरु गरिसकेको छ भने युद्ध अन्त्यपछिको योजनाबारे अन्योलमा रहेको अमेरिकाले समेत यस 'रणनीति'मा विचार गरिरहेको छ

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु अन्ततः आफूले चाहेअनुरूपको इरानसँग युद्ध सुरु गर्न सफल भएका छन्। हुन पनि इरान मध्यपूर्वको एक मात्र त्यस्तो शक्ति हो, जोसँग इजरायल त्रसित हुन्छ र जसलाई इजरायल कमजोर बनाउन चाहन्थ्यो। संयुक्त राज्य अमेरिका यस अवैध युद्धको नाम मात्रको वरिष्ठ साझेदार भए पनि यो मूलतः नेतन्याहुको युद्ध हो। किनकि यसको रणनीतिदेखि लक्ष्यसम्म उनैले निर्देशित गरिरहेको देखिन्छ। इजरायलले नै इरानी शीर्ष नेतृत्वको छानीछानी मार्ने र छात्रा पढ्ने स्कुलसमेत नछुट्याई आक्रमण गर्दै यो युद्ध सुरु गरेको थियो।

इजरायलले हालैका वर्षहरूमा हमास, हिजबुल्लाह र हुथीविरुद्ध यही रणनीति प्रयोग गरेको देखिँदै आएकै हो। तथापि, यसअघि नै इजरायली गुप्तचर निकाय मोसादले इरानभित्र पनि देशका भौतिकशास्त्री र इन्जिनियरको हत्या अभियान चलाइरहेको थियो। इरान नौ करोड ३० लाख मानिस भएको धेरै ठुलो देश हो, जसको आकार झन्डै युरोपको फ्रान्स, जर्मनी र स्पेनको बराबर छ। यस्तोमा विशाल देशलाई अमेरिकाले त पूर्ण कब्जा गर्न सक्दैन भने सानो आकारको इजरायलले सक्ने कुरै छैन। त्यसैले इजरायलका युद्ध सरदारहरूले लामो समयदेखि इरानलाई विभिन्न जातीय राज्यमा विभाजित गर्नुपर्ने पैरवी गर्दै आएका छन्।



● माइकल बुर्लेइघ

बुर्लेइघ 'लन्डन स्कुल अफ इकोनोमिक्स'का वरिष्ठ फेलो हुन्।

इजरायली गुप्तचर एजेन्सीले पृथकतावादलाई सघाउन सुरु गरिसकेको छ। उता युद्ध अन्त्यपछिको योजनाबारे अन्योलमा रहेको अमेरिकाले समेत यस 'रणनीति'मा विचार गर्न सुरु गरेको छ। सिएनएनको एक रिपोर्टअनुसार 'अमेरिकी गुप्तचर संस्था सिआइएले इरानमा लोकप्रिय विद्रोह भड्काउने उद्देश्यले कुर्द सेनाहरूलाई हतियार प्रदान गर्न थालिसकेको छ।'

आखिर इरानलाई टुक्र्याउने विचार इजरायल र अमेरिकाभित्रका केही रणनीतिकारलाई किन आकर्षित गरिरहेको छ भनेर बुझ्न गाह्रो छैन। इरानको कुल जनसंख्याको केवल ६१ प्रतिशत मात्र हामीले भन्ने गरेको 'इरानी' अर्थात् फारसी जाति हुन्। फारसीपछि ठुलो संख्या अजरबैजानी टर्क जातिको छ, जसको जनसंख्यामा हिस्सा करिब २४ प्रतिशत छ। विशेष देशको उत्तर-पश्चिम क्षेत्रमा सघन बसोवास भएको यो जाति अर्दाबिलमा केन्द्रित छन्। भर्खरै मारिएका देशका सर्वोच्च नेता अयातोल्लाह अली खामेनी सोही जातिका थिए।

'अजेरी' भनिने अजरबैजानी टर्क जातिपछि धेरै इरानी कुर्दहरू छन्, जसको संख्या ७० लाखदेखि १.४ करोडसम्म रहेको छ। छिमेकी इराकको स्वायत्त कुर्दिस्तानसँग जोडिएका उत्तर-पश्चिमी सीमावर्ती प्रान्तहरूमा यो जातिको बसोवास छ। इराकी कुर्दिस्तानसँग सीमा जोडिएकाले दुई देशका कुर्दहरू सीमाबाट सहज आवतजावत गर्ने गरेको इतिहास छ। यही अवस्थितिलाई हेरेर मोसाद र सिआइएले पनि कुर्दहरूलाई पुथकतावादी आन्दोलन उठाउन उचाल्न खोजेका छन्। यदि इरानी कुर्दहरूले पहिले विभिन्न मार भोगिरहेका इरानी सुरक्षा बलविरुद्ध ठुलो आक्रमण गर्न सके भने सम्भवतः सीमापारिका अन्य कुर्दहरूले पनि तिनलाई थप समर्थन दिन सक्छन्।



> नौ करोड ३० लाख जनसंख्या भएको इरानको आकार झन्डै युरोपको फ्रान्स, जर्मनी र स्पेनबराबर छ। यस्तो विशाल देशलाई अमेरिकाले त पूर्ण रूपमा कब्जा गर्न सक्दैन भने भौगोलिक दृष्टिले सानो इजरायलले नियन्त्रणमा लिन सम्भव छैन। त्यसैले इजरायलका युद्ध सरदारहरूले लामो समयदेखि इरानलाई विभिन्न जातीय राज्यमा विभाजित गर्नुपर्ने पैरवी गर्दै आएका छन्।

फारसी, अजेरी र कुर्दपछि इरानको अर्को प्रमुख जाति बलुच हो, जो प्रायः देशको पूर्वी भागमा बस्छन्। पाकिस्तानको अस्थिर बलुचिस्तान प्रान्तसँग सीमा जोडिएको क्षेत्रमा तिनको बसोवास केन्द्रित छ। त्यस भेगमा अमेरिकाले समेत आतंकवादी समूह भनेको 'जैस अल-अदल'ले लामो समयदेखि इरानी सुरक्षा बलविरुद्ध लड्दै आएको छ। अर्को उल्लेखनीय जाति हो, तेलसम्पन्न पश्चिमी प्रान्त खुजेस्तानमा बस्ने करिब ५०-७० लाख अहवाजी अर। जसरी सुन्नी बहुल साउदी अरबको तेलसम्पन्न पूर्वी प्रान्तमा सियाहरू दयनीय रूपमा उत्पीडित जीवन बिताउँछन्, त्यसै गरी सिया बहुल इरानमा बस्ने यो समूह प्रताडित मानिन्छ।

विभिन्न फरक मातृभाषा भएका यी इरानी अल्पसंख्यक जातिलाई लामो समयदेखि फारसी भाषा प्रयोग गर्न बाध्य पारिएको छ। ती जातिले विभिन्न समयमा इस्लामिक गणतन्त्रका सुरक्षा बलहरूको हिंसात्मक दमन भोगेको इतिहास भेटिन्छ। जस्तो देशको जनसंख्याको ८-१७ प्रतिशत मात्र हिस्सा रहेको कुर्दहरू राजनीतिक कारणले दिइने मृत्युदण्ड वा कैदमा ठुलो हिस्सा ओगट्छन्।

तर, पृथकतावादी अभियान भड्काउने कुरामा अमेरिकाको धेरै खराब ट्र्याक रेकर्ड छ। यो कुरा सन् १९९१ मा 'अपरेसन डिजर्ट स्टर्म'का क्रममा इराकमा मार्स अरब र इराकी कुर्दहरूको विद्रोह उठाउने प्रयासमै देखिइसकेको छ। बारम्बार चाहिँदा त्यस्तो समयलाई उक्साउने र पछि त्यसै त्यागिदिएको अमेरिकाको इतिहास छ। खासमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भर्खरै पनि सिरियाका कुर्दहरूलाई त्यसरी नै अलपत्र छाडिदिएका छन्। ट्रम्पको पहिलो कार्यकालमा अमेरिकाले इस्लामिक स्टेट (आइएस)लाई पराजित गर्न सहयोग लिएको सो जातिलाई अहिले सिरियाका सुन्नी राष्ट्रपति अहमद अलसाराले आक्रमण गरिरहँदा साथ छाडिदियो।

उसो त इजरायल सम्पूर्ण मध्यपूर्वलाई नै बाल्कनीकरण (टुक्राटुक्रा) गर्न चाहन्छ। यसोभए मात्र आफ्नो क्षेत्रीय प्रभुत्वलाई चुनौती दिन सक्ने कुनै शक्ति नबच्ने उसको आकलन छ। तर, इजरायलको त्यस्तो चाहनाले अमेरिका वा बाँकी क्षेत्रको हित गर्छ? ट्रम्पले यस भेगमा अर्का 'कडा नेता' पनि छन् भनेर बिर्सिनुहुँदैन, जो टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान हुन्। कुर्द पृथक्तावादी आन्दोलन दबाउन दसकौँ खर्चिएका एर्दोगानले पुनः त्यस्तो आन्दोलन उठे सैन्यशक्ति प्रयोग गर्न हिचकिचाउँदैनन्। यो कुरा उनले आफ्नै देशका पिकेकेविरुद्ध मात्र होइन, छिमेकी सिरियामा सेना तैनाथ गरेर पुष्टि गरिसकेका छन्।

आफ्नो सीमा जोडिएको इरानमा कुर्द राज्य स्थापनाको सम्भावनालाई टर्कीले कुनै हालतमा स्विकार्ने सम्भावना छैन। त्यस्तो निकायविरुद्ध टर्कीले कुनै कदम चाल्यो भने त्यसपछि इजरायलले के गर्नेछ? इजरायलले टर्कीविरुद्ध युद्ध सुरु गरेका अमेरिका त्यसमा सामेल हुन गाह्रो हुनेछ। किनकि टर्की नेटो सदस्य हो। नेटोको आर्टिकल पाँचले कुनै सदस्यमाथि आक्रमण भए सबैले सघाउनुपर्ने व्यवस्था गरेको छ। यदि टर्कीविरुद्धको आक्रमणको समयमा अमेरिकाले टर्कीलाई नभएर इजरायलाई सघाएमा अमेरिका नेटोबाट बाहिरिनुपर्ने हुन्छ। र, टार्न सकिने त्यस युद्धपछि निम्तिने शरणार्थी संकटको लहरले सम्पूर्ण युरोप प्रभावित हुनेछ।

यी केवल सबैभन्दा अनुमानित समस्या हुन्। यसका अझै धेरै अज्ञात खतरा हुन सक्छन्। खण्डित इरान अत्यधिक अस्थिर हुनेछ। यसले इरानभित्र जातीय सफायाका अतिरिक्त छिमेकमा पनि द्वन्द्व फैलिने सम्भावना छ। नोबेल शान्ति पुरस्कार जित्ने ट्रम्पको उत्कट चाहनाका कारण धेरैले उनले विश्व राजनीतिमा संयमता अपनाउने ठानेका थिए। तर, पछिल्लो समय उनको सल्लाहकार समूहमा बढेको युद्धपक्षधरको संख्याले उनलाई इजरायली प्रधानमन्त्रीलाई सहयोग गर्नुपर्ने अवस्थामा पुऱ्याएको हुनुपर्छ। र, नेतान्याहुको त नीति नै एकपछि अर्को युद्ध सामेल हुनेजस्तो देखिन्छ। उनलाई जति मान्छे मारिए पनि वा जति आर्थिक क्षति भए पनि केही मतलब भएको देखिँदैन।

-प्रोजेक्ट सिन्डिकेटबाट

जलवायु परिवर्तनले बढ्दै छ अन्तरदेशीय बसाइँसराइ



हाम्रो पृथ्वीको तापक्रम तातेसँगै हामीले प्रायः चरम मौसमी घटना अनुभव गरेका छौं। यी घटनामा लामो खडेरी, समुद्री सतहमा वृद्धि, रोगव्याधिको प्रकोप र परिवर्तित जैविक प्रणालीको अनुभव इत्यादि। यी परिवर्तनले अन्नबालीमा विनाश गर्नुको साथै पानीको स्रोत सुकाउँदा मानिसको जीविकामा प्रत्यक्ष प्रभाव पारेको छ। यस्तो परिवर्तनले एक पटक बसोवास गर्नयोग्य क्षेत्रलाई बस्न अयोग्य बनाएको छ।

यी चुनौतीको समाधानमा धेरै व्यक्ति र समुदायसँग आफ्नो घर छोडेर अन्यत्र सुरक्षा खोज्नुको विकल्प छैन। विशाल बहुसंख्यक मानिस आफ्ना देशका सिमानाभित्र रहनेछ। सन् २०५० सम्म आठ करोड ६० लाख अफ्रिकीहरू मौसमी विपत्का कारण आफ्नै देशहरूमा बसाइँ सर्ने अनुमान गरिएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय सुरक्षाको आवश्यकता मनन गर्दै केहीले सिमाना पार गर्नेछन्। र, यसको असर जनसंख्यामा पनि पर्नेछ।

> जलवायु परिवर्तनका कारण धेरै व्यक्ति र समुदायसँग आफ्नो घर छोडेर सुरक्षित क्षेत्रमा जानुको विकल्प छैन। सन् २०५० सम्म ८ करोड ६० लाख अफ्रिकी नागरिक मौसमी विपत्का कारण बसाइँ सर्ने अनुमान गरिएको छ।

तर, चुनौती यो हो कि मौसमका कारण सिमाना पार गर्ने मानिस मुख्य कानुन र सम्झौताअन्तर्गत शरणार्थीका रूपमा दर्ज हुँदैनन्। यो विस्थापन ज्वालामुखी विस्फोट वा बाढीजस्ता अचानक हुने घटनाका कारण हुन सक्छ, जसले जीवनलाई तत्काल खतरा निम्त्याउन सक्छ। अथवा यो विस्थापन मरुभूमीकरण वा बढ्दो समुद्री तहमा घटबढ हुने घटनाका कारण हुन सक्छ, जसले अन्ततः जीवनलाई दिगो बनाउन सक्छ।

यो एक जटिल विषय भएकाले कति मानिसलाई यसले असर गर्छ भन्न कठिन छ। यद्यपि, हामीलाई थाहा छ कि सीमापार बसाइँले प्रत्येक वर्ष हजारौँ मानिसलाई असर गर्छ। उदाहरणका लागि सन् २०२२ मा खडेरी, राजनीतिक असुरक्षा र बढ्दो अस्थिरताले सोमालिया र दक्षिण सुडानबाट कम्तीमा एक लाख ८० हजार शरणार्थीलाई केन्या र इथियोपियाका भागमा जान बाध्य पाऱ्यो।

मौसम परिवर्तन वा प्रकोपका कारण विस्थापित व्यक्तिको संख्या २०५० सम्ममा १२ लाखसम्म पुग्ने अनुमान गरिएको छ। यो तथ्यांक जलवायु परिवर्तन कसरी हुन्छ भन्नेमा पनि निर्भर रहन्छ। शरणार्थीको दर्जाविना मौसमी घटनाका कारण सिमाना पार गर्न बाध्य भएकाहरूले महत्त्वपूर्ण सहयोग प्राप्त गर्न सक्दैनन्। निश्चित देशमा निर्भर हुँदै बाँच्न र काम गर्न पाउने अधिकार, स्वास्थ्य वा शिक्षा सेवामा पहुँच र स्वतन्त्र रूपमा आवतजावत गर्ने अधिकार उनीहरूलाई दिइने सहयोगमा समावेश हुन सक्छ।

म अफ्रिकामा शरण खोज्ने व्यक्ति, शरणार्थी, आप्रवासी र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको कानुनी सुरक्षाको अध्ययन गर्छु। स्पष्ट रूपमा मौसमको झट्काले सीमा पार गर्न बाध्य भएका मानिसहरूलाई प्रस्ट रूपमा समावेश गर्न अन्तर्राष्ट्रिय कानुन र महासन्धिलाई परिमार्जन गरियोस् भन्ने म सुझाब दिन्छु। उनीहरूलाई पूर्णशरणार्थी संरक्षण चाहिन्छ। विभिन्न कानुनले शरणार्थीको आधारभूत मानव अधिकारको सुरक्षा सुनिश्चित गर्छ। 'शरणार्थी कानुन'को मूललाई सन् १९५१ को जेनेभा शरणार्थीसम्बन्धी महासन्धि (संयुक्तराष्ट्र बहुपक्षीय-सन्धि जसले शरणार्थी को हो भन्ने बारेमा परिभाषित गर्दछ) र यसको १९६७ न्युयोर्क प्रोटोकलद्वारा स्थापित गरिएको छ। अफ्रिकाका शरणार्थीलाई सन् १९६९ को अफ्रिकी एकता संगठन (ओएयू) सम्मेलनद्वारा पनि सुरक्षित गरिएको छ।

यी कानुनले तिनीहरूलाई सुरक्षित आश्रय, निष्पक्ष शरण प्रक्रियामा पहुँच र भेदभावबाट सुरक्षा प्रदान गर्दछ। धेरै अफ्रिकी देशका घरेलु कानुनले यी अन्तर्राष्ट्रिय सिद्धान्तलाई पालन गर्ने प्रयास गरेका छन्। उनीहरूलाई सुरक्षा खोज्न र उनीहरूको जीवन पुनर्निर्माण गर्न मद्दत गर्दै यसले शरणार्थीलाई कानुनी सुरक्षा र समर्थन प्रदान गर्दछ।

मैले भर्खरैको अध्ययनमा उल्लेख गरेझैं शरणार्थी महासन्धिमा चुनौती भनेको 'अकाल वा प्राकृतिक प्रकोपको सिकार' भएका मानिसलाई 'दुर्व्यवहारको स्थायी डर' नभएसम्म उनीहरूलाई निषेध गर्ने हो। उदाहरणका लागि सन् १९८३ देखि १९८५ को बिचमा खडेरीका कारण इथियोपियाबाट भागेका मानिसहरूलाई शरणार्थी मानिनेछ किनभने तिनीहरू पनि मेन्गिस्टु हेले मरियमको नेतृत्वमा रहेको सैन्य तानाशाही शासन(डर्ग)को दमनबाट पनि डराए, जसले जानाजानी देशका केही भागमा खाद्य आपूर्तिमा प्रतिबन्ध लगाएका थिए। शरणार्थीलाई सहयोग र संरक्षण गर्न अख्तियार दिइएको संयुक्त राष्ट्रसंघीय एजेन्सी शरणार्थीका लागि संयुक्त राष्ट्र संघीय उच्चायुक्त (युएनएचसिआर)ले शरणार्थी महासन्धिद्वारा प्रदान गरिएको परिभाषा अवलोकन गर्छ, जसरी अन्तर्राष्ट्रिय संस्थाहरू र अन्य सरोकारवालाका लागि संयुक्त राष्ट्रद्वारा सञ्चालित ब्लु प्रिन्ट ग्लोबल कम्प्याक्ट अन रिफ्युजीले अनुगमन गर्छ।

यसको अर्थ वातावरणीय विपत्बाट मात्र जबर्जस्ती विस्थापित भएका मानिसहरू शरणार्थीको दर्जाका लागि योग्य छैनन्, यद्यपि उनीहरू अस्थायी संरक्षणका लागि भने योग्य छन्। अफ्रिकाभित्र शरणार्थीको परिभाषामा सन् १९६९ को अफ्रिकी एकता (ओएक्यु)का लागि शरणार्थी सम्मेलनले प्राकृतिक विपत्बाट विस्थापितलाई वास्तबमै समावेश गरियो वा गरिएन भन्ने बारेमा बहस छ। केही अभ्यासकर्ताहरूले यसलाई समावेश गरिएको बताउँछन्, यद्यपि, यो अडान मानिसले सिर्जित विपत्मा सीमित छ।

जब घरेलु कानुको सवाल आउँछ, अहिलेसम्म प्राकृतिक विपत्तिबाट भागेका मानिसहरूलाई 'शरणार्थी' को मान्यता दिने कुनै अफ्रिकी देश छैन। तर, त्यहाँ केही कदम चालिएका छन्। वातावरणीय विपत्का कारण आफ्नो स्थानबाट भाग्ने मानिसहरूलाई अन्तर्राष्ट्रिय संगठनहरूले बढ्दो रूपमा मान्यता दिएका छन्। उदाहरणका लागि युएनएचसिआरले उनीहरूलाई सुरक्षित गरिनुपर्ने कमजोर वर्गको रूपमा मान्यता दिन्छ। यसले विस्थापनको चालकको रूपमा जलवायु परिवर्तन र प्रकोपको सन्दर्भमा विस्थापित व्यक्तिहरूका लागि संरक्षणलाई सम्बोधन गर्न आवश्यक पर्ने चेतना जगाएको छ। युएनएचसिआरले सीमापार प्रकोप-विस्थापनसँग सम्बन्धित कानुनी खाडललाई सम्बोधन गर्ने काम पनि गरिरहेको छ। तर, अझै धेरै गर्न बाँकी छ।

प्रतिकूल मौसमी घटनाक्रमबाट विस्थापित भएका मानिसहरूलाई बढी सुरक्षा प्रदान गरिनुपर्छ। यसका लागि अन्तर्राष्ट्रिय नियम र राष्ट्रिय कानुमा परिवर्तन आवश्यक हुनेछ। उदाहरणका लागि जलवायु-प्रेरित विस्थापनसम्बन्धी प्रोटोकल १९६९ ओएक्यू महासन्धिमा थपिनुपर्छ ताकि अन्तर्राष्ट्रिय सिमाना पार गर्ने विस्थापित मानिसहरूलाई कानुनी रूपमा समेट्न सकिन्छ।

(कन्भर्सेसनका लागि क्रिस्टियानो डिओर्सीको आलेख डिओर्सी वरिष्ठ अनुसन्धानकर्ता हुन्।)

इतिहासमा आज

मार्च ९



● **सन् १९४५** : अमेरिकी सेनाको वायु सेनाले टोकियोमा बमबारी गऱ्यो, जसले गर्दा सहरको एकचौथाई भाग ध्वस्त भयो र लगभग ८०,००० नागरिकको मृत्यु भयो।

● **सन १७७६** : आदम स्मिथको अर्थशास्त्रसम्बन्धी प्रभावशाली पुस्तक 'द वेल्थ अफ नेसन्स' प्रकाशित।

● **सन् १९१८** : रुसको बोल्सेभिक पार्टी कम्युनिस्ट पार्टी बन्यो।

● **सन् १९५९** : बार्बी डलको बिक्री सुरु। बार्बी डल निर्माता अमेरिकी खेलौना कम्पनी म्याटेलका अनुसार उसले अहिलेसम्म एक अर्बभन्दा धेरै बार्बी डल बिक्री गरिसकेको छ।

● **सन् १९६१** : चेर्नुस्का नामक एउटा कुकुर, गिनी पिग र भ्यागुता लिएर गएको सोभियत रुसको अन्तरिक्षयान स्पुतनिक ९ पृथ्वीको कक्षबाट फर्कियो।

● **सन् १९७५** : इराकले विद्रोही कुर्दविरुद्ध आक्रामक हमला सुरु गऱ्यो।

● **सन् १९७६** : इटलीमा इतिहासकै भयानक केबुलकार दुर्घटना। लट्ठा चुँडिएर केबुलकारहरू ५० मिटर तल जमिनमा बजारिँदा ४३ जनाको मृत्यु भएको थियो भने एक १४ वर्षे किशोरी मात्रै बाँच्न सफल भएकी थिइन्।

नीतीशका छोराको राजनीतिक यात्रा सुरु

बिहार / बिहारका मुख्यमन्त्री तथा जेडियू अध्यक्ष नीतीश कुमारका ५० वर्षीय छोरा निशान्त कुमार औपचारिक रूपमा पार्टीमा सामेल भएका छन्। दुई दशकभन्दा बढी समयसम्म राज्य सरकारको नेतृत्व गरेपछि उनका बुबा राज्यसभामा जाने तयारीमा गरिरहेका वेला निशान्तले आफ्नो राजनीतिक यात्रा सुरु गर्दै छन्। जेडियूको सदस्य बनेपछि निशान्तले पार्टी नेताहरूलाई भने, 'म सक्रिय सदस्यको रूपमा पार्टीको हेरचाह गर्ने प्रयास गर्नेछु। मेरो बुबाले राज्यसभामा जाने निर्णय गर्नुभएको छ। यो उनको व्यक्तिगत निर्णय हो र म यसलाई स्वीकार गर्छु। हामी उनको मार्गदर्शनमा काम गर्नेछौं। म पार्टी र जनताको विश्वासमा खरो उत्रने र संगठनलाई बलियो बनाउने प्रयास गर्नेछु। आफ्ना विकास पहलका कारण बिहारमा सुशासन बाबुको नाममा परिचित ७५ वर्षीय नीतीश कुमारले राज्यसभाको लागि मार्च १६ को चुनाव लड्न मनोनयनपत्र दर्ता गरेका छन् र चाँडै नै मुख्यमन्त्री पद छोड्ने सम्भावना छ।

पेसाले इन्जिनियर निशान्त कुमार मुख्यमन्त्रीका छोरा भए पनि दसकौँसम्म चर्चाबाट टाढा रहे। यो वंश राजनीतिविरुद्ध नीतीश कुमारको अडानसँग मेल खान्छ। उनले आफ्नो छोरालाई राजनीतिमा सामेल हुन अनुमति दिएको बताइएको छ। वरिष्ठ जेडियू नेताहरूले निशान्तको राजनीतिमा प्रवेशलाई स्वागत गरेका छन् र यसले जेडियू कार्यकर्ताहरूको इच्छालाई प्रतिबिम्बित गरेको बताएका छन्। निशान्तको जेडियूमा प्रवेश उनका बुबाले शीर्ष पद छोडेपछि र संसद्को माथिल्लो सदनमा सर्दा भाजपा-जेडियू सरकारमा उपमुख्यमन्त्री नियुक्त हुन सक्ने अनुमानको बिचमा आएको हो। भाजपाले अन्ततः बिहारमा आफ्नो पदबाट मुख्यमन्त्री पाउने तयारीमा छ।

आफ्नो निर्णयको व्याख्या गर्दै नीतीश कुमारले संसद्को दुवै सदन र राज्य-व्यवस्थापिकाको दुवै सदनको सदस्य बन्ने इच्छा लामो समयदेखि रहेको बताएका छन्। उनी पहिले नै लोकसभा सांसद, विधायक र एमएलसी भइसकेका छन्। यो संक्रमणले उनलाई लालु यादव र स्वर्गीय सुशील मोदी, बिहारको राजनीतिक परिदृश्यका ठुला नेताहरू र नीतीश कुमारका साथीहरूले आपत्कालीनविरोधी आन्दोलनको समयमा काँधमा काँध मिलाएर राखेको दुर्लभ रेकर्ड हासिल गर्न मद्दत गर्नेछ।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २५ फागुन ०८२

पाइपलाइनको सट्टा ट्यांकरबाट पेट्रोल ढुवानी गरेको घटनामा अख्तियारले विस्तृत अनुसन्धान गर्ने

अजित अधिकारी / नयाँ पत्रिका

पेट्रोलियम पाइपलाइनको क्षमता उपयोग नगरी मासिक पाँच करोड ढुवानी भाडा खर्चेर एक सय चार ट्यांकरमार्फत पेट्रोल ओसारेको घटनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विस्तृतमा अनुसन्धान गर्ने भएको छ।

आयोग स्रोतका अनुसार प्रारम्भिक अनुसन्धानमा पाइपलाइनमार्फत शून्य लागतमा पेट्रोल ल्याउन पहल गर्नुको सट्टा मासिक पाँच करोड व्ययभार खर्चेर इन्धन आयात गर्नु गलत भएको निष्कर्ष निकालिएको छ। 'शून्य लागतमा इन्धन ढुवानी गर्ने भनेर पाइपलाइन निर्माण गरिएको छ। उक्त पाइपलाइनबाट नियमित रूपले इन्धन ढुवानीमा पनि कुनै समस्या देखिएको छैन,' अख्तियार स्रोतले भन्यो, 'तर, पाइपलाइनबाट इन्धन नल्याएर एक सयभन्दा बढी ट्यांकरमार्फत मासिक पाँच करोड खर्चेर पेट्रोल ढुवानी गर्दा आयल निगमलाई ठुलो आर्थिक भार पर्न गएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। त्यसैले अब विस्तृत अनुसन्धानमा लगेर छानबिन गर्न लागिएको छ।'

स्रोतका अनुसार चाँडै एक अनुसन्धान अधिकृत तोकेर संलग्न अधिकारीलाई बयानमा बोलाउने अख्तियारको तयारी छ। 'फागुन महिनाभरि कुनै न कुनै कारणले लामो समय सार्वजनिक बिदा भयो। त्यसैले यसको फाइल अध्ययन गर्न समय भएन,' स्रोतले भन्यो, 'सोमबार कार्यालय खुलेपछि एकपटक यो विषयमा छलफल गरिनेछ। र, अनुसन्धान प्रक्रिया अघि बढाइनेछ।'

शून्य लागतमा ढुवानी हुनुपर्ने इन्धन मासिक पाँच करोड खर्चेर आयात गर्दा आर्थिक अपचलन भएको अख्तियारको प्रारम्भिक निष्कर्ष, अब अनुसन्धान अधिकृत तोकेर विस्तृत छानबिन गर्न थालियो फाइल अध्ययन



प्रारम्भिक अनुसन्धानका क्रममा अख्तियारले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई समेत छानबिन गरी प्रतिवेदन बुझाउन निर्देशन दिएको थियो। अख्तियारको निर्देशनभन्दा ढिला गरी मन्त्रालयले बुझाएको प्रतिवेदनमा पाइपलाइनको 'ब्याकअप'का लागि ट्यांकर परिचालन गरिएको उल्लेख छ। अख्तियारले सो प्रतिवेदनमा पनि 'खोट' औंल्याएको छ। 'पाइपलाइन भरपर्दो माध्यम हुँदा-हुँदै ट्यांकरलाई ब्याकअपमा राखेको भन्ने निष्कर्षसहितको प्रतिवेदनमा सन्तुष्ट हुनुपर्ने आधार छैन,' स्रोतले भन्यो, 'ब्याकअप नै राख्नुपर्ने भए पेट्रोलको मात्रै किन ? डिजेल र मट्टीतेल आयातका लागि पनि ट्यांकर परिचालन गर्नुपर्ने हो। अर्कातिर ब्याकअप राखिएको भनिएको ट्यांकरबाट नियमित रूपले पेट्रोल ओसारेर ठुलो रकम ढुवानी भाडाबापत खर्च गरिएको छ।'

अनुसन्धान छिटो अघि बढाउन अख्तियार प्रमुख राईको निर्देशन

एक सय चार ट्यांकरमार्फत पेट्रोल ढुवानी गरेर आर्थिक भार बढाएको विषयमा साढे तीन महिनाअघि (मंसिर पहिलो साता)बाटै अनुसन्धान थाले पनि ढिलासुस्ती भएपछि अख्तियार प्रमुख प्रेम राईले चासो दिएका छन्। उनले नै यो विषयमा अनुसन्धान अघि बढाउन तोकआदेश दिएका थिए। 'अनुसन्धान प्रक्रिया सुस्त भएको विषयमा केही समयअघि छलफल भएको थियो। त्यसपछि प्रमुख आयुक्तज्यूले ढिला नगरी छानबिन गर्न निर्देशन दिनुभएको छ,' स्रोतले भन्यो। अख्तियार प्रमुख राई यसअघि आपूर्तिमन्त्री हुँदा आयल निगम सञ्चालक समितिको अध्यक्षसमेत थिए। त्यसैले उनलाई निगमको आर्थिक कारोबारबारे राम्रो जानकारी रहेको स्रोतको भनाइ छ।

वार्षिक ६० करोड खर्च भएको पाएपछि अख्तियार सक्रिय

०८१ असोजदेखि पेट्रोलसमेत आयात गर्न मिल्ने गरी मोतीहारी-अमलेखगन्ज रुटमा पाइपलाइन सञ्चालनमा आएको थियो। सो रुटमा शून्य लागतमा पाइपलाइनबाट इन्धन ढुवानी हुनुपर्ने व्यवस्थाविपरीत आयल निगमको अमलेखगन्ज डिपोले बरौनीदेखि ट्यांकरमार्फत पेट्रोल ढुवानीलाई निरन्तरता दिएर एक वर्षमा ६० करोडभन्दा बढी खर्चेको भेटिएपछि अख्तियार छानबिनका लागि सक्रिय भएको हो। यसरी ट्यांकरधनीलाई भुक्तानी गर्ने ढुवानी भाडाबाट निश्चित रकम निगम कर्मचारीले 'कमिसनबापत' पाउने भएकाले व्यक्तिगत फाइदाका लागि संस्थागत नोक्सानी हुने निर्णय निगम व्यवस्थापले कार्यान्वयन गरेको अख्तियारको बुझाइ छ।

नयाँ सरकारको पर्खाइमा आगामी बजेट तर्जुमा

विगतमा स्रोत समितिबाट सिलिङ प्राप्त हुनासाथ मन्त्रालयगत आकार निर्धारण गरेर बजेट निर्माणलाई तीव्रता दिने अभ्यास थियो, तर यसपटक आगामी आव ०८३/८४ का लागि १८ खर्ब ९० अर्बको बजेट सिलिङ प्राप्त भए पनि मन्त्रालयगत सिलिङ पठाउन नयाँ सरकार कुर्दै अर्थ मन्त्रालय

बहुमतप्राप्त दल राष्ट्रिय स्वतन्त्र पार्टीले सार्वजनिक गरेका वाचापत्रमा महत्त्वाकांक्षी कार्यक्रम समावेश भएकाले यसलाई कार्यान्वयनमा लैजान पनि सिलिङ बढ्न सक्ने अनुमान

पवन तिमिल्सिना / नयाँ पत्रिका

राष्ट्रिय स्रोत अनुमान समितिले अर्थ मन्त्रालयलाई आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटको सिलिङ १८ खर्ब ९० अर्बको दिएको छ। समितिले मन्त्रालयगत सिलिङ निर्धारण गरे पनि तालुक मन्त्रालयहरूमा भने पठाएको छैन। उक्त सिलिङमाथि भर्खरै सम्पन्न निर्वाचनबाट बहुमत ल्याएको दल नेतृत्वको सरकारले लिने निर्णयलाई नै पर्खिरहेको अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन्।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार निर्वाचित सरकारले कस्तो बजेटको अपेक्षा गर्नेछ र स्रोतको योजना ल्याउनेछ, सोहीअनुसार अर्थ मन्त्रालय अघि बढ्नेछ। उनले भने, 'अहिले नै मन्त्रालयगत सिलिङ पठाउने र पछि नयाँ सरकारले त्यसमा फेरबदल गर्न खोज्ने अवस्था आउन नदिन प्रक्रिया अघि बढेको छैन।'

स्रोत समितिले चालू आर्थिक वर्ष ०८२/८३ को विनियोजनभन्दा कम रकम नै सिलिङ तोकिदिएको छ। चालू आवमा १९ खर्ब ६४ अर्ब रुपैयाँको बजेट कार्यान्वयनमा छ। यद्यपि, अर्थ मन्त्रालयले मध्यावधि समीक्षामार्फत १६ खर्ब ८८ अर्ब मात्रै खर्च हुने अनुमान सार्वजनिक गरेको छ। बहुमतप्राप्त दल राष्ट्रिय स्वतन्त्र पार्टीले सार्वजनिक गरेका वाचापत्रमा महत्त्वाकांक्षी कार्यक्रम समावेश भएकाले यसलाई कार्यान्वयनमा लैजान पनि सिलिङ बढ्न सक्ने अनुमान गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनअनुसार योजना आयोगले आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था छ।



यस्ता छन् रास्वपाका आर्थिक एजेन्डा, जसले पाउनेछन् बजेट निर्माणमा प्राथमिकता



सरकार बनाउँदै रास्वपाले वाचापत्रमा आर्थिक सुधारलाई केन्द्रमा राख्दै उत्पादकत्व वृद्धि, नियामक सुधार, लगानीमैत्री वातावरण, 'डिजिटल' अर्थतन्त्र, वित्तीय क्षेत्र सुधारलगायत विषयलाई प्रमुख 'एजेन्डा' बनाएको छ। रास्वपाले आफ्नो वाचापत्रमा आर्थिक प्रगतिमा बाधक रहेका वा असान्दर्भिक करिब दुई दर्जन ऐन खारेज गरिने घोषणा गरिएको छ। झन्झटिला ऐन र तजबिजी प्रक्रियाहरू शृंखलाबद्ध रूपमा खारेज वा सुधार गरेर उत्पादनको लागत घटाउने, व्यावसायिक वातावरण सुधार्ने र आर्थिक वृद्धिका प्राथमिक क्षेत्रहरूमा स्वदेशी एवं प्रवासी लगानी आकर्षित गरिने उल्लेख छ। रास्वपाले नेपाललाई 'सम्मानजनक मध्यम आय भएको मुलुक' बनाउन अर्को पाँच वर्ष औसत आर्थिक वृद्धिदर वार्षिक सात प्रतिशत (स्थिर मूल्यमा) कायम गरेर जग बसाल्ने लक्ष्य राखेको छ। यसका आधारमा पाँचदेखि सात वर्षभित्रै प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलरनजिक पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य लिएको छ। कुन ऐन र नियमावली खारेज वा संशोधन गर्ने भन्ने निर्णयको आधार स्वतन्त्र विश्लेषण, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन २०८१, एवं नेपाल उद्योग परिसंघ र उद्योग वाणिज्य महासंघका सुझाव लिइने पनि उल्लेख छ।

निजी क्षेत्रसँगको उन्नत समझदारीका आधारमा राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करको बोझ घटाइने बताइएको छ। कर कानुन तथा नियमहरू भूतप्रभावी ढंगले नलगाइने र नियोजित कर छली रोकिने उल्लेख छ। मध्यम वर्गीय परिवार र बालबालिकाको उज्ज्वल भविष्यका लागि 'पारिवारिक भार'का आधारमा आयकरको सीमा पुनरावलोकन गर्ने नीति अवलम्बन गरिने जनाइएको छ।

शिक्षा, स्वास्थ्य तथा पालनपोषण खर्चबापत निश्चित रकम करयोग्य आयबाट घटाउन पाउने कानुनी व्यवस्था गर्दै संस्थागत बचत कार्यक्रमलाई प्रश्रय दिइने उल्लेख छ। त्यस्तै, भारतीय रुपैयाँसँग तीन दशकदेखि स्थिर विनिमय दर कायम रहेकामा विशिष्ट अन्तर्राष्ट्रिय प्राज्ञहरूसमेतको सहभागितामा पुनरावलोकन गरिने पनि घोषणापत्रमा उल्लेख छ।

स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि डिजिटल माध्यमबाट सजिलो, द्रुत र निःशुल्क व्यवसाय दर्ताको व्यवस्था मिलाइने जनाइएको छ। राजस्व न्यायाधीकरणको संरचना सुधार गर्दै राजस्व अनुसन्धान विभाग खारेज गरी भ्रष्टाचार नियन्त्रण गर्न चार्टर्ड एकाउन्टेन्टहरूको बाहुल्य रहेको दक्ष पेसागत इकाइ निर्माण गरिने पनि वाचापत्रमा उल्लेख छ। सार्वजनिक आयोजनालाई स्पष्ट उद्देश्य, सुनिश्चित बजेट र समयसीमासहित लक्ष्यकेन्द्रित कार्यशैली (मिसन मोड)मा कार्यान्वयन गरिने र आयोजना सम्पन्न नभएसम्म प्रमुख तथा खटिएका कर्मचारीको सरुवा नगर्ने व्यवस्था गरिने जनाइएको छ।

विगत १२ वर्षदेखि गतिहीन रहेका राष्ट्रिय गौरवका आयोजनालाई आगामी दुई वर्षभित्र अनिवार्य सम्पन्न गर्ने गरी 'नतिजामुखी समयबद्ध कार्ययोजना' लागू गरिने उल्लेख छ। अबको पाँच वर्षमा १० वटा नयाँ विविधीकृत क्षेत्रका आयोजनालाई 'राष्ट्रिय गौरव'को सूचीमा समावेश गरी 'फास्ट ट्र्याक' मोडेलमा अगाडि बढाइने पनि वाचापत्रमा उल्लेख छ।

सहकारी र लघुवित्त क्षेत्रको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी सम्पूर्ण गैरबैंकिङ वित्तीय क्षेत्रलाई नेपाल राष्ट्र बैंकको प्रत्यक्ष र शक्तिशाली सुपरिवेक्षण प्रणालीभित्र ल्याइने उल्लेख छ। त्यस्तै, ५० करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारी र लघुवित्तलाई अनिवार्य रूपमा राष्ट्र बैंकको कडा नियमनमा ल्याइने र साना संस्थाहरूको व्यवस्थित सञ्चालनका लागि एक उच्च अधिकारसम्पन्न 'दोस्रो तहको नियामक' गठन गरिने वाचापत्रमा जनाइएको छ।

कर्जा प्रवाहमा हुने दोहोरोपन र 'ऋणको पासो' अन्त्य गर्न सहकारी र लघुवित्त दुवैलाई 'कर्जा सूचना केन्द्र'सँग जोडी वास्तविक क्षमताका आधारमा मात्र कर्जा प्रवाह सुनिश्चित गरिने नीति रास्वपाले लिएको छ। ब्याजदरलाई आधारदरसँग जोडेर केही प्रतिशत मात्र प्रिमियम लिन पाउने स्वचालित प्रणाली लागू गरी चर्को ब्याज र अनुचित सेवा शुल्कको अन्त्य गरिने बताइएको छ।

सरकार गठन भएको सय दिनभित्र साना बचतकर्ताको खातामा रकम फिर्ता गरिने र बचतकर्ताको कमाइ सुरक्षित गर्न राज्यका तर्फबाट एक 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गरिने उल्लेख छ। 'थुनेर होइन, सुनेर' समाधान गर्ने नीतिअनुरूप बचत फिर्ता गर्न तयार सञ्चालक वा व्यवस्थापन पक्षलाई मिलापत्रका लागि कानुनी बाटो प्रशस्त गरिदिने पनि जनाइएको छ। मिटर ब्याज र अनुचित लेनदेनलाई आर्थिक अपराधका रूपमा परिभाषित गर्दै आगामी पाँच वर्षभित्र यसका सबै जालोहरूलाई कानुनी र संरचनात्मक रूपमा ध्वस्त पारिने उल्लेख छ। विगतमा गरिएका सबै अवैध तमसुक र कपाली तमसुकको न्यायिक छानबिन गरी पीडितको जग्गा र सम्पत्ति फिर्ता गराउन एक अधिकारसम्पन्न 'द्रुत न्याय कार्यदल' गठन गरिने पनि वाचापत्रमार्फत सार्वजनिक गरिएको छ।

पुँजी बजारलाई पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार गर्दै नेप्सेलाई अन्तर्राष्ट्रियस्तरको बनाइने, इन्साइडर ट्रेडिङ र बजार हेरफेरविरुद्ध शून्य सहनशीलताको नीति लागू गरिने उल्लेख छ। पेन्सन फन्ड, बिमा, म्युचुअल फन्डलाई सक्रिय लगानी गर्न प्रोत्साहन गर्दै ऋण बजार र बन्ड बजारको विकास गरिने, गैरआवासीय नेपालीलाई नेप्सेमा कारोबार गर्न सहज नीति बनाइने र वस्तु विनिमय बजार यथाशीघ्र सञ्चालनमा ल्याइने जनाइएको छ।

'सीमारहित अर्थतन्त्र'को अवधारणालाई राष्ट्रिय आर्थिक रणनीतिको केन्द्रमा राखिने र श्रम निर्यातमा निर्भर अर्थतन्त्रलाई सेवा निर्यातमुखी तथा ज्ञान-आधारित अर्थतन्त्रमा रूपान्तरण गर्न डिजिटल रूपान्तरणलाई प्रमुख आधार बनाइने उल्लेख छ।

रास्वपाले निर्वाचनका लागि सार्वजनिक गरेको चुनावी वाचापत्रमा नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने 'रेमिट्यान्स'लाई उछिन्दै सूचना प्रविधि (आइटी) क्षेत्रलाई देशको प्रमुख आर्थिक आधार बनाउने योजना बनाएको छ। आइटी क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गर्ने उल्लेख गर्दै यसलाई देशको सबैभन्दा ठुलो निर्यातजन्य क्षेत्र बनाउने लक्ष्य लिएको छ। सूचना प्रविधि क्षेत्रको निर्यातलाई आगामी १० वर्षमा ३० अर्ब डलर पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य रास्वपाले लिएको छ। यस लक्ष्यलाई साकार पार्न पार्टीले एक स्वायत्त 'आइटी प्रवर्द्धन बोर्ड' गठन गर्ने जनाएको छ। यस क्षेत्रको विकासका लागि विशेष आयकर सहुलियत, वैदेशिक लगानी भित्र्याउन र नाफा स्वदेश फिर्ता लैजान सरल नीति तथा बौद्धिक सम्पत्ति धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ। नेपाललाई 'ग्लोबल टेक हब'का रूपमा विकास गर्न रास्वपाले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गर्ने योजना बनाएको छ। यसबाट प्रत्यक्ष रूपमा पाँच लाख युवालाई रोजगारी सुनिश्चित गर्ने लक्ष्य लिइएको छ।

रास्वपाले नेपाललाई 'डिजिटल-फर्स्ट' राष्ट्रका रूपमा चिनाउँदै सबै आर्थिक कारोबारलाई एकीकृत डिजिटल प्लाटफर्ममा आबद्ध गरी 'क्यासलेस सोसाइटी' निर्माण गर्ने योजना अघि सारेको छ। स्वदेशी स्टार्टअपलाई विश्वव्यापी बजारसँग जोड्न 'अन्तर्राष्ट्रिय पेमेन्ट गेटवे'का कानुनी र प्राविधिक अवरोध तत्काल हटाउने प्रतिबद्धता पनि पार्टीले जनाएको छ।

रास्वपाले नेपाललाई कच्चा विद्युत् मात्र निर्यात गर्ने देशबाट 'कृत्रिम बौद्धिकता' (एआई) र 'कम्प्युटेसन' शक्ति निर्यात गर्ने देशमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ। नेपालको स्वच्छ ऊर्जा, चिसो मौसम र भौगोलिक संरचनालाई डाटा सेन्टर सञ्चालनका लागि उपयुक्त मान्दै जलविद्युत् आयोजनानजिकै उच्च क्षमताका डाटा सेन्टर स्थापना गरिनेछ। यसबाट 'ग्रिन जिपियू कम्प्युटिङ' सेवा एसियालाई निर्यात गर्न सकिने रास्वपाको दाबी छ। यस्तै, एक वर्षभित्र विश्वव्यापी अध्ययनका आधारमा क्रिप्टोकरेन्सीको नियमन र उपभोक्ता संरक्षणबारे स्पष्ट राष्ट्रिय नीति ल्याइने र क्रिप्टो माइनिङको सम्भावनालाई पाइलट प्रोजेक्टका रूपमा अघि बढाइने जनाइएको छ।

पाँचमध्ये चार पूर्वअर्थमन्त्री चुनावमा अस्वीकृत

मिलन विश्वकर्मा / नयाँ पत्रिका

२१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनमा होमिएका पाँच पूर्वअर्थमन्त्रीमध्ये एकजना मात्रै विजयी भएका छन्। बाँकी चारजना भने पराजित भएसँगै संसद् पुग्ने योजनामा ब्रेक लागेको छ।

निर्वाचनमा पूर्वअर्थमन्त्रीहरू एमालेका विष्णु पौडेलले रुपन्देही २, नेकपाबाट वर्षमान पुनले रोल्पा र जनार्दन शर्माले प्रगतिशील लोकतान्त्रिक पार्टीबाट रुकुम पश्चिममा उम्मेदवारी दिएका थिए। त्यस्तै, कांग्रेसबाट डा. प्रकाशशरण महतले नुवाकोट १ र ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरी ४ मा उम्मेदवारी दिएका थिए। पूर्वप्रधानमन्त्री तथा अर्थमन्त्री डा. बाबुराम भट्टराईले प्रगतिशील लोकतान्त्रिक पार्टीबाट गोरखा २ मा मनोनयन दर्ता गरे पनि पछि फिर्ता लिए।

रुपन्देही २ मा पौडेल भारी मतान्तरले पराजित

चुनावी प्रतिस्पर्धामा गएका पाँच पूर्वअर्थमन्त्रीमध्ये रुपन्देही २ मा विष्णु पौडेल पराजित भएका छन्। उनको क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सुलभ खरेल भारी मतान्तरले विजयी भए। खरेलले ५६ हजार पाँच सय ५० मत पाउँदा पौडेलले १२ हजार आठ सय ६१ मत ल्याएर आफूलाई दोस्रो स्थानमा सीमित राखे। यसअघि ०७९ को चुनावमा पौडेल सोही क्षेत्रमा २७ हजार एक सय ६५ मत ल्याएर विजयी भएका थिए। उनका निकटतम प्रतिद्वन्द्वी रास्वपाका गणेश पौडेलले २५ हजार सात सय ८५ ल्याएका थिए।

आफ्नै पार्टी खोलेका जनार्दन शर्मा पराजित

नेकपा (साबिक माओवादी केन्द्र) छाडेर प्रगतिशील लोकत्रान्तिक पार्टी स्थापना गरेका जनार्दन शर्मा रुकुम पश्चिम १ मा पराजित भएका छन्। उनको क्षेत्रमा नेकपाका गोपाल शर्मा २१ हजार ६ सय नौ मतसहित विजयी भए। यसैगरी,





रोल्पामा वर्षमान पुन विजयी

पूर्वअर्थमन्त्री वर्षमान पुन रोल्पामा विजयी भएका छन्। नेकपाबाट रोल्पामा उम्मेदवारी दिएका उनले २७ हजार चार सय ६० मत प्राप्त गरेका छन्। उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका डा. सुदनकुमार वलीले भने १२ हजार आठ मत ल्याए। त्यहाँ रास्वपाका बालराम थापाले १० हजार आठ सय ९४ मत ल्याएर तेस्रो स्थान कायम गरे। ०७९ को चुनावमा पुन सोही क्षेत्रमा भारी मतान्तरले विजयी भएका थिए। अघिल्लो चुनावमा उनले ४१ हजार सात सय १४ मत ल्याएका थिए। उनका निकटतम प्रतिद्वन्द्वी एमालेका पूर्ण बुढामगरले १६ हजार चार सय ८५ मत ल्याएका थिए।

नेपाली कांग्रेसका राजु केसी १६ हजार ६ सय ६१ मत ल्याउँदा शर्माले १४ हजार तीन सय ४६ मत मात्रै पाए। ०७९ को चुनावमा शर्मा माओवादी केन्द्रबाट उक्त क्षेत्रमा ३९ हजार पाँच सय ४९ मतसहित विजयी भएका थिए। उनका निकटतम प्रतिस्पर्धी एमालेका नन्दराम देवकोटाले १२ हजार नौ सय ६१ मत ल्याएका थिए।

सुनसरी ४ मा ज्ञानेन्द्र कार्की पराजित

कांग्रेसबाट सुनसरी ४ मा उम्मेदवार बनेका पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की पनि भारी मतले पराजित भएका छन्। रास्वपाका दीपककुमार साह विजयी भएका छन्। साहले ४२ हजार ७७१ मत ल्याएका छन् भने कार्कीले १६ हजार ८५७ मत ल्याएका छन्। ०७९ को चुनावमा कार्कीले उक्त क्षेत्रमा एक सय १२ मतले मात्रै जितेका थिए। कार्कीले ३० हजार चार सय ८३ मत ल्याएका थिए। उनका निकटतम प्रतिस्पर्धी जगदीशप्रसाद कुसियैतले ३० हजार तीन सय ७१ मत ल्याएका थिए।

नुवाकोटमा डा. महत पनि पराजित

नुवाकोट १ मा डा. प्रकाशशरण महत पनि पराजित भएका छन्। अन्तिम मत परिणामअनुसार डा. महतले १८ हजार ६ सय ११ मत ल्याए। उनलाई पछि पारेका रास्वपाका विक्रम तिमिल्सिनाले २२ हजार ६ सय नौ मत ल्याएर विजयी भए। ०७९ मा उक्त क्षेत्रबाट नेकपा (माओवादी केन्द्र)का हितबहादुर तामाङ २६ हजार पाँच सय ४८ ले विजयी भएका थिए। त्यसवेला कांग्रेससँग गठबन्धन भएको थियो। उनका निकटतम प्रतिस्पर्धी एमालेका बद्री मैनालीले २३ हजार चार सय ६५ मत ल्याएका थिए। डा. महत यसअघि समानुपातिकबाट सांसद बनेका थिए।

अर्थमन्त्रीमा 'सोकेस' गरिएका डा. वाग्ले विजयी



आगामी संसदमा प्रस्ट बहुमत ल्याएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा जाँदै छ। रास्वपाले भावी अर्थमन्त्रीका रूपमा अघि सारेको डा. स्वर्णिम वाग्ले भने तनहुँ १ बाट विजयी भएका छन्। उनी ३८ हजार ४० मतसहित विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका गोविन्द भट्टराईले भने १६ हजार दुई सय ३१ मात्रै मत पाए। यसअघि ०८० वैशाखमा भएको उपनिर्वाचनमा डा. वाग्ले सोही निर्वाचन क्षेत्रबाट निर्वाचित भएका थिए।

सम्भवतः उनी अबको सरकारमा अर्थमन्त्री बन्नेछन्। राष्ट्रिय योजना आयोगको पूर्वउपाध्यक्षसमेत रहेका वाग्ले अर्थविद् हुन्। उनलाई रास्वपाले भावी अर्थमन्त्रीका रूपमा अघि सारेको छ। २१ पुसमा काठमाडौंमा आयोजित पार्टी समायोजन कार्यक्रममा रास्वपा सभापति रवि लामिछानेले 'डा. साब, आउने वर्षको बजेट लेख्न सुरु गर्नुस्। पार्टीका रूपमा हामीले के गर्नुपर्छ, गर्छौं' भन्दै अर्थमन्त्रीका रूपमा अघि सारेका थिए। अहिले रास्वपाले बहुमत ल्याउने पक्का भएको छ भने वाग्ले पनि विजयी भएका छन्। अब उनी नै अर्थमन्त्री हुने देखिएको छ।

राष्ट्र बैंकका दुवै डेपुटी गभर्नर आजबाट अवकाशमा

अझै सुरु भएन नयाँ नियुक्तिको प्रक्रिया

नयाँ पत्रिका


डा. नीलम ढुंगाना


बमबहादुर मिश्र

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय डा. नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्रको कार्यकाल सोमबारदेखि सकिँदै छ। पाँचवर्षे कार्यकाल पूरा गरी अनिवार्य अवकाश हुन लागेका दुवै डेपुटी गभर्नरलाई सोमबार औपचारिक कार्यक्रम गरी बिदा गरिँदै छ। तर, नयाँ डेपुटी गभर्नरको नियुक्ति प्रक्रिया भने अझै अघि बढाइएको छैन।

सरकारले २५ फागुन ०७७ मा तिम्सिना र मिश्रलाई डेपुटी गभर्नरमा नियुक्ति गरेको थियो। राष्ट्र बैंक ऐनले डेपुटी गभर्नरको कार्यकाल पाँच वर्ष तोकेको छ। ऐनको व्यवस्थाअनुसार दुवै डेपुटी गभर्नर सोमबारदेखि अनिवार्य अवकाशमा जाने राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले बताए। 'सोमबार उहाँहरू (तिम्सिना र मिश्र)लाई बिदाइ गर्न औपचारिक कार्यक्रम राखिएको छ, राष्ट्र बैंकको डेपुटी गभर्नर पद रिक्त हुनेछ,' उनले भने, 'रिक्त पदपूर्ति अर्थात् डेपुटी गभर्नर नियुक्तिको प्रक्रियाको विषय भने राष्ट्र बैंकका गभर्नर र नेपाल सरकारलाई थाहा हुने कुरा हो।'

सोमबारदेखि रिक्त हुने डेपुटी गभर्नरका लागि छनोट प्रक्रिया भने थालिएको छैन। हालसम्म डेपुटी गभर्नर नियुक्ति प्रक्रिया सुरु नभएको गभर्नर विश्वनाथ पौडेलले जानकारी दिए। यसबिचमा निर्वाचन आचारसंहिताका कारण सरकारले नियुक्ति प्रक्रिया अघि बढाउन पाएको थिएन। अर्थमन्त्री रामेश्वरप्रसाद खनालले राष्ट्र बैंकमा डेपुटी गभर्नर नियुक्ति प्रक्रिया अघि बढाउन निर्वाचन आयोगसँग परामर्श गरेको भए पनि कार्यान्वयनमा गएनन्। नयाँ सरकारलाई डेपुटी गभर्नरको नियुक्तिको जिम्मेवारी दिने उनले मनस्थिति बनाएको अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन्।

राष्ट्र बैंक ऐनअनुसार कार्यकारी निर्देशकमध्येबाट तीन योग्य व्यक्तिलाई डेपुटी गभर्नरका लागि गभर्नरले सिफारिस गर्ने व्यवस्था छ। गभर्नरको सिफारिस-सूची अर्थ मन्त्रालयले मन्त्रिपरिषद्मा पेस गर्ने र मन्त्रिपरिषद्ले तीनमध्ये दुईजनालाई डेपुटी गभर्नर नियुक्ति गर्ने प्रावधान छ। डेपुटीहरू पछि गभर्नर नियुक्तिको समेत बलियो प्रत्याशी हुने गरेका छन्। त्यसैले डेपुटी गभर्नर नियुक्तिलाई मन्त्रिपरिषद्ले समेत 'चासोपूर्वक' निर्णय गर्ने गरेको छ।

डेपुटी गभर्नरहरू राष्ट्र बैंकको सञ्चालक समिति सदस्य रहने व्यवस्था छ। डेपुटी गभर्नर पदमा नियुक्तिका लागि सिफारिस गर्दा केन्द्रीय बैंकका विशिष्ट श्रेणीका अधिकृतहरूमध्येबाट कार्यक्षमताका आधारमा रिक्त पदको दोब्बर संख्यामा नामावली सिफारिस गर्नुपर्ने ऐनमा व्यवस्था छ। तर, मन्त्रिपरिषद्मा नियुक्तिका लागि तीनजनाको नाम सिफारिस गर्ने अभ्यास छ। राष्ट्र बैंकका कार्यकारी निर्देशकहरू डेपुटी गभर्नरको दौडाहामा छन्।

राष्ट्रिय आर्थिक गणना २०८२ मा चार हजार गणक

आगामी असारसम्म आर्थिक गणना सम्पन्न गर्ने लक्ष्य



नयाँ पत्रिका

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नाराका साथ हुने राष्ट्रिय आर्थिक गणना ०८२ का लागि चार हजार गणक परिचालन हुने भएका छन् । राष्ट्रिय तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी ढुण्डिराज लामिछानेले यसपटकको गणनामा निजी क्षेत्रसँगको सहयोग र सहकार्यमा गरिने तयारी भएको बताएका छन् । देशभरका ७७ जिल्लामा ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी कार्यक्रमलाई करिब चार महिनाभित्र असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको उनले जानकारी दिए ।

यसैको तयारीस्वरूप अहिले जिल्ला आर्थिक गणना अधिकारी तथा सहायक आर्थिक गणना अधिकारीलाई प्रशिक्षण दिने कार्य भइरहेको छ । कार्यक्रमको उद्घाटन गर्दै उनले आर्थिक गणना ०८२ को जिल्लास्तरमा चैतदेखि ०८३ असार मसान्तमा स्थापना हुने ८४ ओटा जिल्ला आर्थिक गणना कार्यालयमा खटिने जिल्ला आर्थिक गणना अधिकारीको नेतृत्वमा स्थलगत तथ्यांक संकलन हुने बताए ।

कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले विश्व प्रतिस्पर्धात्मक अर्थतन्त्रको युगमा तथ्यांक नै सबैभन्दा ठुलो शक्ति भएको बताउँदै विश्वसनीय तथ्यांकविना प्रभावकारी आर्थिक नीति-निर्माण सम्भव नहुने बताए । आर्थिक गणनाले निजी क्षेत्रका सुधार कार्यक्रमलाई सही दिशामा लैजान, लगानीकर्ताको विश्वास अभिवृद्धि गर्न तथा रोजगारी र उत्पादकत्व वृद्धि गर्ने रणनीति निर्माणमा महत्त्वपूर्ण आधार प्रदान गर्ने भएकाले परिसंघले सहकार्य गर्ने उनले बताए ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले आगामी सरकारले पाँच वर्षभित्र ६० खर्बको अर्थतन्त्रलाई १०० खर्बमा पुऱ्याउने लक्ष्य राखेकाले त्यसको आधार तयार गर्न विश्वसनीय तथ्यांक अत्यन्त आवश्यक रहेको बताए । उद्योग-व्यवसायको संरचना, लगानीको प्रवृत्ति, रोजगारीको अवस्था तथा अनौपचारिक क्षेत्रको आकारजस्ता महत्त्वपूर्ण पक्षहरूको यथार्थ चित्रण आर्थिक गणनाबाट मात्र सम्भव हुने उनले बताए ।तथ्यांकले नीति, योजना तथा कार्यक्रमलाई प्रमाणमा आधारित बनाउँदै दीर्घकालीन आर्थिक विकासमा सकारात्मक योगदान पुऱ्याउने उनको भनाइ थियो । त्यस्तै, मुख्यसचिव सुमनराज अर्यालले आर्थिक गणनाले मुलुकको अर्थतन्त्रको वास्तविक अवस्था उजागर गर्ने र विश्वसनीय तथ्यांकविना सुशासन सम्भव नहुने बताए ।

■ चुनावपछि आज सेयर कारोबार खुल्दै

स्थायी सरकार बन्ने पक्का भएसँगै सकारात्मक प्रभाव पर्ने अपेक्षा

रास्वपाको वाचापत्रमा सेयर बजार

नयाँ पत्रिका

चुनाव र सार्वजनिक बिदाका कारण पाँच दिनदेखि बन्द सेयर कारोबार सोमबार खुल्दै छ । पछिल्लोपटक गत मंगलबार अर्थात् १९ फागुनमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) खुला थियो । २१ फागुनमा भएको चुनावका लागि सरकारले २०, २१ र २२ गते सार्वजनिक बिदा दिएको थियो । त्यसपछि २३ गते शनिबार र २४ गते नारी दिवसका कारण सार्वजनिक बिदा भयो । सोही कारण करिब सोमबारदेखि भने नियमित रूपमा सेयर कारोबार खुला हुनेछ । नेप्से बन्द हुनुअघि १९ फागुनमा ३८.५२ अंकले वृद्धि भएर २७१२.४९ अंकमा रहेको छ ।

चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीले स्पष्ट बहुमत ल्याइसकेको छ । योसँगै अब मुलुकले पाँच वर्षसम्मको स्थायी सरकार पाउने आशा गरिएको छ । यसले सेयर बजारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा लगानीकर्ताले गरेका छन् । लगानीकर्ता छोटेलाल रौनियारले आफूहरू आशावादी भए पनि अब बन्ने सरकारले उचित नीति ल्याउनुपर्ने बताए । 'विगतमा सरकार निकै अस्थिर भयो । मुलुकले राजनेता पनि पाएन । तर, अब स्थिर सरकार आउने अवस्था बन्यो । मुलुकले राजनेता पनि पायोजस्तो छ,' उनले भने, 'रास्वपाले बहुमत ल्यायो भने कांग्रेस पनि सुध्रिएको जस्तो देखिन्छ । यसले सेयर बजारमा सकारात्मक प्रभाव पार्छ भन्ने अपेक्षा छ । तर, अब बन्ने सरकारले उचित आर्थिक नीति लिन आवश्यक छ ।'



रास्वपाले चुनावअघि ल्याएको वाचापत्रमा पुँजी बजारलाई प्रोत्साहन गर्ने घोषणा गरेको छ । लगानी संरक्षण गर्ने, नेप्से पुनर्संरचना गर्ने, इनसाइडर ट्रेडिङ र बजार हेरफेरविरुद्ध शून्य सहनशीलताको नीति लागू गर्नेलगायतका नीति घोषणा गरेको छ । यसैगरी, आइपिओ प्रणालीमा आमूल सुधार गरी निष्पक्ष बाँडफाँट, बुक बिल्डिङ सुधार र समयमै सूचीकरण गर्ने व्यवस्था मिलाउने बताएको छ ।

'पुँजी बजारलाई पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार, प्रविधिमैत्री कारोबार प्रणाली तथा लगानीकर्ता संरक्षण संयन्त्र सुदृढ गर्नेछौं । धितोपत्र बोर्डको संरचना पुनर्गठन गर्दै पर्याप्त जनशक्ति, कार्यक्षमता अभिवृद्धि तथा आवश्यक स्वायत्तता दिनेछौं । नेप्से र सिडिएससीको पुनर्संरचना गरी निजी क्षेत्रको सेयर सहभागिता बढाउनेछौं र प्रतिस्पर्धात्मक डिपोजिटरी सेवा विकास गर्नेछौं,' रास्वपाको वाचापत्रमा भनिएको छ, 'पुँजी बजारको तरलता, पारदर्शिता र जोखिम व्यवस्थापन क्षमता अभिवृद्धि गर्न, स्पष्ट कानुनी संरचना र कडा नियमनसहित इन्ट्राडे कारोबार, सर्ट सेलिङ तथा फ्युचर्स, अप्सनलगायत डेरिभेटिभ वित्तीय उपकरणहरू चरणबद्ध रूपमा सुरु गरी नेप्सेलाई अन्तर्राष्ट्रियस्तरको बनाउनेछौं ।' यस्तै, पुँजी बजार कर नीति लगानीमैत्री बनाउने पनि रास्वपाको वाचापत्रमा उल्लेख छ । यसैगरी, गैरआवासीय नेपालीलाई सेयर कारोबार दिने, कमोडेटी मार्केट सञ्चालनमा ल्याउने र पुँजी बजारका उपकरणलाई विविधीकरण गर्ने घोषणा रास्वपाको छ ।

'संस्थागत लगानीकर्ताको विस्तार गर्न पेन्सन फन्ड, बिमा, म्युचुअल फन्ड आदि संस्थाहरूलाई सक्रिय लगानी गर्न प्रोत्साहन र सहजीकरण गर्नेछौं । पुँजी बजार कर नीति स्थिर र लगानीमैत्री हुनेछन् भने ऋण बजार र बन्ड बजारको विकास गर्न सरकारी, स्थानीय तह तथा निजी क्षेत्रका बन्डलाई सक्रिय बनाई पूर्वाधार विकासका लागि इन्फ्रास्ट्रक्चर बन्ड तथा दीर्घकालीन परियोजनामा पुँजी जुटाउने वैकल्पिक साधनको विकास गर्नेछौं,' रास्वपाको वाचापत्रमा भनिएको छ, 'गैरआवासीय नेपालीलाई नेप्सेमा कारोबार गर्न सहज नीति तर्जुमा गर्नेछौं । वस्तु विनिमय बजार यथाशीघ्र सञ्चालनमा ल्याउनेछौं । विभिन्न किसिमका फन्ड, डेरिभेटिभ बजार तथा जोखिम व्यवस्थापन उपकरणहरूको विकास गरी पुँजी बजारलाई आधुनिक र विविधीकृत बनाउनेछौं ।' साना लगानीकर्ताको हित रक्षाका लागि वित्तीय साक्षरता अभियान सञ्चालन गर्ने पनि रास्वपाको वाचा छ ।

पल्सर नेक्स्ट जेन १५० सार्वजनिक



काठमाडौं / नेपालमा लोकप्रिय मोटरसाइकल ब्रान्ड बजाजले पल्सर १५० नयाँ संस्करणमा सार्वजनिक गरेको छ । आधुनिक डिजाइन, उन्नत प्रविधि र उत्कृष्ट कार्यक्षमतासहित आएको नयाँ पल्सर १५० ले नेपाली बजारमा नयाँ उत्साह थप्ने कम्पनीले विश्वास लिएको छ । नयाँ संस्करणको पल्सर १५० मा आकर्षक नयाँ ग्राफिक्स, शक्तिशाली एफआई बिएस ६भी इन्जिन, सिंगल च्यानल एबिएस लिड हेडल्याम्प तथा ब्लुटुथ सपोर्टसहितको फुल डिजिटलजस्ता आधुनिक फिचर समावेश गरिएको छ । यी विशेषताले मोटरसाइकललाई अझ सुरक्षित, स्मार्ट र प्रयोगमैत्री बनाएको कम्पनीको भनाइ छ ।

कम्पनीका अनुसार नयाँ बजाज पल्सर १५० लाई नेपालभरका बजाज अटोका आधिकारिक सोरुममार्फत उपलब्ध गराइएको छ । मोटरसाइकलको प्रारम्भिक मूल्य तीन लाख ५५ हजार नौ सय तोकिएको छ । नेपालमा हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले बजाज मोटरसाइकलको आधिकारिक वितरकका रूपमा सेवा दिँदै आएको छ ।

त्यस्तै, नागरिकताका आधारमै फाइनान्स गर्न सकिने भएकाले, पहिलेझैं घरजग्गाको लालपुर्जा, बिजुली वा पानीको बिल, आयस्रोतको प्रमाणपत्रजस्ता कागजात आवश्यक पर्नेछैन । शून्य सर्भिस चार्ज र सरल किस्ताबन्दीमा बाइक लिन चाहने ग्राहकले पनि अन-द-स्पट फाइनान्स गरेर सजिलै मोटरसाइकल प्राप्त गर्न सक्नेछन् ।

अबको अपेक्षा स्थिर सरकार र समृद्धि : एनबिआई

नयाँ पत्रिका



राष्ट्रिय व्यावसायिक पहल (एनबिआई)ले जननिर्वाचित अबको सरकारले स्थिरता, सुशासन र समृद्धि दिनुपर्ने बताएको छ । सफलतापूर्वक आमनिर्वाचन सम्पन्न भएको भन्दै एनबिआईले जनताको अबको अपेक्षा स्थिर सरकार, सुशासन र समृद्धि भएको जनाएको हो ।

एनबिआईले भर्खरै सम्पन्न निर्वाचनमा स्वतन्त्र पर्यवेक्षकको भूमिका निर्वाह गरेको थियो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको आन्तरिम सरकारले मुलुकभरका एक सय ६५ वटै क्षेत्रमा स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गरेको एनबिआईको ठहर छ ।

'गत भदौमा घटेको जेन-जी आन्दोलनपश्चात् असाधारण परिस्थितिमा गठन भएको अन्तरिम सरकारको नेतृत्वमा सफलतापूर्वक सम्पन्न भएको आमनिर्वाचनप्रति एनबिआई सन्तोष व्यक्त गर्दछ,' एनबिआईको विज्ञप्तिमा उल्लेख छ, 'अब दिगो शान्ति स्थापना, आर्थिक स्थायित्व र समृद्धिका लागि कार्यरत राष्ट्रिय व्यावसायिक पहलले नवनिर्वाचित सरकारबाट भ्रष्टाचार न्यूनीकरण, पारदर्शिता र सुशासनद्वारा मुलुकलाई स्थायित्व र समृद्धितर्फ डोऱ्याउनेछ भन्ने दृढ अपेक्षा राख्छ ।' एनबिआईले नवनिर्वाचित सरकारसँग विभिन्न क्षेत्रमा संवाद एवं सहकार्य गर्नेसमेत जनाएको छ । 'मुलुकको दिगो विकास र समृद्धिका लागि समाज र व्यवसाय एक-अर्कामा निर्भर छन् । सफल समाजविना व्यवसाय सफल बन्न सक्दैन, सफल व्यवसायविना समाज सफल बन्न सक्दैन भन्ने नारासहित एनबिआई क्रियाशील छ,' विज्ञप्तिमा उल्लेख छ, 'एनबिआईले नवनिर्वाचित सरकारसँग भ्रष्टाचार नियन्त्रण, कानुनको शासन, पारदर्शिता, सुशासन र आर्थिक विकासका मुद्दामा रचनात्मक संवाद र सक्रिय सहकार्य गर्दै अघि बढ्ने दृढ प्रतिबद्धता व्यक्त गर्छ ।'

साताको पहिलो दिन सुनचाँदीको मूल्य बढ्यो



काठमाडौं / साताको पहिलो कारोबार दिन सुनको मूल्य तोलामा ३५ सय रुपैयाँले बढेको छ । गत शुक्रबार सुनको मूल्य तोलाको तीन लाख १३ हजार चार सय रुपैयाँ थियो । आइतबार त्यो बढेर तीन लाख १६ हजार नौ सय पुगेको हो ।

अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेपछि नेपालमा पनि मूल्य बढेको नेपाल सुनचाँदी व्यवसायी महासंघले बताएको छ । अन्तर्राष्ट्रिय बजारमा कायम हुने मूल्यका आधारमा महासंघले दैनिक रूपमा यसको मूल्य तोक्दै आएको छ । पछिल्लो समय मध्यपूर्वका देशमा देखिएको द्वन्द्वका कारण सुनचाँदीको मूल्य बढ्दो क्रममा छ । महासंघका अनुसार चाँदीको मूल्य भने ३० रुपैयाँले बढेको छ । गत शुक्रबार चाँदीको मूल्य प्रतितोला पाँच हजार चार सय ४५ थियो । आइतबार त्यो बढेर पाँच हजार पाँच सय ७५ पुगेको महासंघको भनाइ छ ।

मोटरसाइकल हरायो

मिति २०८२/११/२३ गते अन्दाजी २०:३० बजेको समयमा का.जि. का.म.न.पा. बौद्ध-०६ रामहिटीमा पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : हुलास फिन सर्भ हायर पर्चेज लि. (निमा वाङ्छ शेर्पा)
मो.सा.नं.: बा.प्र. ०२-०५८ प ११३९
चेसिस नं.: MD2A13EXX-CSA-82326
इन्जिन नं.: DKX-CSA-17182
सम्पर्क नं.: 9863917846

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको शाखा कार्यालय टोखाबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं	ऋणीको नाम, ठेगाना	व्यक्तिगत जमानतकर्ताको विवरण
१	**१. नाम : राजु पण्डित** ना.प्र.प.न. ३६५७९, जारी मिति २०५०/१२/०४, नुवाकोट बाबुको नाम : कृष्ण बहादुर पण्डित बाजे नाम : दल बहादुर ठेगाना : नुवाकोट जिल्ला, शिखरबेसी. वडा नं. ६, हाल : काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ७,	**१. नाम : अनिता पण्डित** ना.प्र.प.न.:६९६१९/४८५, जारी मिति २०५७/११/१४ नुवाकोट पतिको नाम : राजु पण्डित ससुराको नाम : कृष्ण बहादुर पण्डित ठेगाना : नुवाकोट जिल्ला, दुप्चेश्वर. वडा नं. ७, हाल : काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा. वडा नं.७
	धितोको विवरण	
	राजु पण्डितको नाममा मालपोत कार्यालय टोखा काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, साङला वडा नं. २ स्थित कित्ता नं. ४९१ को क्षेत्रफल २५४.३२ व.मि. भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
२.	**ऋणीको नाम, ठेगाना**	
	नाम : प्रेम बहादुर तामाङ ना.प्र.प.नं. ८९८३/४०७६०, जारी मिति २०५९/१२/१३, काठमाण्डौं बाबुको नाम : काले बहादुर तामाङ, बाजको नाम : आइते तामाङ ठेगाना : काठमाण्डौं जिल्ला, फोर महांकाल वडा नं. ४, हाल : काठमाण्डौं जिल्ला, टोखा न.पा. वडा नं. १	
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण	
	१. नाम : काले तामाङ ना.प्र.प.नं. १२७९/८२१, जि.प्र.का. काठमाण्डौं जारी मिति : २०३९/०४/२९ बाबुको नाम : आइते तामाङ बाजेको नाम : कमान सिं तामाङ ठेगाना : काठमाण्डौं जिल्ला, फोर. वडा नं. ४, हाल : काठमाण्डौं जिल्ला, टोखा न.पा. वडा नं. १,	**२. नाम : जेठी तामाङ** ना.प्र.प.नं. १०८/४९७१, जि.प्र.का. काठमाण्डौं जारी मिति : २०४६/०१/१७ पतिको नाम : काले तामाङ ससुराको नाम : आइते तामाङ ठेगाना : काठमाण्डौं जिल्ला, फोर महांकाल. वडा नं. ४ हाल : काठमाण्डौं जिल्ला, टोखा न.पा. वडा नं. १
	३. नाम : सर्मिला तामाङ्ग ना.प्र.प.नं.२३३४६, जि.प्र.का. ललितपुर, जारी मिति : २०६०/०९/२२ पतिको नाम : प्रेम बहादुर तामाङ, ससुराको नाम : काले बहादुर तामाङ ठेगाना : ललितपुर जिल्ला, बज्रबाराही न.पा वडा नं. ११, हाल : काठमाण्डौं जिल्ला, टोखा न.पा. वडा नं. १	
	धितोको विवरण	
	काले तामाङको नाममा मालपोत कार्यालय टोखा, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, फोर वडा नं. ९ स्थित कित्ता नं. २३५ को क्षेत्रफल १२७.१६ ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९६०३६-१२
शाखा कार्यालयः टोखा फोन नं. ०१-५११०४९०
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं.: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/११/२५)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले बैंकबाट उपभोग गर्नु भएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति	तपशिल	बोलपत्र खोलिने मिति
२०८२/१२/०१		२०८२/१२/०२ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१	**ऋणी : राजधानी इन्फ्राटेक प्रा.लि (आवधिक कर्जा)** दर्ता नं. : २७०१२५/०७८/०७९, ठेगाना : सूर्यबिनायक ९, भक्तपुर **ऋण प्रवाह गर्ने शाखा : न्यूरोड** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. राजु भाई सैजु- जमानीकर्ता** (ना.प्र.नं. ८९६, मिति २०४४/०५/२२ मा जि.प्र.का. भक्तपुरबाट जारी भएको) बाबु : रत्न लाल सैजु, बाजे : हिरा लाल सैजु **२. हरि नारायण प्रसाद सा रौनियार- शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ८३७००७२२, मिति २०३९/११/०२ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : अयोध्या प्रसाद सा रौनियार, बाजे : देउ लाल प्रसाद रौनियार	राजधानी इन्फ्राटेक प्रा.लिको नाममा काभ्रेपलान्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, नासीका स्थान सांगा गा.वि.स./न.पा. वडा नं. ४(क) स्थित कि.नं. १८६८ (३-१२-१-० रोपनी) र कि.नं. १७५८ (०-१२-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बनेपा, काभ्रेपलान्चोक/सम्बन्धीत मालपोत नजिकको शाखा
२.	**ऋणी : निष्ठा अर्गानिक कृषि पशुपन्छी तथा फार्म स्टे प्रा.लि. (विविध कर्जा)**, दर्ता नं. : २४९२४७/०७७/०७८, ठेगाना : पोखरा ३१, कास्की **ऋण प्रवाह गर्ने शाखा : पोखरा** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. साधना अधिकारी-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४६/३१०००/१७६९ मिति २०६३/११/१४ मा जि.प्र.का. कास्कीबाट जारी भएको) पति : प्रमोद वाग्ले, ससुरा : गंगा प्रसाद वाग्ले **२. प्रमोद वाग्ले -जमानीकर्ता** (ना.प्र.नं. ४२३००८/२३३-स्याङ्जा, मिति २०६३/११/११ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : गंगा प्रसाद वाग्ले, बाजे : कुल प्रसाद वाग्ले	१. निष्ठा अर्गानिक कृषि पशुपन्छी तथा फार्म स्टे प्रा.लि.को नाममा तनहुँ जिल्ला मालपोत कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, मनपाङ गा.वि.स./न.पा. वडा नं. ९ (क) स्थित कि.नं. ४११(४-५-२-३ रोपनी) र कि.नं. ४१०(३-१५-२-१ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । २. निष्ठा अर्गानिक कृषि पशुपन्छी तथा फार्म स्टे प्रा.लि.को नाममा तनहुँ जिल्ला मालपोत कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, दुलेगौडा गा.वि.स./न.पा. वडा नं. ८(क) स्थित कि.नं. ३८२(०-७-२-३ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । ३. ऋणीले बैंकको नाममा हाइपोथिकेशन पारित गरिदिएको ऋणीको मालसामान, स्टक मौज्दात (कुखुराको दाना) तथा पशुपंक्षी सम्बन्धी अन्य विविध सामानहरु । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय नयाँ बानेश्वर, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा
३.	**ऋणी : यमक बहादुर बस्नेत (आवास कर्जा),** (ना.प्र.नं. २३२४५, मिति २०५०/१०/१९ मा जि.प्र.का. रामेछापबाट जारी भएको), ठेगाना : किर्तिपुर न.पा. १, काठमाडौं, बाबु : कमल बहादुर बस्नेत, बाजे : आलोक बहादुर बस्नेत, **ऋण प्रवाह गर्ने शाखा : नयाँ बानेश्वर** **व्यक्तिगत जमानीकर्ता :** **अनिता बस्नेत-जमानीकर्ता** (ना.प्र.नं. २११००१/२२३०, मिति २०६४/०६/१३ मा जि.प्र.का. रामेछापबाट जारी भएको) पति : यमक बहादुर बस्नेत, ससुरा : कमल बहादुर बस्नेत	अनिता बस्नेतको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, किर्तिपुर गा.वि.स./न.पा. वडा नं. १६ स्थित कि.नं. ११२ (९५.३७ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय नयाँ बानेश्वर, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा
४.	**ऋणी : रावल हार्डवयर एण्ड अर्डर सप्लायर्स (विविध कर्जा,** प्रा.फ.नं. : १९०८/०७४/०७५, ठेगाना : तातोपानी गा.पा. ३, जुम्ला **ऋण प्रवाह गर्ने शाखा : जुम्ला** **प्रोप्राईटर/संस्थागत जमानत/व्यक्तिगत जमानीकर्ताहरु :** **१. डिल्ली बहादुर रावल-प्रोप्राईटर/ व्यक्तिगत जमानीकर्ता** (ना.प्र.न. ६०१०१४/७१७, मिति २०६६/०४/०२ मा जि.प्र.का.जुम्लाबाट जारी भएको), बाबु : नर बहादुर रावल, बाजे : नैने रावल **२. प्रमिला भण्डारी-व्यक्तिगत जमानीकर्ता** (ना.प्र.न. ६०-८२६, मिति २०६९/०७/२६ मा जि.प्र.का.जुम्लाबाट जारी भएको) पति : डिल्ली बहादुर रावल, ससुरा : नर बहादुर रावल **३. लछ्यालकृति अर्गानिक स्याउ, सिमी उत्पादन तथा बजारीकरण उद्योग- संस्थागत जमानत,** उद्योग दर्ता नं.: ९८२/०७१/०७२ ठेगाना : तातोपानी गा.पा. ३, जुम्ला	१.डिल्ली बहादुर रावलको नाममा जुम्ला जिल्ला मालपोत कार्यालय जुम्लामा दर्ता कायम रहेको तातोपानी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ४८९(५२ व.मि.), कि.नं. ४८१(५० व.मि.), कि.नं. ४९३(२५ व.मि.), कि.नं. १३८८(५४४ व.मि.), कि.नं. ४८०(५० व.मि.), कि.नं. ४३५(१०४ व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । २. लछ्यालकृति अर्गानिक स्याउ, सिमी उत्पादन तथा बजारीकरण उद्योगको नाममा जुम्ला जिल्ला मालपोत कार्यालय जुम्लामा दर्ता कायम रहेको तातोपानी गा.वि.स./न.पा. वडा नं. ९(ग) स्थित कि.नं. २०८(९९१ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय जुम्ला, खलङ्गा/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साबिकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन ।

नोट :
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/-तिरी लिन सकिनेछ ।
ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ ।

सोमबार २५ फागुन ०८२
www.nayapatrikadaily.com
का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७७
नयाँ पत्रिका

भारत तेस्रोपटक टी–२० विश्वकप च्याम्पियन

२५६ रनको लक्ष्य पछ्याएको न्युजिल्यान्ड १९ ओभरमा १५९ रनमा समेटिँदा भारत ९६ रनको फराकिलो अन्तरले विजयी

एजेन्सी

भारतले तेस्रोपटक आइसिसी टी-२० विश्वकप क्रिकेट उपाधि जितेको छ। १०औँ संस्करणको आइतबार अहदमाबाद रंगशालामा भएको फाइनल खेलमा भारतले न्युजिल्यान्डलाई ९६ रनको फराकिलो अन्तरले पराजित गर्दै ट्रफी हात पारेको हो। तीनपटक विश्वकप ट्रफी जित्ने भारत पहिलो राष्ट्र बनेको छ। यसअघि भारत, इंग्ल्यान्ड र वेस्ट इन्डिज समान दुईपटक विश्वविजेता बनेका थिए। भारतले चारमध्ये तीन फाइनल आफ्नो नाममा लेखाउँदै उपाधि हात पारेको हो। सन् २०१६ को विश्वकप फाइनलमा मात्र भारत श्रीलंकासँग पराजित भएको थियो। टी-२० विश्वकप उपाधि रक्षा गर्ने भारत पहिलो राष्ट्र बनेको छ। घरेलु मैदानमा पहिलो ब्याटिङ गरेको भारतले २० ओभरमा पाँच विकेट गुमाएर २५५ रनको विशाल योगफल खडा गरेको थियो। भारत कीर्तिमानी रूपमा एकै विश्वकपमा लगातार तीन खेलमा २५० रनको योगफल कटाउन सफल भयो।

यसअघि सुपर ८ को समूह '१' मा जिम्बावे र सेमिफाइनलमा इंग्ल्यान्डविरुद्धको प्रतिस्पर्धामा भारतले २५० रनभन्दा माथिको योगफल बनाएको हो। टी-२० विश्वकप फाइनलमा पहिलो ब्याटिङ गरेको टोलीले २५० रनमाथिको योगफल खडा गरेको थियो। कीर्तिमानी रूपमा २५६ रनको लक्ष्य पछ्याएको न्युजिल्यान्ड १९ ओभरमा सबै विकेट गुमाएर १५९ रनमा समेटियो। लक्ष्य रक्षा गरेको इनिङ्समा जसप्रीत बुमराहले धारिलो प्रदर्शन गरे। उनले चार ओभरको बलिङमा १५ रन मात्र खर्चेर चार विकेट हात पारे। यसैगरी अक्षर पटेलले तीन ओभरमा २७ रन दिएर तीन विकेट लिए। हार्दिक पान्ड्या, वरुण चक्रबर्ती र अभिषेक शर्माले समान एक विकेट लिए।

टिम र मिचेल मात्र टिके

न्युजिल्यान्डको ब्याटिङमा दुई ब्याट्समान्यानले मात्र भारतविरुद्ध डटेर ब्याटिङ गरेका थिए। ओपनर टिम सेफर्टले २६ बलमा पाँच छक्का र दुई चौका प्रहार गरी सर्वाधिक ५२ रनको योगदान दिए। कप्तान मिचेल साटनरले ३५ बल खेलेर दुई छक्का र तीन चौकाको सहयोगमा ४३ रन जोडेका थिए। इनिङ्सको ८.१ ओभरमा सेफर्टले विकेट गुमाएका थिए। उनी आउट हुँदा न्युजिल्यान्डले ७२/५ को प्रदर्शन गरेको थियो। भारतले भने आवश्यक पर्का वेला विकेट लिँदै न्युजिल्यान्डमाथि दबाब बनाएको थियो। कप्तान मिचेलले १७.३ ओभरमा आफ्नो विकेट गुमाउँदा न्युजिल्यान्ड फराकिलो हारतर्फ उन्मुख भयो।

तीन ब्याट्समान्यानका अर्धशतक

ब्याटिङ पिचमा भारतका ब्याट्समान्यान आक्रामक रूपमा प्रस्तुत भए। ओपनर सन्जु सामसन र अभिषेक शर्माले पहिलो विकेटका लागि ७.१ ओभरमा ९८ रनको साझेदारी गर्दै भारतलाई सानदार सुरुवात दिलाए। दुवैले पावर प्लेमा कीर्तिमानी रूपमा ९२ रन जोडेका थिए। अर्धशतकीय इनिङ खेलेलगत्तै ओपनर अभिषेकले आफ्नो विकेट गुमाए। उनले २१ बलमा ५१ रन जोड्न तीन छक्का र ६ चौका प्रहार गरेका थिए। अभिषेकले केवल १८ बलमा ५० रन बनाए। १० औँ विश्वकपमा कम बलमा अर्धशतक लगाउने उनी अगाडि रहे।

सन्जुले ईशान किसनसँग दोस्रो विकेटक लागि १०५ रनको साझेदारी गर्दै भारतलाई १५.१ ओभरमा २०३/२ को बलियो अवस्थामा पुऱ्याए। भारतले इनिङ्सको १५औँ ओभरमा तीन विकेट गुमाउँदा न्युजिल्यान्डले खेलमा फर्किने प्रयास गरेको थियो। जेम्स निसिमले भारतका मुख्य ब्याट्समान्यान सन्जु, ईशान र सूर्यकुमार यादवको विकेट लिँदा भारत एकैपटक २०३/२ बाट २०४/५ को अवस्थामा पुगेको थियो। सन्जु पुनः एकपटक शतकीय इनिङ्स खेल्न चुके। उनले ४६ बलमा आठ छक्का र पाँच चौकाको सहयोगमा ८९ रन जोडे। ईशानले २५ बलमा समान चार चौका र छक्का प्रहार गरी ५४ रन जोडे। त्यसपछि शिवम दुबेले आठ बलमा तीन चौका र दुई छक्का प्रहार गरी २६ रन जोडे। न्युजिल्यान्डका लागि निसिमले ४६ रन खर्चेर तीन विकेट हात पारे।





● सन्जु सामसन



● जसप्रीत बुमराह

सामसन म्यान अफ दी सिरिज र बुमराह म्यान अफ दी म्याच

१०औँ टी-२० विश्वकपमा तेस्रोपटक विश्व च्याम्पियन बनेको भारतका खेलाडी नै उत्कृष्ट खेलाडी बनेका छन्। लगातार तीन खेलमा भारतको जितमा प्रमुख निर्वाह गरेका ओपनर सन्जु सामसन म्यान अफ दी सिरिज भएका छन्। उनले पाँच खेलमा पाँचैपटक ब्याटिङ गरी ३२१ रन जोडेका थिए। सामसनले जिम्बावेसँगको सुपर ८, इंग्ल्यान्डविरुद्ध सेमिफाइनल तथा न्युजिल्यान्डसँगको उपाधि भिडन्तमा अर्धशकीय योगदान दिएका थिए। विकेटकिपिङका क्रममा उनले तीन क्याच लिएका छन्।

यसैगरी, मुख्य बलर जसप्रीत बुमराह फाइनलका म्यान अफ दी म्याच बनेका छन्। उनले १५ रन खर्चेर चार विकेट हात पारेका थिए। इकोनोमी रनरेटमा बुमराहले भारतकै वरुण चक्रबर्तीलाई पछि पार्दै सर्वाधिक विकेट लिने सूचीको शीर्ष स्थानमाथि कब्जा जमाए। बुमराह र वरुणले समान १४ विकेट लिएका छन्।

आइसिसी टी २० विश्वकप विजेता

सन्	विजेता	उपविजेता
२००७	भारत	पाकिस्तान
२००९	पाकिस्तान	श्रीलंका
२०१०	इंग्ल्यान्ड	अस्ट्रेलिया
२०१२	वेस्ट इन्डिज	श्रीलंका
२०१४	श्रीलंका	भारत
२०१६	वेस्ट इन्डिज	इंग्ल्यान्ड
२०२१	अस्ट्रेलिया	न्युजिल्यान्ड
२०२२	इंग्ल्यान्ड	पाकिस्तान
२०२४	भारत	दक्षिण अफ्रिका
२०२६	भारत	न्युजिल्यान्ड

विश्वकपका १० उच्च योगफल

सन	टोली	स्कोर	विरुद्ध
२००७	श्रीलंका	२६०/६	केन्या
२०२६	भारत	२५६/४	जिम्बावे
२०२६	भारत	२५५/५	न्युजिल्यान्ड
२०२६	वेस्ट इन्डिज	२५४/६	जिम्बावे
२०२६	भारत	२५३/७	इंग्ल्यान्ड
२०२६	आयरल्यान्ड	२३५/७	ओमान
२०१६	इंग्ल्यान्ड	२३०/८	द. अफ्रिका
२०१६	द. अफ्रिका	२२९/४	इंग्ल्यान्ड
२०२६	श्रीलंका	२२५/५	ओमान
२००७	भारत	२१८/४	इंग्ल्यान्ड

१०औँ संस्करणसम्मका फाइनल स्कोर

सन्	विजेता	स्कोर	उपविजेता	स्कोर
२००८	भारत	१५७/५	पाकिस्तान	१५२/१०
२००९	पाकिस्तान	१३९/२	श्रीलंका	१३८/६
२०१०	इंग्ल्यान्ड	१४८/३	अस्ट्रेलिया	१४७/६
२०१२	वेस्ट इन्डिज	१३७/६	श्रीलंका	१०१/१०
२०१४	श्रीलंका	१३४/४	भारत	१३०/४
२०१६	वेस्ट इन्डिज	१६१/६	इंग्ल्यान्ड	१५५/९
२०२१	अस्ट्रेलिया	१७३/२	न्युजिल्यान्ड	१७२/४
२०२२	इंग्ल्यान्ड	१३८/५	पाकिस्तान	१३७/८
२०२४	भारत	१७६/७	द.अफ्रिका	१६९/८
२०२६	भारत	२५५/५	न्युजिल्यान्ड	१५९/१०

१०औँ विश्वकपमा सर्वाधिक रन

खेलाडी	इनिङ्स	रन	शतक	अर्धशतक
सहिबजादा फरहान (पाकिस्तान)	६	३८३	२	२
सेफर्ट (न्युजिल्यान्ड)	८	३२६	०	४
सन्जु सामसन (भारत)	५	३२१	०	३
ईशान किसन (भारत)	९	३१७	०	३
फिन एलेन (न्युजिल्यान्ड)	८	२९८	१	१
बेनेटी (जिम्बावे)	६	२९२	०	३
माक्राम(द. अफ्रिका)	८	२८६	०	३
बेथेल (इंग्ल्यान्ड)	८	२८०	१	१
हेटमेयर (वेस्ट इन्डिज)	७	२४८	०	२
सूर्यकुमार (भारत)	९	२४२	०	१

सर्वाधिक विकेट लिने बलर

बलर	इनिङ	विकेट	ओभर	उत्कृष्ट
जसप्रित बुमराह (भारत)	८	१४	२८	१५/४
वरुण चक्रबर्ती (भारत)	९	१४	३१	७/३
सेड्ली भान (अमेरिका)	४	१३	१४.५	२५/४
मुजाबावनी (जिम्बावे)	६	१३	२३.५	१७/४
आदिल रसिद (इंग्ल्यान्ड)	८	१३	३०.४	३६/४
लुन्गी (द. अफ्रिका)	७	१२	२६	३१/४
रचिन रबिन्द्रा (न्युजिल्यान्ड)	७	१२	१९	२७/४

खेलाडीले लगाए एन्फा मुख्यालयमा ताला

पटक-पटक वार्ता तथा सडक संघर्षका बाबजुद खेलाडीका माग बेस्वास्ता गरेपछि एन्फा मुख्यालयको मूलगेटमा अनिश्चितकालका लागि तालाबन्दी

खेलाडीको मुख्य माग

सहिद स्मारक डिभिजन लिग सञ्चालनको निश्चितता, जसमा 'ए' डिभिजनको मिति तोक्नैपर्ने (एन्फाले वचन दिएको मितिभित्र)

खेलाडी अक्षय कोषको विस्तृत विवरण (गत वर्ष एकै प्रतियोगिताबाट जम्मा हुनुपर्ने ६५ लाखसहित)

खेलाडीको तलब-भत्ता तथा पुरस्कार रकम उपलब्ध गराउनुपर्ने (सन् २०१७ देखिको पुरस्कार तथा नियमित तलब-भत्ता), जुन हालको कार्यसमिति बैठकबाट पनि पास गरिएको थियो



तालाबन्दीपछि एन्फाको मुख्य गेटअगाडि धर्ना दिँदै खेलाडी। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीले नेपाली फुटबलको सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ (एन्फा)को मुख्यालयमा ताला लगाएका छन्। सातदोबाटोस्थित एन्फा मुख्यालयमा आइतबार धर्ना बसेर खेलाडीहरूले अनिश्चितकालीन तालाबन्दी गरेका छन्। आफ्ना माग पूरा नगरेको, पटक-पटक भएका छलफलअनुसार काम नगरेको र सडक संघर्षलाई समेत बेवास्ता गरेको आरोप खेलाडी संघले लगाएको छ। आफ्ना जायज माग पूरा गराउन बाध्य भएर एन्फा मुख्यालयमै ताला लगाउनुपरेको अध्यक्ष विक्रम लामाले बताए।

ताला लगाउन काठमाडौंमा चलिरहेको राष्ट्रिय लिग फुटबल प्रतियोगितामा सहभागी खेलाडी नै सहभागी भएका छन्। एन्फा कार्यालयभित्र प्रवेश गर्ने मुख्य ढोकामा ताला लगाएपछि खेलाडीले तीनबुँदे माग राखेका छन्। खेलाडीहरूले भित्र रहेका कर्मचारीलाई निकाल्दै ताला लगाएका हुन्। त्यसअघि वार्ता गर्न प्रशिक्षक संघका अध्यक्ष राजेन्द्र तामाङ, महासचिव राजेश शाही र सचिव उर्जन श्रेष्ठलगायत मध्यस्थकर्ता आएका थिए।

स्वार्थमा रहेको प्रशिक्षक संघसँग नभएर नेतृत्वसँगै वार्ता गर्ने र नेतृत्व नै मुख्यालयमा आउनुपर्ने माग खेलाडी संघले राखेको छ। केही समय एन्फापरिसरभित्र वादविवाद पनि भयो। ताला लगाउनुअघि खेलाडीको एक समूह अध्यक्ष पंकजविक्रम नेम्वाङको कार्यकक्षमा प्रवेश गरेको थियो। मुख्यालयभित्र अध्यक्ष नेम्वाङ र महासचिव किरण राई नदेखेपछि ताला लगाइको हो। 'पटक-पटक वार्ता र सडक संघर्षका बाबजुद पनि जायज माग बेवास्ता गरेका कारण एन्फा मुख्यालयमा तालाबन्दी गर्ने निर्णय गरेका छौं,' खेलाडी संघका अध्यक्ष लामाले भने, 'मागहरूको उचित कार्यान्वयन नहुँदै सहमति नगरी ताला खोलेमा भविष्यमा आउने सम्पूर्ण क्षतिको जिम्मेवारी एन्फाले नै लिनुपर्नेछ।'

एन्फाका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पाले खेलाडीले ताला लगाउनु चिन्ताजनक भएको बताए। 'खेलाडी नेपाली फुटबलका मेरुदण्ड हुन्। उनीहरूको जायज मागलाई बेवास्ता गर्दै जाने हो भने त्यसले समग्र फुटबल क्षेत्रलाई नै नकारात्मक असर पार्नेछ,' शेर्पा भने, 'वर्तमान एन्फा नेतृत्वलाई खेलाडीको जायज मागलाई यथाशीघ्र सम्बोधन गर्न आग्रह गर्दछु।' ताला लगाउने खेलाडीमा देशलाई १३औँ दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक जिताएका कप्तान लामासँगै गोलरक्षक विकेश कुथू, पूर्वकप्तान विराज महर्जन, विशाल श्रेष्ठ, वर्तमान टिमका रोहित चन्द, सनिस श्रेष्ठ, रूपेश केसी, देवेन्द्र तामाङलगायत ४० भन्दा धेरै खेलाडीको उपस्थिति थियो।

एन्फाले बेवास्ता गरेपछि ताला लगायौँ

● **विक्रम लामा**, अध्यक्ष, खेलाडी संघ



पटक-पटक वार्ता र सडक संघर्षका बाबजुद पनि जायज माग बेवास्ता गरेका कारण आजदेखि हाम्रा माग पूरा नगरेसम्म एन्फा मुख्यालयमा तालाबन्दी गर्ने निर्णय गरेका छौं। हाम्रो माग पूरा नहुँदै सहमतिविना ताला खोलेमा आइपर्ने सम्पूर्ण क्षतिको जिम्मेवारी स्वयं एन्फाले नै लिनुपर्नेछ।

खेलाडीले तालाबन्दी गर्नु चिन्ताजनक

● **कर्माछिरिङ शेर्पा**, पूर्वअध्यक्ष, एन्फा



खेलाडीले एन्फा मुख्यालयमा तालाबन्दी गर्दै धर्नामा बस्नुपर्ने अवस्था सिर्जना भएको घटनालाई अत्यन्त गम्भीरतापूर्वक लिएको छु। यो अवस्था नेपाली फुटबलका लागि चिन्ताजनक हो। वर्तमान नेतृत्वले समयमै खेल गतिविधि सञ्चालन गर्न सकेको छैन। वर्तमान नेतृत्व अक्षम भएको छ। नैतिकता छ भने मार्गप्रशस्त गरे हुन्छ। फिफा र एएफसीको धाकधम्की दिने प्रवृत्तिले कदापि हित हुन सक्दैन।

डिएसपीको नेतृत्वमा प्रहरी परिचालन

खेलाडीले ताला लगाउने संकेत पाएपछि एन्फा नेतृत्वले प्रहरी अतिरिक्त महानिरीक्षक (डिएसपी)को नेतृत्वमा प्रहरी नै परिचालन गरेको थियो। उनीहरूले खेलाडीलाई मुख्यालयबाट निकाल्न खोजेका थिए, तर खेलाडी मुख्य गेटमै धर्नामा थिए। समाधानका लागि भन्दै एन्फा उपाध्यक्ष दावा लामा, सदस्य विकासनारायण श्रेष्ठ, पुरुषोत्तम थापालगायत एन्फापरिसरमा आएका थिए। तर, अन्तिमसम्म पनि खेलाडीले ताला खोलेनन्।

यसअघि एन्फाका पूर्वअध्यक्ष गणेश थापाले पनि एन्फाभित्र देखिएको भ्रष्टाचारविरुद्ध २५ फागुनमा आन्दोलन गर्ने घोषणा गरेका थिए। तर, अघिल्लो दिन (आइतबार) खेलाडी संघले आन्दोलन गर्ने जानकारी पाएपछि उनले तत्कालैलाई आफ्नो कार्यक्रम रोकेका छन्। पछिल्लोपटक एन्फाले १३ चैतमा चुनावी साधारणसभा गर्ने निर्णय गरेको छ। प्रदेश र जिल्लाको निर्वाचन नगरी वर्तमान कार्यसमिति नै पुनः दोहोरिने देखिएपछि चारैतर्फबाट विरोध हुन थालेको छ। यही कार्यसमितिले नेपाली फुटबललाई ध्वस्त बनाएको आरोप लाग्दै आएको छ।

लालीगुराँस र संकटाले बाँडे अंक

काठमाडौं/ कास्कीको लालीगुराँस एसोसिएसन र काठमाडौंको संकटा क्लबले राष्ट्रिय लिग फुटबलमा बराबरी खेल्दै अंक बाँडेका छन्। त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा आइतबार भएको खेलमा लालीगुराँस र संकटाले गोलरहित बराबरीमा चित्त बुझाएका हुन्।

राष्ट्रिय लिगमा अपराजित लालीगुराँसको यो चौथो बराबरी हो। नौ खेलबाट १९ अंक जोडेको लालीगुराँस अंक तालिकाको तेस्रो स्थानमा उक्लेको छ। मच्छिन्द्र एफसी समान अंक भए पनि गोलअन्तरमा लालीगुराँस अघि रहेको छ। मच्छिन्द्र एफसीले जोनाथन कान्टिलानाको दुई गोलको मद्दतमा जावलाखेल युथ क्लबलाई २-० ले पराजित गरेको छ। जितपछि मच्छिन्द्रले आठ खेलबाट १९ अंक बनायो।



गोलअन्तरमा मच्छिन्द्र तेस्रो स्थानमा छ। समान खेलबाट अपराजित रहँदै २० अंक जोडेको विभागीय टोली एपिएफ शीर्ष स्थानमा छ। पाँचौं हार सामना गरेको जावलाखेल आठ खेलबाट ९ अंकसहित आठौं स्थानमै यथावत् छ। दशरथ रंगशालमा भएको खेलमा जोनाथनले मच्छिन्द्रका लागि दुवै हाफमा एक-एक गोल गरे। जोनाथनले ३३औं मिनेट र ९०औं मिनेटमा पेनाल्टीमा गोल गर्दै जित पक्का गरेका थिए।

सिटी र चेल्सी एफए कपको क्वार्टरफाइनलमा

एजेन्सी

म्यानचेस्टर सिटी र चेल्सी एफए कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा पुगेका छन्। सिटीले न्यु क्यासल युनाइटेडलाई ३-१ ले पाखा लगाउँदै अन्तिम आठको स्थान रक्षा गरेको हो। चेल्सीले संघर्षपूर्ण खेलमा वेस्टह्यामलाई ४-२ ले पराजित गर्दै क्वार्टरफाइनल स्थान सुरक्षित गरेको हो। गत महिना लिग कपको सेमिफाइनलमा पनि न्युक्यासललाई हराएको सिटीले शनिबार न्युकासललाई निराश बनायो। एक गोलले पछि परेको अवस्थाबाट सिटीले पुनरागमन जित निकालेको हो। १८औं मिनेटमा न्युकासलले अग्रता लियो। हार्भे बान्सले सान्द्रो टोनालीको पासमा न्युकासललाई १-० को अग्रता दिलाए।

खेलको ३९औं मिनेटमा सिटीले खेल बराबरी गऱ्यो। जेरिमी डोकुको क्रसमा साबिन्होले सिटीलाई १-१ को बराबरी गोल गरेका हुन्। दोस्रो हाफ सुरु भएको दुई मिनेटमै सिटीले अग्रता लियो। म्याथियस नुनेसको कटब्याकमा डिबक्सभित्र मर्मुसले २-१ को अग्रता दिलाए। खेलको ६५औं मर्मुसले पेनाल्टी क्षेत्रबाहिरबाट अर्को उत्कृष्ट गोल गरे। उनको गोलसँगै सातपटकको विजेता सिटीले अन्तिम आठमा स्थान पक्का गरेको हो।





चेल्सी अन्तिम आठमा

वेस्टह्यामले चेल्सीलाई निर्धारित ९० मिनेटसम्म २-२ को बराबरीमा रोकेको थियो। खेलको १७औं मिनेटमा साम स्मिथले वेस्टह्यामलाई १-० को अग्रता दिलाए। मध्यान्तरअघि नै चेल्सीले १-१ बराबरी गऱ्यो। अलेजान्द्रो गार्नाचोको सकीट प्रहार गोलरक्षक आर्थर ओकोन्क्वोला रोक्न नसक्दा चेल्सी बराबरीमा फर्किएको हो। खेलको ७८औं मिनेटमा क्यालम डोयलले वेस्टह्यामलाई २-१ को अग्रता दिलाए। खेलको ८२औं मिनेटमा जोस अचेआम्पोङले चेल्सीलाई २-२ को बराबरीमा ल्याए। अतिरिक्त समयमा अलेजान्द्रो गार्नाचो र जोआओ पेड्रोले गोल गरेपछि चेल्सीले ४-२ को जित निकाल्यो।

आर्सनल अन्तिम आठमा

आर्सनल एफए कपको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। आर्सनलले म्यान्सफिल्ड टाउनलाई २-१ ले पराजित गर्दै अन्तिम आठमा यात्रा तय गरेको हो। आर्सनलका लागि पहिलो गोल नोनी मादुएकेले ४१औं मिनेटमा १-० को अग्रता दिलाए। खेलको ५१औं मिनेटमा म्यान्सफिल्डले खेल बराबरीमा ल्याएको थियो। विल इभान्सले आर्सनलका डिफेन्डरलाई झुक्याएर १-१ का लागि गोल गरेका हुन्। खेलको ६६औं मिनेटमा एबेरेची एजेले आर्सनललाई २-१ को अग्रता दिलाए।

बार्सिलोनाको ४ अंकको अग्रता

यामिन यमालको एक मात्र गोलको सहयोगमा स्पेनिस ला लिगामा बार्सिलोनाले शनिबार राति एथ्लेटिकलाई १-० ले पराजित गरेको छ। बार्सिलोनाले २७ खेलबाट ६७ अंक जोडेको छ। बार्सिलोनाले शीर्ष स्थानमा ४ अंकको अग्रता बनायो। दोस्रो स्थानको रियल म्याड्रिडको ६३ अंक छ। १८ वर्षीय यामिनले ६८औं मिनेटमा पेड्रीको पासमा गोल गरेका थिए। म्याड्रिडले शुक्रबार राति सेल्टाभिगोलाई हराउँदै बार्सिलोनासँगको अंक दूरी १ अंकमा झारेको थियो। एथ्लेटिक ३५ अंकसहित नवौं स्थानमा छ। यामलको यो सिजनकै १९औं गोल हो। गत साता उनले भिल्लारियालविरुद्ध करिअरकै पहिलो ह्यात्रिक गरेका थिए। पहिलो हाफमा बार्सिलोनाले पनि केही अवसर बनायो। फेरान टोरेसको प्रहार पोस्टमा लाग्यो। मार्कस रासफोर्डको प्रहारलाई गोलरक्षक सिमोनले रोके।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com